ISSN 2091-1769

शब्द संयोजन

वर्ष २३, अङ्क ८, पूर्णाङ्क २७१, २०८४ मङ्सिर



मूल्य रु. ४०/-

शुभारम्भ



डा. रमेश शुभेच्छु

खगेन्द्र दाहाल (२०३८) मोरङद्वारा लिखित शोककाव्य 'नरमाया' मातृवियोगमा लेखिएको काव्य हो। यहाँ काव्यकारकी आमा मात्र छैनन्। ती आमाका चरित्रमा आम नेपाली आमाका चरित्र आरोप भएका छन्। पहिलेको ग्रामीण परिवेश र अहिलेको सहरोन्मुख ग्रामीण र आंशिक सहरिया परिवेशसम्मलाई काव्यमा समेटिएको छ। ग्रामीण परिवेशको संस्कृति र समाजको चित्रणसँगै त्यसको नाटकीय प्रस्तुति संयोजित छ। यो काव्य पढ्ननसक्ने सोझा आमा-दिदीले पनि कुनै काव्यवाचन गर्नसक्ने व्यक्तिबाट सुने भने 'मेराजस्तै दुःख गर्ने मान्छे रहिछन् ती नरमाया' भनेर नाटक वा चलचित्र हेर्दाजस्तै अनुभव गर्नसक्छन् र काव्यकारका निजात्मक शोकजन्य अनुभूतिका भावक बन्नसक्छन्। यस अर्थमा यो काव्य पठनीय बनेको छ। शोककाव्यको एउटा प्रमुख पक्ष स्मृतितत्त्व हो। यो काव्यले लघुकायाभित्रै पनि प्रशस्तै स्मृतितत्त्व संयोजन गर्नसकेको छ। यहाँ दुःखसुख गरेर मकै, कोदोको ढिँडो बनाएर सन्तान र परिवारको पेट भर्ने आमआमाहरूको चरित्र एउटै चरित्रनायिका नरमायामा आरोप भएको पढ्न पाइन्छ। यहाँ सन्तानका लागि भोकै नाङ्गै बस्नसक्ने आमाको चरित्र उजागर भएको छ त्यसैले यो काव्य विशेष छ। शोकाकाव्यको अर्को प्रमुख पक्ष काव्यनायक वा नायिकाको गुण गरिमाको प्रस्तुति हो। लघुआकारमै रहेर पनि कम ऋणात्मक र बढी धनात्मक सामर्थ्यसाथ काव्यरचना गर्नसकेकामा काव्यकार दाहाललाई हार्दिक बधाइ।

- डा. रमेश शुभेच्छु (साहित्यकार खगेन्द्र दाहालको 'नरमाया' शोककाव्यमा समाविष्ट भूमिकाबाट साभार)

❖ सम्पादकीय

सुशासनको आवरणमा हास्यास्पद नौटङ्की !

सुशासन र भ्रष्टाचारमुक्त प्रशासन देशको आवश्यकता हो, देशवासीको माग हो । सुशासन सिद्धान्त होइन, नाराबाजी होइन, भाषण होइन तर विधिको प्रभावकारी कार्यान्वयन चाहिँ हो । सुशासन हावादारी गफ गर्ने कुरा पनि होइन र डिङ हाँक्ने कुरा पनि होइन । मुलुकमा विद्यमान रहेका ऐन, कानुन, नियम, विधि, प्रचलन, परम्परा आदिको प्रभावकारी कार्यान्वयनका माध्यमबाट वा रूपान्तरण गर्नुपर्ने आवश्यकता बोध हुँदा विद्यमान व्यवस्थामा आवश्यकतानुसारको परिमार्जन गरेर, यथोचित र वस्तुपरक मूल्याङ्कन गर्ने परिपाटी बसाएर अनि दण्ड र पुरस्कारको व्यवस्थालाई अत्यन्त प्रभावकारी बनाएर मात्र सुशासन कायम गर्नसकिन्छ। अब्बल सुशासन कायम गर्नसकियो भने भ्रष्टाचारको न्यूनीकरण पनि हुँदै जान्छ, हुन्छ । सुशासन आचरणसँग पनि जोडिएको कुरा हो । शासनव्यवस्थामा रहनेहरूको शुद्ध आचारणले सुशासन कायम गर्ने कुरामा अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। नेपाली समाजमा हजारौँ वर्ष पहिलेदेखि नै हुर्किएको 'आफू भलो त जगत् भलो' भन्ने उखानको अर्थ पनि यही नै हो।

निरङ्कुश शासनव्यवस्थाको समाप्तिपश्चात् नेपाली राजनीतिमा बोली र व्यवहारको तालमेल मिल्नसकेको पाइएन ! सिद्धान्तका कुरा बढी गर्ने, आदर्शको फलाको हाल्ने तर शासनसत्तामा रहेकाहरूको आचरण चाहिँ आफ्नै बोलीसँग कहिल्यै पनि तालममेल नै नहुने समस्याका कारण नै होला सायद सुशासन पहिलो प्रथमिकतामा परेकै देखिएन ! निर्वाचनका वेलामा मात्र जनता, सुशासन, भ्रष्टाचारमुक्त प्रशासन र विकासका कुरा आउने मात्र होइन आकाशकै तारा झार्दिन्छौँ सम्म पनि भन्न भ्याउने त्यसपछि भने बोलीको कार्यान्वयनतर्फ लाग्नुको सट्टा भाषण, हावादारी गफ, आदर्शका कुरा, आसेपासेवाद, नातावादले प्राथमिकता पाउने अनि भ्रष्टाचार पटक्कै नगर्ने पनि र गर्न पनि नदिने रटान चैँ जहिल्यै पनि लगाइरहने तर भ्रष्टाचारको आहालमा आफू मात्र होइन आफूवरपरका समेत डुब्ने प्रवृत्ति 'फोहोरमा मौलाएको मुला मौलाएझैँ' मौलाएका कारण वास्तविक सुशासन चाहिँ 'आकाशको फल आँखा तरी मर' भनेझैँ भइरह्यो ! वास्तवमै यो मुलुकका लागि विडम्बना पनि बनिदियो।

निरङ्कुशताविरुद्धका आन्दोलन, बलिदान आदिमा राजनीतिक नेतृत्वलाई विश्वास गरी बलिदान भइदिने जनताका अपेक्षा निरन्तर ठुकरिएका, विकासले गति लिननसकेको, भएको थोरै बजेट पनि खर्च नै हुननसक्ने, बेरोजगारी मौलाएको, युवापलायन उत्कर्षमा पुग्दा देश नै वृद्धाश्रम भइरहेको, जनताको जीवनस्तर दिनानुदिन कष्टकर भइरहेकोजस्ता यथार्थपरक समस्यामा नेपाली राजनीतिले चासो नराखेका कारण जनतामा चरम निराशा पैदा हुनु स्वभाविक थियो। जनताको निराशालाई विस्फोटका तहमा पुर्‍याउन भित्रभित्रै स्वार्थसमूह लागिरहेका, युवालाई भड्काउने वा उकास्ने काम भइरहेको अनि त्यसको केही न केही सुइँको पाउनेहरूले नपत्याएका वा बेवास्ता गरेका पनि कारणले मुलुकले अत्यन्तै अमानवीय, क्रूर, अराजनीतिक

एवम् ध्वंसकारी कथित जेनजी आन्दोलन व्यहोर्नुपर्‍यो ! आफ्नै नागरिकले आफ्नै मुलुक दनदनी बालेको, ध्वस्त पारेको दुर्दान्त नियति मात्र मुलुकले भोगेन, देश जल्दा, सम्पदा जल्दा, भौतिक सम्पत्ति जल्दा, नागरिकका सम्पत्ति जल्दा खुसी मनाउने, नाच्ने, उफ्रिने मानवीय संवेदनारहित जत्था पनि देखियो, भोगियो !

नागरिकको असन्तुष्टि कसरी आफ्नै मुलुकका विरुद्धमा प्रकटीकरण हुँदो रहेछ भन्ने वीभत्स र ज्वलन्त दृष्टान्त थियो जेनजी आन्दोलन । शासनसत्तामा रहने मान्छेले सिक्नुपर्ने गतिलो पाठ र शिक्षा पनि थियो त्यो आन्दोलन । तर हाम्रो मुलुकमा सत्तामा पुग्नेहरूका लागि त 'खोला तर्‍यो लौरो बिर्स्यो' भन्ने उखान नै सबै सबैका लागि चरितार्थ हुँदो रहेछ ! हिजोलाई धारेहात लगाएर सरापेर सत्तामा पुग्नेहरू फेरि पनि त्यही हिजोकै पुनरावृत्ति गर्दा रहेछन् ! जेनजीको आन्दोलनका माध्यमबाट सत्तामा पुगेकाहरूले पक्कै पनि आफूले बोलेका कुरामा ध्यान देलान्, देश र जनताको हितमा बाहेक कार्यसम्पादन नगर्लान्, स्वार्थ र आसेपासेवादको गन्ध कतै नआउला, पारदर्शी शासन होला भन्ने जनताले राखेको अपेक्षा त आखिर मृगतृष्णा मात्र साबित पो भइदियो !

आफूलाई सर्वज्ञ र जानिफकार ठान्नेहरूका एउटै मन्त्रीले उनन्चालिस जना आसोपासेलाई सल्लाहकार नियुक्त गरेकोसम्मका समाचार आए ! खर्चकटौती र सुशासनको योभन्दा राम्रो नमुना के होला र ! हिजोकाले लुटे, खाए, नातावादक्रिपावाद हुर्काए भन्नेहरूको यो उदाहरणीय तमासाले सुशासनको नारालाई नराम्ररी गिज्याएको अनुभूति भइरहयो ! जेनजी आन्दोलनका माध्यमबाट स्थापित सरकारले असी बर्से वृद्धलाई कुनै संस्थानको प्रमुखमा नियुक्ति दिएको अनि सत्तरी वर्षमाथिका धेरैले मन्त्रीदेखि विभिन्न पदमा अवसर पाएका दृष्टान्तले त झन् जेनजी आन्दोलनलाई नै जिस्क्याइरहे ! विचरा मर्नेहरू ! जनताको मतका आधारमा बनेको सरकार जनतासँग संवाद गर्दैन ! आफूलाई सर्वोच्च पदमा पुर्‍याउने निकायमा उपस्थित नै हुँदैन, कोही कसैका कुनै पनि प्रश्नको उत्तर दिनु आवश्यक नै ठान्दैन र सुशासन बिदाको दिन पारेर फेसबुकमा स्टन्टका रूपमा अभिव्यक्त हुन्छ अनि सरकारी सञ्चार माध्यमहरू त्यही फेसबुकको वालबाट साभार गरेर सरकारी सुशासनको वकालत गर्छन् ! आहा ! सुशासन ! क्या उदाहरणीय सुशासन !

हिजो कुनै अपराधमा सामेल भएर अदालतले दण्ड सजाय तोकेको व्यक्तिलाई सल्लाहकार बनाएर सुशासनको बिगुल फुक्नु अनि अदालत, सुरक्षा निकाय; कला, साहित्य र संस्कृति; सञ्चार माध्यम, कर्मचारीतन्त्र सबै सबैमा बचेखुचेका मूल्यमान्यता समाप्त पार्दै डर र त्रासको सिर्जना गर्ने तर ऐन, कानुन, विधि, परम्परा सबै सबैमाथि धावा बोल्ने प्रवृत्ति र सुशासनका बिच कहीँ कतै र कुनै पनि मूल्यमा तालमेल हुनसक्तैन । सुशासन भनेको सनक हुँदै होइन । सुशासन भनेको त व्यवहार हो, आचरण हो र विधिको शासन हो । मुलुकको शासनव्यवस्थामा रहेका, जोडिएका जोसुकै व्यक्तिलाई सरकारले प्रचलित कानुनबमोजिम अनुसन्धान गर्ने र दोषी प्रमाणित भएको अवस्थामा प्रचलित कानुनबमोजिम कारवाही हुनु अत्यन्त स्वागतयोग्य कुरा हो र नेपाली जनताले चाहेको कुरा पनि यही नै हो । तर सरकार कोही कसैलाई पनि दोषी प्रमाणित गर्ने र

कारवाही गर्ने दिशातिर उन्मुख नै भएको पाइएको छैन, ऊ त फगत स्टन्ट गर्ने, तर्साउने केटाकेटीपन मात्र देखाइरहेको छ ! यो कुनै पनि हालतमा सुशासन हुनसक्तैन, जनअपेक्षा पनि होइन !

नजान्नेले विज्ञमार्फत सल्लाह लिने र दृढतापूर्वक कार्यान्वयनको बाटो समात्ने हो नि । आफूले जानेको पनि छैन तर सर्वज्ञ पनि आफैँलाई ठान्ने प्रवृत्ति भनेको जुजुमान शैलीबाहेक केही होइन । सुरक्षा निकायमा प्रमुख भइरहेको व्यक्तिले अराएको मानेन वा आदेश पालना गरेन वा कार्यक्षमता देखाएन भने उसलाई सुनवाइको मौका दिएर हटाउन वा कारवाही गर्न सरकारलाई केले छेकेको हुन्छ र ? तर सुनवाइको मौकासम्म पनि नदिने, रातारात हटाउने, अभियोग केही कुनै लगाउँदा पनि नलगाउने अनि एक ठाउँमा अयोग्य साबित ठहर्‌याएको त्यही व्यक्ति प्रधानमन्त्रीको प्रमुख सुरक्षा सल्लाहकार हुन चाहिँ कसरी योग्य हुन्छ ? सामान्यभन्दा समान्य नागरिकले उठाउने यस्तो प्रश्नको उत्तर सरकारले दिनुपर्छ कि पर्दैन ?

आफ्ना मन्त्रीमाथि प्रश्न उठ्यो, नैतिकता देखाएर राजिनामा पनि आयो, छानविन भयो तर त्यो प्रतिवेदनले के भन्यो ? दोषी भनिएको व्यक्ति निर्दोष थियो कि थिएन भनेर जान्ने अधिकार हरेक नेपाली नागरिकलाई छ र हुन्छ । तर जनतालाई प्रतिवेदन सार्वजनिक पनि नगर्ने र पुनः सोही व्यक्तिलाई नियुक्त गर्ने शैलीले हिजोको आसोपासेवाद र आजको कार्यशैलीमा के फरक छ ? चुनाव जितेपछि फेरि जनतामा जानुपर्दैन, अर्को आवधिक निर्वाचनमा जनतासामु जानै पर्दैन, म वा हामी नै सर्वेसर्वा हौँ भन्ने हिजोको सर्वसत्तावादी चिन्तन र आजको व्यवहारमा के फरक छ ? के फगत हिजोलाई गाली गरेर मात्र अब मुलुकमा सुशासन कायम गर्नसकिन्छ ? भोटेकोसीको बाढीले हजारौँ जनताको जीवन समाप्त पारिदियो, हजारौको उठिवास लगायो, इतिहास नै धरापमा पर्‌यो ! सरकारको ढुकुटीमा पैसा थुप्रिएको छ तापनि जनता पालमुनि बसिरहेका छन् ! तर सरकार त्यो मानवीय पीडा बिर्सेर परिचित विचौलिया परिचालनका माध्यमबाट न्यायालयलाई नियन्त्रणमा राख्ने, तर्साउने सोद्देश्यमूलक प्रयत्नमा लागेको पुष्टि हुँदै हुँदै गइरहेको छ !

डर, त्रास, आतङ्कले सुशासन स्थापित हुँदैन । सुशासन भनेको त विधिको शासन हो । कानुनको इमानदार, प्रभावकारी र कठोर कार्यान्वयनका माध्यमबाट मात्र सुशासन कायम हुन्छ र यो दिगो पनि हुन्छ । कानुनबमोजिम भएको कोही कसैमाथिको कुनै पनि कारवाहीले जनताको विश्वास जित्छ । जनता र देशसँग बोल्नुपर्ने व्यक्तिले फेसबुकसँग बोलेर सुशासन कायम गर्छु भन्नु र सुतुरमुर्गले बालुवामा मुन्टो घुसारेर खुट्टा ठाडा पारेपछि आकाशै खसे पनि म अब सुरक्षित छु भन्ने सपना देख्नु एउटै कुरा हो । जनताले गरेको विश्वास अत्यन्त छोटो समयमै फिर्ता पनि हुनसक्छ भन्ने दृष्टान्त हालैका विश्वका शक्तिमान र सर्वशक्तिमान राष्ट्रमा भएका निर्वाचनमा शान्तिपूर्ण मतदानका माध्यमबाटै प्रमाणित गरिदिएको यथार्थलाई पनि हृदयङ्गम गर्नु आवश्यक छ । सनक, अहम्, मैमत्त प्रवृत्ति र ठेट्नाहरूको शैली जनताको मूल्याङ्कनको कसीमा घोटिइरहेको हुन्छ र चौबिस क्यारेटको सुन जनताकै मूल्याङ्कनका माध्यमबाट छिटै पित्तलमा परिणत पनि हुनसक्छ भन्ने शाश्वतताालाई पनि वेलैमा बुझ्नु आवश्यक छ, बुझ्नौं ।

- रमेश पोखरेल

यस अङ्कमा

कविता/गीत

शाश्वत...- *पदम दाहाल/१७*

नयाँ...- *खेमराज निरौला/२१*

को हो...- *राम विनय/२२*

म- *महेशराज खरेल/२५*

गीत- *गोविन्दबहादुर कुँवर/३७*

समयलाई...- *सिजन श्रेष्ठ/४३*

कथा/लघु कथा

दाइजोको... - *राममणि पोखरेल/१८*

बोध - *नारदप्रसाद आचार्य 'सुदामा'/२३*

गङ्गामैयाकी... - *विष्णुप्रसाद आचार्य 'अतृप्त'/२९*

यसपटक

कृष्णप्रसाद पौडेल 'जस्ताधरे'/७

समालोचना/निबन्ध/व्यक्तित्व तथा कृतित्व/समीक्षा

आँगनीमा... - *प्रकृति प्रेमी/११*

श्रमशील... - *भारद्वाज मित्र (डा. कृष्ण सुवेदी)/२४*

ओल्ड.. - *भलादमी भोला/२७*

गोविन्द भट्ट... - *प्रा.डा. हेमनाथ पौडेल/३०*

रगतको.. - *बाबुराम लम्साल/३८*

स्थायी स्तम्भ

शिखर व्यक्तित्व

साहित्यकार रुड्यार्ड किप्लिङ/६

निरन्तर...

वासुदेव अधिकारी/ ४४

समाचार/५८

अनूभूति

हिरण्यलाल श्रेष्ठ/६३

शब्द संयोजन
मासिक

शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २३ अङ्क ८ पूर्णाङ्क २७१/२०८३ मङ्सिर
जिप्रकाका द.नं. ९४/२०६०/०६१

सल्लाहकार : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ, वासुदेव अधिकारी

प्रकाशक: साहित्य सन्ध्या
प्रधान सम्पादक: रमेश पोखरेल
कार्यकारी सम्पादक: सुमी लोहनी
सम्पादक: रूपक अलङ्कार
अन्तर्वार्ता संयोजन: अच्युत घिमिरे
वेब संयोजन: प्रशान्त खरेल
कला: गणेशकुमार जी.सी.
आवरण चित्र: गुगल
प्रतिनिधि: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)
Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np
मुद्रण: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२
साजसज्जा: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

साहित्यकार रूड्यार्ड किप्लिङ

गीतामा भनिएको छ कि 'तिमी कर्म गर तर तत्काल फलको आश नगर ।' मान्छेले जीवनमा कर्म गरिरहनुपर्छ। त्यसको प्रतिफल एक दिन अवश्य समयले दिने नै छ । व्यक्तिलाई अमर बनाउने भनेको नै उसको कर्मबाट प्राप्त यशले नै हो । त्यसैले कर्ममा विश्वास गर, कर्मले नै तिमीलाई मान, सम्मान इज्जत, पद, प्रतिष्ठा दिन्छ भन्ने कुरालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशिष्ट व्यक्तित्वहरूले प्रमाणित गर्दै आएका छन् । जसमध्ये विशिष्ट विश्वविख्यात कवि, कथाकार रुड्यार्ड किप्लिङ पनि एक हुन् ।

पिता जोन लकवुड र माता एलिस म्याकडोनाल्डको गर्भबाट ३० डिसेम्बर १८६५ मा भारतको बम्बइमा रुड्यार्डको जन्म भएको थियो। उनका पिता एक कलाका प्राध्यापक थिए । ब्रिटिस शासनकालको समयमा भारतमा जन्मिएकाले उनको बाल्यकाल भारतीय संस्कृतिअनुसार बित्यो। बाल्यकालको छाप उनका लेखरचनाहरूमा पनि पाउन सकिन्छ। ब्रिटिस परम्पराअनुसार उनलाई अध्ययनको क्रममा ६ वर्षको उमेरमा बेलायत लगियो। जहाँ आफन्तकोमा राखिएको थियो । उनले आफन्तबाट नराम्रो व्यवहार सहनुपरेको पनि थियो। यसरी उनले बेलायतमा आफ्नो अध्ययनलाई निरन्तरता दिए। अक्सफोर्डमा पढ्नका लागि आर्थिक अभावले सताएपछि उनी पुनः भारत फर्किए र पत्रकारिताको क्षेत्रमा काम गर्नथाले । पत्रकारिताको काम गर्दै गर्ने क्रममा उनी साहित्यतर्फ पनि आकर्षित भए । उनको पहिलो कवितासङ्ग्रह 'डिपार्टमेन्ट डिटिज' प्रकाशित गरे । त्यसपछि 'प्लेन टेल्स फ्रम द हिल्स' कथासङ्ग्रह पनि प्रकाशित गरे । यसरी भारत तथा बेलायतमा समेत उनले र उनका रचनाहरूले स्थान पाउन थाले ।

किप्लिङ लन्डन पुगेपश्चात् भने पूर्णकालीन रूपमा लेखक बने । उनको क्यारोलाइन बालेस्टियर नामकी युवतीसँग विवाह भयो । अमेरिकामा रहँदा नै उनले आफ्नो जीवनको सबैभन्दा लोकप्रिय र कालजयी कृति 'द जङ्गल बुक' लेखे । यो समय नै उनको लेखनक्षेत्रको स्वर्णकाल मानिन्छ । सन १९०७ मा साहित्यतर्फको नोबेल पुरस्कारबाट पनि उनी पुरस्कृत भएका थिए ।

भाषा र साहित्यका क्षेत्रमा लामो समयसम्म महत्त्वपूर्ण भूमिका खेल्दै आएका किप्लिङ स्वास्थ्य समस्याबाट पनि ग्रसित थिए । जसका कारण १८ जनवरी १९३६ मा ७० वर्षको उमेरमा लन्डनबाट सदाका लागि अस्ताए ।

-रूपेश अधिकारी

यसपटक



❖ कृष्णप्रसाद पौडेल 'जस्ताघरे'

वि.सं.२०२६ कार्तिक २२ मा नुवाकोट जिल्लाको विदुर नगरपालिका वडा नं.४ बट्टारमा माता चोलाकुमारी पौडेल र पिता नीलकण्ठ पौडेलका सुपुत्रका रूपमा जन्मिएका कृष्णप्रसाद पौडेल 'जस्ताघरे' हाल काठमाडौँ महानगरपालिका वडा नं.१६ बालाजुमा बसोवास गरिरहेका छन् । कानुनमा स्नातक, राजनीतिशास्त्र र सामाजिक शास्त्रमा स्नातकोत्तर उत्तीर्ण पौडेलले हाल साहित्य सिर्जनाका अलावा वकालत पेसा अँगालिरहेका छन् । विभिन्न पत्रपत्रिकामा निरन्तर फुटकर रचना प्रकाशित गराइरहेका पौडेलले साहित्यको सेवावापत सवादर्जन मान, सम्मान तथा पौने एक दर्जन पुरस्कारसमेत प्राप्त गरेका छन् । विभिन्न सङ्घसंस्थामा हाल पनि क्रियाशीलता देखाइरहेका पौडेल शास्त्रीय छन्दलाई कुशलतापूर्वक खेलाएर मुलुकको सुरम्य प्रकृतिको चित्रण गर्ने, राष्ट्रवादी भावना आफ्ना सिर्जनामा सम्प्रेषण गर्ने, समग्र बेथिति उजागर गर्ने र रूपान्तरणको ध्वन्यार्थ सम्प्रेषण गर्ने स्रष्टा हुन् । अहिलेको समयमा यिनै सक्रिय स्रष्टाका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ ।

शार्दूलविक्रीडित छन्दको 'जीवन, चिन्तन र कर्मपथ' शीर्षकको कवितामा मान्छेका आफ्नै प्रयत्नले, पौरखले, परिश्रमले बाधा र कठिनतालाई पन्छाएर निरन्तर अघि बढे मात्र सफलताको शिखरमा पुगनसकिन्छ भन्ने नैतिक सन्देश सम्प्रेषण गरिएको छ । भुजङ्गप्रयात छन्दको 'प्राकृतिक सुन्दरता र हाम्रो एकता' शीर्षकको कवितामा प्राकृतिक सुन्दरताले ज्यादै सुरम्य, रमणीय यो देश हिमाल पहाड र तराईको सङ्गम हो । विश्वकै अनुकरणीय प्राकृतिक भव्यता बोकेको यो मुलुकको समग्र महत्तागान कवितामा गाउनुका साथै देशलाई अझ समृद्ध पार्न युवालाई आह्वान गरिएको छ । शिखरिणी छन्दको 'बाहिर गए !' शीर्षकको कवितामा मुलुक प्राकृतिक रूपमा भव्य मात्र छैन, अत्यन्त ऊर्वर पनि छ तर राजनीति अलि मुलुकहितमा नभएकाले अवसरको अभावमा र सपना देखेर पनि मुलुकका खम्बा मानिने युवा सबै बाहिरिएर देश वृद्धाश्रम बनेको, ऊर्वर भूमि बञ्जर भइरहेको अत्यन्त नमिठो यथार्थलाई जीवन्त रूपमा चित्रण गरिएको छ ।

जीवन, चिन्तन र कर्मपथ

जाली सोच खराब कर्तुत गरी पाले नराम्रा हठ
आफ्नै गेह समाजमा अधमको जन्मन्छ दम्भी शठ
धर्ती तेज अकास वायु जलले गर्लान् खुबै गर्जन
बाढी मेघ चट्याङले पनि यहाँ थप्लान् कडा क्रन्दन ।

अग्लो वृक्ष अझै उँभो बढिरहोस् पारेर ठाडो शिर
सारा काण्ड जरा दुरुस्त नभए ढल्ने छ धर्तीतिर
अर्काको भर सारका मनुजमा पाइन्न आफ्नोपन
आफैँ यत्न गरेर उठ्न नसके उठ्ला कहाँ जीवन !

घोडा चढ्न लगाम कौशल कला चाहिन्छ चढ्नेसित
बाटो खन्न यथेष्ट जाँगर बुता चाहिन्छ खन्नेसित
उम्दा तागत आँट शिल्प नभए के काम हुङ्कारको
जुक्ती छैन भने उसै विजयको भेट्टाउला बीज को ?

नाङ्गै जन्म भई धरातिर झुकी आयो रमौँला भनी
जाँदा स्वर्ण हिरा र रत्न रुपियाँ लाँदैन केही पनि
छोरा नाति वधू प्रिया अनि सुता हुन् पाहुना खासमा
जस्तै ती नरघाटमा सफरमा भेट्छौँ सयौँ हाटमा ।

पौडी खेल्न सकिन्छ सौम्य रहमा पानी भएसम्म हो
यात्रा नित्य सुदूरसम्म रहने काया छउन्जेल हो
भोको पेट सकिन्छ भर्न सहजै खाना भएसम्म हो
पुग्छन् मानिस लक्ष्यका शिखरमा बाचा भएसम्म हो ।

वर्षा घाम र ताप छेक्न सकिने छाता भएसम्म हो
मायाको महिमा अपार रहने आमा भएसम्म हो
प्राणी जीवनसम्म बाँचिरहने आत्मा रहुन्जेल हो
मान्छेका शुभकर्म सिर्जित हुने सुद्दी छउन्जेल हो ।

प्राकृतिक सुन्दरता र हाम्रो एकता

सदा श्वेत अग्ला खडा छन् हिमाल
त्यहींबाट बग्छन् नदी मूल ताल
सफा कुण्ड झर्ना कुवा पोखरी छन्
छ नेपाल राम्रो भनी हर्ष पोख्छन् ।

यहाँ लेक बेंसी तराई पहाड
गुफा खोच पाखा सयौं छन् कछाड
गढी धाम थुम्का उचा टाकुरा छन्
खुबै छक्क पार्ने सवाई कथा छन् ।

पहाडी धरामा छ लालीगुराँस
छ सञ्जीवनीको अनौठो सुवास
बुटी ओखती छन् गिठा कन्दमूल
दशा रोग पीडा उखेल्छन् समूल ।

झुलून् अन्नबाली तराई गरामा
चरून् याक चौंरी हिमाली धरामा
खरायो र हात्ती डुलून् है तराई
कुना कन्दराले नियाल्छन् रमाई ।

चिबे हाँस मैना मिली बात गर्छन्
सुगा कोइलीले मिठा गान भर्छन्
दिगो प्रीत गाँस्छन् मलेवा परेवा
बनी पाहुनाझैं रहन्छन् जलेवा ।

गरा फाँट खन्दै बनौं स्वाभिमानी
युवा रच्न सक्छन् अनौठा कहानी
सधैं साथ जुट्छन् सबै जाति हाम्रा
युवा जाग भन्छन् उनै चन्द्र तारा ।

बाहिर गए !

गढी थुम्का खावा धुर चउरका दुर्ग थल छन्
कुना डाँडा कान्ला वन विपिनका दृश्य पनि छन्
गरा पाखा बैँसी कृषक नहुँदा जर्जर भए
बडा स्रष्टा हाम्रा युवक युवती बाहिर गए !

यहाँ कैयौँ मान्छे सदन पदमा टाँसिन पुगे
लुला सोझा निर्धा सकल जनता जिल्लिन पुगे
सधैँ उल्का झार्ने अझ नभ छुने गन्थन भए
व्यथा कुण्ठा बोक्दै युवक युवती बाहिर गए !

सबै भोलाभाला सुजनजनका अर्थ गुमिए
गुणी ज्ञानी सच्चा मुनि भगतका तर्क दबिए
छली बाङ्गा चिप्ला हरिप नरका नाटक भए
नयाँ जत्था हाम्रा युवक युवती बाहिर गए !

कठै ! ती सन्न्यासी मृदुलजनका धाम मिचिए
गरा बारी खन्ने गरिब सबका बास पुरिए
दशा कुण्ठा खप्ने श्रमिकजनका माग पुछिए
भला कर्ता हाम्रा युवक युवती बाहिर गए !

विदेशी मान्छेका नवप्रगतिका उच्चपथ छन्
सुनौला सम्झौता प्रविधि सिपका युक्ति अझ छन्
युवा सारा हाम्रा विचलित भई आश्रित भए
सयौँ पीडा बोक्दै युवक युवती बाहिर गए !

करेसाबारीका असल बिरुवा गोड्छ कसले ?
बर्गैंचाघारीका फल बिउहरू टिप्छ कसले ?
बुढापाका मात्रै यस मुलुकका रक्षक भए !
दरा खम्बा हाम्रा युवक युवती बाहिर गए !

आँगनीमा फूल रोप्ने स्रष्टा रमेश प्रभातको काव्यकर्मलाई नमन



❖ प्रकृति प्रेमी

१. **आरम्भ**

कवि एवम् समालोचक रमेश प्रभातले सामाजिक सञ्जालमा राख्नुभएको नयाँ कृति प्रकाशित हुँदै छ भन्ने सुखद खबरसहितको आवरण तस्बिर देख्दा लागेथ्यो यो पक्कै बालकथासङ्ग्रह हो । कलाकार प्रकाश थापाले कोर्नुभएको आवरण पृष्ठले पनि यही सङ्केत गरेझैं भान भयो । पछि पो थाहा भयो यो गजलसङ्ग्रह रहेछ, त्यसमा पनि केही गजलहरू बहरमा रहेछन् । म सधैं भनिरहन्छु, "न मलाई पढ्न आउँछ न लेख्न नै !" तैपनि कनिकुथी लेख्ने प्रयास विगतमा दिनहरूमा थियो र अहिले पनि चलिरहेछ, यसमा सघाउने काम रमेश दादाले गरिरहेका छन् ।

स्रष्टा, रमेश प्रभातले 'अरू अलिकति फरक कुरा' थमाउनुपहिले नै छन्दकवि प्रकाश चापागाईं र उहाँसँग मेरो धेरै नै उठबस भइसकेको थियो । उहाँको दोस्रो निसमालोचनासङ्ग्रह 'अरू अलिकति फरक कुरा'माथि केही लेखेर प्रकाशित भइसकेको अवस्थामा 'आँगनीमा फूल रोपैं'बारे पनि लेख्दै छु । कृति विमोचन हुनुपूर्व नै मेरो हातमा कृति थमाएर लेख्नप्रेरित गर्नुहुने रमेश प्रभात एवम् लेखराम सापकोटा धन्यवादका पात्र हुनुहुन्छ । करिब तीन दशकभन्दा पनि बढी समयदेखि भाषा र साहित्यको लेखन, अध्ययन एवम् अध्यापन गर्दै आउनुभएका प्रभातका फुटकर रूपमा गजलहरू प्रकाशित, प्रसारित भए पनि एकल कृतिका रूपमा 'आँगनीमा फूल रोपैं' पहिलो गजलसङ्ग्रह हो ।

यस आलेखमा मैले गजलकार रमेश प्रभातको व्यक्तिगत विवरण, उहाँको संग्लग्नता, आबद्धता, उहाँले प्राप्त गर्नुभएका सम्मान तथा पुरस्कारलगायतका विवरणहरू राखेर लेखलाई लामो बनाउने उद्देश्य राखिनँ । करिब तीन दशकभन्दा लामो समयदेखि नेपाली भाषा र साहित्य पढाउँदै लेखनमा समेत अग्रसर रहनुभएको स्रष्टा हुनुहुन्छ रमेश प्रभात ।

२. **रमेश प्रभातको गजलयात्रा**

रमेश प्रभातका फुटकर गजलहरू चालिसको दशकदेखि नै विभिन्न पत्रपत्रिकामा प्रकाशित एवम् विभिन्न

सञ्चार माध्यमबाट प्रसारित भइरहे पनि एकल गजलसङ्ग्रहका रूपमा छापिएर आएको उहाँको यो पहिलो गजलकृति हो । यसकारण उहाँले उक्त सङ्ग्रहको पहिलो गजलमै रदिफको रूपमा 'नयाँ गजल' प्रयोग गर्नुभएको छ । उहाँले आफ्ना गजलले आगो बोकेर आएको र गाउँसहर जतातै छाएको अभिव्यक्ति दिनुभएको छ ।

रमेश प्रभातलाई चितवनमा खरो समालोचकका रूपमा सबैले चिनेकै छन् । उहाँका गजलहरूले समेत समाज परिवर्तन गर्न र भोका बस्तीका पीडा ओकल्न सफल देखिन्छन् । त्यति मात्रै होइन, यति वेला नेपालमा गजल कृति प्रकाशन गरेर केही उपलब्धि हुँदैन भन्नेहरू पनि छन् । मिहिनेतले, छोराछोरीको गाँस कटाएर प्रकाशित गरेको कृति बाँडेर सक्नुपर्ने अवस्थामा समेत गजलकृतिहरू प्रकाशित भइरहेको सन्दर्भलाई समेत उहाँले गजलका शेरहरूमा समेट्नुभएको छ ।

नेपालको इतिहास हेर्दा राणाकालीन समयमा 'मकैको खेती' नामक कृति प्रकाशन गरेकै कारण सुब्बा कृष्णलाल अधिकारी जेल परे र जेलमै उनको मृत्यु भयो । सामन्त प्रवृत्ति भएका शासकको विरुद्धमा बोल्नखोज्दा, लेख्नखोज्दा, आबाज उठाउँदा दबाइनु, जेलनेल पर्नु, यातना दिनु, मारिनु सामान्य घटना हुन्थे । त्यसो त सर्वस्व हरणसहित त्यस्ता व्यक्तिलाई देशनिकाला गरिएका घटनाहरूको साक्षी हाम्रो इतिहास छ । यस्तोमा कतिपय लेखकले शासकको गुणगान गाएर स्याबासीसमेत पाइरहेका हुन्थे, पुरस्कृत र सम्मानित पनि भएका हुन्थे । गैरमुसलसल शैलीमा लेखिएका, विविध भाव बोकेका उहाँको पहिलो गजलका तीन शेरहरू यस्ता छन् :

वर्षौंपछि आगो बोकी आएको छ नयाँ गजल
गाउँ सहर जतातै छाएको छ नयाँ गजल ।
हिजो अस्ति चाकरीमा धाएकै हुन् गजलहरू
आज भोको बस्तीतिर धाएको छ नयाँ गजल ।
साहित्यले गाँस, बास, कपास केही दिन्न भन्छन्
किन उसले लुगा ठानी लाएको छ नयाँ गजल ?

(पृष्ठ १)

विगतका दिनहरूमा जार काट्न पाइन्छ भन्ने भनाइ सुनिरहेको थिएँ मैले । जार भनेको आफ्नी श्रीमती जसले भगाएर या कुनै प्रकारले लैजान्छ त्यो पुरुष हो भन्ने धेरै पछि थाहा भयो मलाई । सम्भवतः ऊ अर्थात् जार दुस्मनहरूमा सबैभन्दा ठुलो दुस्मन होला । जसले छोराछोरीको बिचल्ली पारिदिन्छ, घरव्यवहार तहसनहस पारिदिन्छ । मित्रहरू सबै लुटेर पनि अघाउँदैनन् र अझै लुट्न तयार हुन्छन् । त्यहीमध्येको एक मित्र सर्वस्व लुटेर जार बनिदिन्छ ! ऊसँग सम्झौता कहाँ, कति वेला गर्नु भनेर दिक्क मान्दै उहाँ यसरी प्रश्न गर्नुहुन्छ :

मेरा सबै कुरा लुट्न आतुर छन् मित्रहरू
सम्झौता म गरूँ कहाँ अलिकति जारसँग ? (पृष्ठ ९)

केटाकेटीको अवस्थामा पुतलीको पछि लाग्ने बानी वयस्क भएपछि सानीका नशालु आँखामा लठ्ठ को पर्दैन होला

र ? सम्भवतः प्रेममा परेकाहरू दुःख सहन सक्छन्, जस्तोसुकै आँधीहुरी पनि झेल्न सक्छन् । पाठकवृन्द ! कुनै वेला तपाईं पनि यस्तै अवस्थाबाट गुज्रिनुभएको थियो होला सायद । यस्तै सन्दर्भ समेटेर रमेश प्रभातले समेत काँडालाई फूल देख्ने र फूलभित्र प्रेयसीलाई देख्ने गर्नुभएको आनन्दाभूतिलाई यसरी शेरहरूमा उन्नुभएको छ :


सानो छँदा पुतलीका पछि लाग्ने बानी
आजभोलि तिम्रा आँखा हेर्छु म त सानी ।
काँडालाई फूल देख्छु फूलभित्र तिमी
तिमी भित्रै खोज्दै छु म प्रणयको खानी । (पृष्ठ १०)

प्रस्तुत कृतिलाई शुभकामना दिँदै वरिष्ठ गजलकार ज्ञानुवाकर पौडेलले लेख्नुभएको छ, "हिजोआज सस्तो भावुकता र रुञ्चे आक्रोश पोख्ने माध्यमका रूपमा खुम्च्याइँदै आइरहेको गजललाई रमेश भाइले दुःखसुखको सम्बाहकको स्तरमा उचालिदिएका छन् । यसकारण प्रस्तुत गजलसङ्ग्रह पठनीय मात्र होइन, सङ्ग्रहणीय पनि छ ।" (पृष्ठ ज)

३. 'आँगनीमा फूल रोपैं' कृतिको सामान्य चिरफार

रमेश प्रभातको नवीन गजलसङ्ग्रह ' आँगनीमा फूल रोपैं' कृतिको विवेचना गर्नुअघि हेरौं उहाँले लेख्नुभएको गजलका केही नमुना शेरहरू :-

जतिसुकै दुःख परोस् झुक्नुहुन्न शिर हाम्रो
बाँच्न हामी जानेकै छौं जस्तोसुकै विपतसँग । (पृष्ठ १५)
आफ्नो उमेर छ जबानी छैन भन्छिन् उनी
रित्तो जीवन छ कहानी छैन भन्छिन् उनी । (पृष्ठ ३३)



क) गाउँका विम्बहरू

अझै पनि नेपालका विकट गाउँहरूमा एक गाग्री पानी ल्याउन बिहानभरको समय हिँड्नुपर्ने अवस्था छ । पिठ्युँमा गाग्री र काखेबालक बोकेर एउटी गृहिणीको यात्रा सबैरै सुरु हुन्छ र फर्किँदा मध्यदिन ! त्यस्ता समस्या बोकेका कैयौं गाउँहरू छन् जहाँ पानीको समस्या छ । साँच्चै भन्ने हो भने देशकै केन्द्रीय राजधानी काठमाडौंमै समेत पानीको अभाव छ, बहुप्रतिक्षित मेलम्ची आयोजनाबाट समेत सोचेअनुरूप पानीको समस्या समाधान भएको छैन । यद्यपि जलस्रोतमा नेपाल विश्वकै दोस्रो धनी मुलुक हो । जहाँ सयौं नदी, खोला, तालतलैयाहरू छन्, अनगिन्ती झरनाहरू छन्, असङ्ख्य पानीका मूलहरू छन्; त्यही देशमै पानीको यस्तो विकराल समस्या देख्दा गजलकार स्वयम् पीडाको अनुभूति गर्नुहुन्छ र जन्मिन्छ यो शेर :

पानी छैन घना वस्ती तिर्खाएको देख्छु
उता पहाड एक्लै रुन्छ छाँगो बोकेर । (पृष्ठ ३८)

नेपाल एकीकरणमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने राजा पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशमा भनेका थिए, "घुस लिन्या र दिन्या दुबै देशका शत्रु हुन् ।" तर हिजोआज कार्यालयकै कर्मचारी, हाकिमहरूले काम गरिदिएवापत टेबुलमुनिबाट खाजाखर्च माग्ने गरेको सन्दर्भलाई यसरी व्यङ्ग्य गर्नुभएको छ उहाँले :

'घुस खानुहुन्न भन्थे' हाम्रा पृथ्वी बाजे
खाजाखर्च माग्छ हाकिम टेबलमुनिबाट । (पृष्ठ ४७)

ख) प्रकृतिचित्रण

हो, पिरतीमा नाफाघाटा किन हेर्नु, यो त विशुद्ध दुई आत्माको मिलन हो । करिब डेढ दशक भयो मैले आफूलाई प्रकृतिको प्रेमीको रूपमा अर्थात् प्रकृतिप्रेमीको रूपमा चिनाउन थालेको, चिनाउने प्रयत्न गरेको । प्रकृति जोकोहीलाई मन पर्छ, प्रकृतिसँग रमाउनु हरकोहीको चाहना हुन्छ । यसकारण पनि प्रकृति र प्रेयसीका बारेमा सयौँ गीत, गजल, कथा र कविताहरू लेखिएका छन्, चित्रहरू कोरिएका छन् । 'आँगनीमा फूल रोपैँ' शीर्षक नै प्रकृतिसँग नजिक रहेको सन्दर्भमा रमेश प्रभातले लेख्नुभएको प्रकृति र प्रेयसीका बारेका युगल शेरहरू यस्ता छन् :

केही नाफा, केही घाटा किन खोज्नु पिरतीमा
दिने गर्छ प्रकृतिले सधैँ नयाँ जिन्दगीमा ।
माया नै हो त्यस्तो अस्त्र, लाग्दा पनि हाँस्छ मान्छे
बाँचुञ्जेल हाँसीखुसी बिताऊँ यो अवनीमा । (पृष्ठ ५०)

प्रकृतिचित्रण गर्दै रमेश प्रभात चितवनको माडीमा अवस्थित ऐतिहासिक महत्त्व बोकेको देवभूमि सोमेश्वर पर्वत आशिष दिँदै चिहाइरहेको बताउनुहुन्छ । त्यस्तै चितवन राष्ट्रिय निकुञ्जअन्तर्गत राप्ती नदीकिनारमा रहेको थारु सम्प्रदायको देवताको प्रतिमूर्ति बिक्रमबाबा धाम (पछिल्ला केही वर्षहरूदेखि सबै जातजाति र सम्प्रदायका भक्तजनहरू पुगेर भाकल चढाउने, पूजाआजा गर्ने गर्दछन् । त्यहाँ चैत्र शुक्लप्रतिपदादेखि पूर्णिमासम्म १५ दिन खुल्ला रहने गर्दछ।)ले दुःख, पिर, व्यथाहरूबाट बचाउँछन् भन्ने विश्वास जनमानसमा रहेको छ । यति मात्र होइन अहिले माडी जान कालोपत्रे सडक बनिसकेको तथा रेवा, मगहीलगायतका खोलाहरूमा पक्की पुल सम्पन्न भइसकेको छ । यातायातको सुविधा राम्रो छ । माडीमा अस्पताल, विद्यालय, क्याम्पस सञ्चालनमा आएका छन् । प्रशासनिक कामहरू माडीबाटै सम्पन्न हुन्छन् । विद्युत्सेवा पुगिसकेको छ । केन्द्रीय बैङ्कका शाखाहरू एवम् सहकारीहरू प्रशस्त खुलेका छन् । अहिले माडी मणिको रूपमा बहुमूल्य बनिरहेको स्विकारोक्ति रमेश प्रभातको रहेको छ । हेरौँ उहाँका युगल शेरहरू :

सोमेश्वर चिहाउँछन् आशिष दिँदै शिरबाट
बिक्रमबाबा राख्छु भन्छन् सधैँ टाढा पिरबाट ।
माडी थियो मणि भयो गरेपछि के हुँदैन
'प्रभात'मै उठेका हुन् निद्रा त्यागी चिरबाट ।
(पृष्ठ ६४)

ग) समसामयिकता

हिजोआजका गजलमा प्रेम-प्रणय मात्र नभएर समसामयिकता, व्यङ्ग्य र विद्रोह बढी

आउने गरेका छन् । त्यस्तै समसामयिकता गजलकार रमेश प्रभातको पनि मुख्य मुद्दा हो । उहाँका समसामयिक विषयवस्तु एवम् समाजमा व्याप्त सामन्ती प्रवृत्तिमाथि कोरिएका केही शेरहरू यस्ता छन् :

बा नजानुस् न त्यसले मलाई टुहुरो बनाउँछ
हैन छोरा त्यसले तिमीलाई झन् झन् सुरो बनाउँछ ।
वर्षौंदेखि कुरी बस्यौं केही त पक्कै गर्लान् मालिकले
जति पछि भयो झन् झन् नयाँ खाले कुरो बनाउँछ ।
(पृष्ठ ७४)

त्यसो त गजलकार रमेश प्रभात राष्ट्र र राष्ट्रियताप्रति निकै सम्मान प्रकट गर्नुहुन्छ । देशका गहना फेवा र राराप्रति गर्व गर्नुहुन्छ । बुद्धले रोपेर गएका शान्तिको बिउलाई जोगाइराख्ने अभिभारा हाम्रै भएको अभिव्यक्ति दिनुहुन्छ । पुर्खाले मिलेर बस्नुपर्छ भन्ने सिकाएको भाइचारालाई, विश्वबन्धुत्वको भावनालाई पालना गर्नुपर्छ भन्ने सन्देश पनि दिनुहुन्छ । यस्तै यस्तै प्रसङ्गहरू समेटिएका यो सङ्ग्रहको अन्तिम गजलका तीन शेरहरू यस्ता छन् :

फेवा र रारा हाम्रै हो यो देश सारा हाम्रै हो
पसिना रोप्छु माटोमा पसिनाधारा हाम्रै हो ।
सिकाए हाम्रा पुर्खाले मिलेर बस्नु भनेर
दाजु र भाइ लड्दैनौं यो भाइचारा हाम्रै हो ।
बुद्धले नासो छाडेका शान्तिको बिउ रोपेर
जोगाइराख्नु छ शान्ति यो अभिभारा हाम्रै हो ।
(पृष्ठ ८३)

घ) बहरमा प्रयास

आफ्नो लेखकीयमै "गजल लयात्मक विधा हो । म बहर र बेबहरको झमेलामा पर्न चाहन्न" भन्ने गजलकार रमेश प्रभातका केही गजलहरू बहर-ए-मुतकारिब मुसम्मन सालिम या शास्त्रीय छन्दअन्तर्गत भुजङ्गप्रयात छन्दमा लेखिएका छन् । यद्यपि बहरका सूत्रानुसार मात्रै गजल लेख्दैमा गजल हुन्छ भन्ने भ्रमबाट जोकोही माथि उक्लिनुपर्छ भन्ने धारणा जोकोही गजलविज्ञ, गजलगोहरूको रहन्छ र म पनि यस कुराप्रति सहमत छु । बहरको झमेलामा पर्न चाहन्न भन्ने रमेश प्रभातको बहरप्रतिको प्रयासलाई सम्मान गर्नै पर्छ किनकि यो सुरुवात हो र सुरुवात हुनु नै यात्राको थालनी हो तर यसले निरन्तरता भने पाउनै पर्छ । बहरमा लेखिएका गजलका केही शेरहरू उदाहरणका रूपमा यहाँ राख्न चाहन्छु :

नयाँ लेखनी हो भन्यौ मन्द हाँस्दै
कहाँ ज्यान मार्ने छुरा होस् भनेथ्यौं । (पृष्ठ २)
हिजोआज नौलो सुनेको छु केही
भयो देशमा के सबैरै सबैरै ।(पृष्ठ २८)

बहरमा लेख्नेक्रममा गजल ५८, पृष्ठ ५८ को चौथो शेरमा मिसरा-ए-सानीमा बहर भङ्ग भएको छ हेर्दौं त्यो शेर :

खुसीमा रमाई रमेथँ म एक्लै

भक्कानो बनाई नछोडे भनेको । (पृष्ठ ५८)

यहाँ प्रयोग भएको भक्कानो शब्दको मात्रा गणना गर्दा २२२ अर्थात् गुरू गुरू गुरू हुन्छ । बहरमा लेख्दा गजलकारले यस्ता कुरामा ध्यान दिनुपर्छ भन्ने लाग्छ ।

ङ) गजलको संरचनाका कुरा

प्रस्तुत गजलसङ्ग्रह 'आँगनीमा फूल रोपैं'भित्र समाविष्ट ८३ वटा गजलहरूमध्ये लामाखालका दुई गजलहरूमध्ये ८

औं गजल सात शेरको र ३० औं गजल छ शेरको छ । यसका ७६ वटा गजल पाँच शेरका छन् भने छवटा गजल चार शेरका छन् । त्यस्तै गजलक्रम ४, ५, १०, १२, २४, २६, २७, ३८, ४१, ५८, ५९, ६१, ६४ र ७७ गरी १४ वटा गजलमा आफ्नो नामको पछिल्लो शब्द 'प्रभात'लाई तखल्लुसको रूपमा प्रयोग गरिएका छन् जुन सार्थक सिद्ध भएको छ । केही नमुना शेरहरू (मकताहरू) यस्ता छन् :

'प्रभात'मै हिँडेपछि साँझ कहाँ पुगिन्छ खै
किन तिमी ठानी बस्छौ नेपालको रेलजस्तो । (पृष्ठ ४)

सपनीमा केके देख्छु विपनीमा छैन
'प्रभात'मै मेरालागि मात हुने भए । (पृष्ठ ५)

हुम्ला, जुम्ला डोल्पा पनि यही देशभित्र पर्छ
'प्रभात'मै देहातलाई कहाँ चुम्यो थाहा छैन । (पृष्ठ ५९)

खनीखोस्री धरतीलाई खेतीयोग्य पार्दै
'प्रभात'मै श्रमफल छरिएको थियो । (पृष्ठ ७७)

च) गजलभन्दा पर

'आँगनीमा फूल रोपैं' गजलसङ्ग्रहभित्र कुल ८३ वटा गजलहरू राखिसकेपछि पनि कृति टुङ्गिएको छैन, त्यसपछि पनि यसमा थप दशवटा फर्दहरू राखिएका छन् । यी हरेक फर्दहरूले फरक फरक खालका भावहरू प्रस्तुत गरेका छन् । त्यो नै यस कृतिको फरक स्वाद हो ।

वि.सं.२०४६ को जनआन्दोलनपछि मात्रै पनि नेपालमा धेरै चुनाव भए तर विडम्बना कुनै पनि सरकारले पूर्णकार्यकाल काम गर्न पाएनन्, देशले गृहयुद्धको सामना गर्नुपर्‌यो, नाकाबन्दी व्यहोर्नुपर्‌यो । पहिले नेपालभन्दा गरिब देश जसलाई नेपालले खाद्यान्न एवम् आर्थिक सहयोग गरेको थियो, आज तिनीहरू विकासको गतिले फड्को मारिरहेका छन्, भ्रष्टाचार र नेताहरूको नातावाद, कृपावाद प्रवृत्तिले नेपाल झन् झन् पछाडि गइरहेको अवस्था छ । त्यसो त नेताहरूले जनता सम्झिने भनेकै चुनावको वेला भोट माग्न मात्र हो । 'पहिले जे भयो, भयो अब म जनताका समस्या समाधान गर्ने छु, रोजगारी सिर्जना गरिदिन्छु, बाटोघाटो, पुलपुलेसा, अस्पताल, विद्यालय बनाइदिन्छु' भन्नेजस्ता अनगिन्ती सपना देखाउँछन् । नेताहरूको यस्तै प्रवृत्तिले नेपाल माथि उठ्ननसकेको कुरालाई उहाँले फर्दमा यसरी उतार्नुभएको छ :

यसकारण पनि मेरो देश एक विकासोन्मुख देश हो
विनामेसो चुनाव आउँछ नेताको चित्कार आउँछ ।
(पृष्ठ ८४)

जुन पार्टी सत्तामा पुग्छ उसले आफ्नो पार्टीइतरका व्यक्तिहरूलाई के कसरी हुन्छ समाप्त पार्ने, नसके बर्बाद गर्ने खेलमा लागिपरेका हुन्छन् । यस्ता कुरालाई डर, धाक, धम्की, लोभ, लालचले साम्य पारिदिन्छ । यसकारण पनि झुक्न बाध्य हुनुपरेको सन्दर्भलाई उहाँले फर्दमा समेत यसरी प्रस्तुत गर्नुभएको छ :

विद्रोहका कुरा पनि नतिजाले साम्य पार्छ
नझुकेर के गर्नु र सत्ता हुन्छ डरमर्दो । (पृष्ठ ८६)

उज्यालो आउनका लागि साँझ पर्नुपर्छ, रात ढल्नुपर्छ यदि रात नै नभए उज्यालोको के अर्थ । जिन्दगीमा कहिलेकाहीं अँध्यारोको पनि कुरा गर्नुपर्छ भन्ने मान्यता राख्ने रमेश प्रभातको अर्को फर्द यस्तो छ :

अँध्यारोको कुरा पनि गर्नुपर्छ कहिलेकाहीं
अँध्यारो नै नभए त उज्यालोको अर्थ हुन्न ।
(पृष्ठ ८८)

निष्कर्ष

करिब तीन दशकभन्दा बढी समय गजलयात्रामा होमिएर गजलको अध्ययन र लेखनपछि बल्ल कृति निकाल्न अघि सर्नुभएका रमेश प्रभातले गजललाई न्याय गर्नुभएको छ भन्ने निष्कर्ष छ मेरो । उहाँका गजलहरूमा विषयवस्तुको विविधता पाइन्छ । उहाँका गजल हेर्दा मुसलसल (गजलका प्रत्येक शेरले एउटै विषयवस्तु समेटेको गजल) र गैरमुसलसल (गजलका प्रत्येक शेरले भिन्नाभिन्नै कथा भनेको, फरक फरक विषयवस्तु प्रस्तुत गरेको) दुबै खाले गजलहरू लेख्न सिपालु हुनुहुन्छ। मूलतः उहाँ नेपाली भाषा र साहित्यको प्राध्यापक, कवि एवम् समालोचकका रूपमा चिनिनुहुन्छ। यो 'आँगनीमा फूल रोपैं' गजलकृतिले उहाँलाई एउटा राम्रो गजलकारको रूपमा समेत स्थापित गरिसकेको छ। रमेश प्रभात दादासँग नजिक हुँदै गर्दा पढ्नुपर्ने र लेख्नुपर्ने थप जिम्मेवारी महसुस भएको छ मलाई पनि । यसरी अनुजलाई समेत माया गर्ने, हौसला र प्रेरणा दिने उहाँको बानीले आजित छु म । उहाँका आगामी दिनहरू अझ सिर्जनात्मक बन्दै जाउन् । आफूले जे देखेको छ त्यही भन्ने र लेख्ने उहाँको कामले निरन्तरता पाउँदै जाओस् ।

अन्त्यमा यो कृतिको शीर्ष गजल (जुन पृष्ठ २० मा बिसौं गजलको रूपमा राखिएको छ भने आवरण पृष्ठको पछाडिपट्टि पनि राखिएको छ ।) त्यसको पहिलो शेर यहाँ राख्दै यो लेखनबाट ओझेलिन्छु :

आँगनीमा फूल रोपैं
फूल हैन भूल रोपैं । (पृष्ठ १)
सर्वे भवन्तु सुखिनः ।

कलाकुञ्ज, चितवन ।



❖ **पदम दाहाल**

शाश्वत मृत्यु

असबाब छ त्यो न जबाफ कुनै
जसको न अभाव छ पिर्छ सधैं
न डराउँछ ऊ न त हार्दछ ऊ
रनभुल्ल गराउँछ दार्दछ ऊ ।१।

अलमल्ल गरेर न बस्तछ त्यो
छ उमेर निमोठ्तछ लुट्तछ जो
जतिखेर भए पनि ढुक्तछ ऊ
बल बर्कतले न त दुख्तछ ऊ ।२।


न त देख्न सकिन्छ न खोल्छ कुरा
छुट पाउँछ को न बुबा न मुमा
निठुरी अति लाग्दछ काल खुनी
नगनीकन टिप्छ अकाल जुनी ।३।

पर होस् जति नै तर गर्छ खती
उपकार उपाय हुँदैन रती
जति याचन ध्यान गरौं तपन
क्षत राकस दैत्य छ मृत्यु क्षण ।४।

खुब शासन गर्दछ क्रूर भई
सुखदुःख निखार्दछ शूल भई
शिर प्राण निचोर्छ र लान्छ कहाँ ?
छ कि शाश्वत मृत्यु नितान्त यहाँ ! ।५।

मादी न.पा. ६, सङ्खुवासभा
हाल : लोकन्थली, भक्तपुर ।

दाइजोको सकस !



❖ **राममणि पोखरेल**

प्रत्येक वैशाख महिनाको एक गते लाग्ने फूलबारी धाम, एक ऐतिहासिक भेलामा गनिन्छ । नेपालका विभिन्न कुनाबाट यो भेलामा मान्छे आउँछन्, त्यो मात्र एक दिने हो । विहारलगायत भारतका अन्य प्रान्तबाट पनि तीर्थालु मान्छे गाडी, घोडासहित आउँछन् ।

धेरै वर्ष भएको थियो मधेस नझरेको, आजभोलि मधेसतिर झर्ने खासै काम पनि पर्दैन । पहिला औषधीउपचार गर्न लाहान झरिन्थ्यो अब त धरान जान सुगम भएको छ । गाउँका केही मित्रहरू थिए फूलबारी धाम दर्शन गर्नगएका । गाउँबाट फूलबारी धाम पुग्दा बिहानको नौ बजेको थियो । मानव भिड सलबलाएका थियो । यदि सँगै गएको साथी छुट्यो भने पुनः भेटिन गारो थियो । एक विद्या गतिको जङ्गल छ, त्यहीँ भित्र छ । फूलधामको विशेषता के छ भने त्यो बगैँचामा एकै दिनमा फूल फुल्छ र साँझ ओइलाउँदछ, जङ्गलको बिचमा मन्दिर छ । ओरिपरि पानी बगेको छ, यो पानी कहिल्यै सुक्दैन । सोनाखरी फूल ठिक वर्ष दिनमा एकपल्ट फुल्छ र फूल ओइलाउँछ । यो एक ऐतिहासिक तथ्य हो ।

बगैँचाभित्रको मन्दिरमा दर्शन गरेर बाहिर निस्केर दश पाइला के चालेको थिएँ सिताइ सदासँग भेट भयो । ऊ मेरो पुरानो परिचित मित्र हो । २०४६ सालको जनआन्दोलनमा हामी सँगै प्रहरी खोरमा तीन दिन थुनिएका थियौँ । चैत १४ गते देशभर बन्दको आह्वान गरिएको थियो । बजार बन्द गराउँदै हिँड्दा प्रहरीले हामी धेरैजना आन्दोलनकर्तालाई गिरफ्तार गरेको थियो ।

मैले सिताइ सदासँग भेट भएपछि गाउँका सँग गएका साथीलाई केही क्षणको निम्ति छाडिदिएँ । पुरानो दोस्तीको कारण सिताइ र म थोरै पाइला साथै हिँडेर, एउटा छेउको मिठाइ र चिया पसलमा प्रवेश गर्‍यौँ । मान्छे जोकोही होस् जहाँ जम्मे पनि कर्मथलोमा बस्ता जोसँग पनि मिलेर बस्नुपर्दछ । मिलेर बस्नसक्नु नै उसको विशेषता हो, मानवीयता पनि मान्न सकिन्छ ।

सिताइ सदा र मेरो उमेर झण्डै सत्तरीको नजिक थियो । उसका मुखमा दाँत थिएनन् । गाला चाउरी परेका थिए । नम्रतापूर्वक सोधेँ, 'सिताइजी ! तिम्रो घर यहाँबाट कति टाढा छ, कुन दिशा जानुपर्दछ ?'

'यहाँबाट झण्डै पाँच किलोमिटर

दक्षिणतिर जानुपर्दछ । मोटरसाइकल र साइकल चल्दछ' सिलाइले नरम तरिकाले जबाफ दियो ।

मैले आफ्नो जीवनभोगाइ र प्राप्त अनुभव उसलाई बताएँ । ऊ ध्यानकेन्द्रित गरेर सुनिरह्यो । 'अब त हेर हाम्रो पहाडमा पनि गाडी चल्दछ, गाउँमा बिजुली बत्ती बलेको छ। मेरो घरबाट हिँडेपछि गाडी चढ्न पाइन्छ। पहिला कुवाको पानी खान्थ्यो, पानीको धारा आएको छ । घरबाट बिस मिनेट हिँडेपछि क्याम्पस पुगिन्छ । साना नानीहरूलाई पढ्न पहिलाजस्तो सामलखाजा बोकेर, घरभाडा लिएर बस्नुपर्दैन । छोराछोरीको विवाहदान गरिसकैं, घरमा दुई दम्पत्ति छौं ।'

मेरो कुरा सुनेपछि सिताइ सदाका आँखाबाट आँसु झर्‌यो ! म अचम्मित भएँ । मेरो मुखमा हात ल्याएर भन्यो, 'कुरा सकिए अब म बोल्छु, मेरो समस्या तिमीलाई सुनाउँछु । म कहिले बुढो वा ज्येष्ठ नागरिक हुन पाइन, जीवन घिसार्ने सुगम उपाय पनि मेरो भएन । तीन छोरी र एक छोरा थिए। छोराको विवाह गरेर, बुहारी भित्र्याएको थिएँ । एउटा छोराका नाति र तीन नातिनी जन्मेका छन् । छोरा ट्रकमा काम गर्दथ्यो, राजधानीबाट आउँदा बाटोमा दुर्घटना भएर मृत्युवरण गर्‍यो । त्यसको लाशको घाउपुछाउनीवापत पाएको रकमले थोरै जेथो जोडेर नातिनीलाई पढाएँ। रातदिनको शोक र चिताले, सेढारिएर पत्नी बिहानी सदाले पनि तीन वर्ष नपुग्दै धरती छाडी । छोराको मृत्यु, पत्नीको विछोड; नाति, नातिना हुर्काउने समस्या, बुहारीको सुरक्षा जटिल परिवारिक मामलाले छोडेन । घाउपुछाउनी पाएको पैसाले नातिनीलाई पढाएँ । नातिले पढ्न मानेन । माटै काटेर या चार खुट्टेसँग जोडिएर जीवन चलाउँला । मुसहरको जीवन न हो, हामी कैयौँपटक सडकमा नाराजुलुसमा हिँड्यौं, मधेसआन्दोलनमा लागिपर्‍यौं । चुनावको समयमा थुप्रै सपना देखाइए तर नेता र कर्मचारीले ती सपना पूरा गर्नसकेनन्, चाहेनन् ! मजस्ता गरिब उस्तै छौं । धन्न मेरी जेठी नातिनीले भेटनरी पास गरी र आफ्नै नगरपालिकामा सानो जागिर खान्छे ।' आँखाभरि आँसु बगाउँदै दबिएको स्वरमा सिताइ सदाले यति कुरा बतायो ।

मित्रका कुरा सुनेर म पनि मर्माहत भएँ । फूलबारी धामको रमाइलोभन्दा मलाई एकजना पुरानो मित्रको जीवनभोगाइ, पिरमर्का, पत्नी र छोरो गुमाएको वेथाका मार्मिक विवरण सुनेपछि म भावुक भएँ । टेबलमा आएको चिया पियो उसले, मैले दहीचिउरा र मिठाइले पेट भर्रें । गाउँबाट आएका साथीलाई भेट्ने जाँगर पनि भएन । साँझ घर फर्कने वेलामा उनीहरूले नै खोजलान् नि भन्ने सम्झें ।

'गाउँका जमिन्दारका विरुद्ध कैयौँपल्ट नाराजुलुस गरियो, पिटाइ खाइयो । ज्याला बढाऊ भनेर सडकमा जुलुस निकालियो, जमिन्दारका गुण्डाले हामी मुसहरहरूलाई कतिपल्ट हातगोडा बाँधेर कुटेर लघारे । सडकमा मरणासन्न पारेर कुटे तर बाँचियो, निराश भइएन तर दाजु आज यो बुढेसकालमा


आफ्नै आन्तरिक परिवारिक कारणले आधा मासु भएको छु । नातिनीको विवाह गरेर यो धरती छाड्न पाए सजिलै मेरो प्राणपखेरु उड्ने थियो होला । साँझबिहान बुहारी मेरानजिकै बसेर गुनासो पोख्छे, "बेटीके शादी कैया दीते ।" धेरै केटाहरू आए हेर्न, केटी मन पराए पनि दाइजो माग्दछन् मोटर साइकल, लाख रुपैयाँ भन्दछन् !' 'एउटी नातिनीले पेट पालेकी छ । हामीलाई पनि लुगा किनाएकी छे। अरू राजमार्गमा तरकारी किनेर, गाउँ र बजारमा बेच्न जान्छन् । तीन कठ्ठा जमिन छ । बुहारी पनि रोगी भएकी छ । मनचाहेजस्तो खान नपाएर ! गरिबको जीवन के रहेछ र ! हामी जुलुसमा हिँडेर के पार्यौं ! लोकतन्त्र त हुनेखाने परिवारलाई नै आयो, पैसा हुने र बाठाहरू नै विदेश उड्न पाए ।'

मलाई सिताइका ती नातिनीहरूको अनुहार हेर्ने उत्सुकता जाग्यो तर तत्काल सम्भव थिएन । मिठाईपसलबाट सिताइलाई लिएर बाहिर मेलामा आएँ । घाम टन्टालापुर थिए । मानौं सूर्यको किरण थाम्न गारो परेको थियो तर बजारमा मानवभिड थियो । गोजी छामे, सिताइलाई हातमा हालिदिन थोरै पैसा छ कि भनेर । उसको घर जानु त सम्भव थिएन । तर पनि खोक्रो सहानुभूति दिनखोर्जे, 'सिताइ भाइ ! तिमी एकपल्ट मेरो गाउँ आऊ । विनादाइजो सामान्य टिकोटालोमा तिम्रा नातिनीको विवाह गराइदिन्छु । तराईमा जस्तो हाम्रो त्रियुगामा दाइजोको माग केटाका परिवारले गर्दैनन् । असल सिप, स्वभाव भए कामकरिया महिला खोज्दछन् । हेर्ने आएर, केटी मन पराएर पनि दाइजोको अड्को थापेर अस्वीकार गर्दैनन् । फेरि भेट्ने आश्वासन दिएर थोरै रकम सिताइका हातमा थमाएर म बाटो लार्गे । सिताइ र उसकी बुहारी अनि नातिनीहरूलाई सम्झेर बाटो लार्गे । धेरै दिनसम्म मेरो दिमागमा सिताइको अनुहार र उसको पीडाले सताइरह्यो ।

सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ । यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

– शब्द-संयोजन परिवार



❖ खेमराज निरौला

आफैं मात्र उठूँ

दलका बलले धन मार्ग खुलोस्
निमुखा जतिको धन मार्ग गुमोस्
धनका भरले गणतन्त्र फुलोस्
धनकै मदले गणतन्त्र झुलोस् ।१।

गणतन्त्र चलोस् परका भरमा
गणतन्त्र उठोस् पदका भरमा
गणतन्त्र घुमोस् जहिल्यै छलमा
गणतन्त्र गुमोस् तलका घरमा ।२।

जनता दल बोक्न खुलेर जुटून्
जपना दलकै दिनरात गरून्
दिलदेखि सधैं दल मात्र भजून्
कहिल्यै कुभलो दलको नगरून् ।३।

दलका बलले छल गर्न मिलोस्
मणिले जहिल्यै दिल भर्न मिलोस्
तलका जनता तल मात्र जुटून्
निमुखा जनता कहिल्यै नउठून् ।४।

दलको अगुवा जहिल्यै म बनूँ
मदमत्त बनी जहिल्यै म हिडूँ
धन मात्र थुपार्न सधैं सुरिऊँ
सुख वैभवका महले पुरिऊँ ।५।

जहिल्यै दिलमा पर राग बढोस्
परकै धनले दिलभित्र चुमोस्
शुभ उन्नतिको अधिको सपना
दिलभित्र जलोस् दिलको सपना ।६।

घरका परका पनि वस्तु लुटूँ
धनले दिलभित्र पसेर भुटूँ
धनका पछि लाग्न सकूँ म सधैं
धनकै मदले चुलिऊँ म अझै ।७।

दुनिया परकै धनमाथि झुलोस्
पर संस्कृतिमा थलसम्म भुलोस्
म बढूँ जहिल्यै नघटूँ कहिल्यै
खल शत्रु झुकून् मसँगै जहिल्यै ।८।

दल मित्र भए अघि बढ्छु अझै
दल शत्रु भए तल पर्छु सधैं
दलका बलले पदमा पुगियोस्
दलकै भरले बिपना चुलियोस् ।९।

घरका दलका सजिऊन् जनता
परका दलका दलिऊन् जनता
तलका तल हुन् जहिल्यै जनता
भुइँबाट उभो नउठून् जनता ।१०।

मसँगै झुमिऊन् जहिल्यै जनता
मविरुद्ध कतै नजुटून् जनता
म सबै जनको मति भुट्न सकूँ
नचुकी जनकै धन थुत्न सकूँ ।११।

सपना जहिल्यै पछि मात्र परोस्
बिपना जहिल्यै अघि मात्र सरोस्
छलले बलले म अगाडि बढूँ
विधिका वशमा कहिल्यै नपरूँ ।१२।

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
शब्द-संयोजन
मासिक' पढनुहोस् ।



❖ राम विनय

को हो त्यो ?

हिमाली काखमा जन्मिएर
ज्ञानी भई हुर्केर
खुल्लाफाँटमा झरेर
ज्ञानको ज्योति छरेर
फेरि उपत्यकामा छिरेर
त्यसैमा सक्रिय भएर
जीबनलाई
सङ्घर्षको सागरमा डुबाएर
पौडी खेलेर
अक्षरको जीवनज्वाला बालेर
आफ्नै गन्तव्यको यात्रामा लाग्ने
सच्चा मानवताको
जीवनगाथाको सारङ्गी भिरेर
एकोहोरो र दोहरी तालमा
सच्चा मानवतावादको गीत
गाएर हिँडने गाइँने केटो
को हो त्यो ?
सामाजिक विकृति, विसङ्गतिको
फोहोर गन्धनालीको पानीलाई
बिजुलीको करेन्टको रापमा झोसेर
धमिरा किराहरू
निमिट्यान्न पार्न तम्सिने
को हो त्यो ?
स्वच्छ, सुखी, शान्त र समृद्ध
सामाजिक जीवनको
सपना बोकेर
आफैँ बत्तीझै जलेर
जगलाई जगाउने
सपनाको जपना गर्ने,
को हो त्यो ?
अन्याय, अत्याचार, शोषण, दमनको
क्रूर पहाडको फेदीमा बसेर
त्यही पहाडलाई खनेर
धुलोपिठो पारेर
महासागरमा मिल्काइदिन्छु भन्ने
मूर्ख मान्छेजस्तै लाग्ने
बक बक गर्दै हिँडने
देश र जनताको पीडाको
आबाजमा छटपटी बोक्ने
आफ्नै सुरमा जुरमुराउने
पहाड हटाउन
औजारको बौछार गर्ने
मूर्ख मानिसजस्तो मान्छे
फेरि कताबाट आयो ?
त्यो मूर्खजस्तै लाग्ने मानिस
को हो त्यो ?
निर्भीक योद्धा भएर
अग्रिम मोर्चामा डटेर
मानवताको ज्योतिलाई
संरक्षणको वकालत गर्ने
कुरूप सत्ताको मान्छे
षडयन्त्रको पोको हो भन्ने
त्यही पोकोको घुम्टी खोलेर

नाङ्गेझार पार्ने
को हो त्यो ?
सच्चा मानवताका लागि
सङ्घर्षको यात्रा चलिरहने छ
धनवादलाई जित्ने
जनवादको आबाज उर्लिरहने छ भन्दै
आफैँलाई बिर्सेर
यस्तैउस्तै बक बक गर्दै हिँडने
जनपक्षीय स्वर बोकेर हिँड्ने
धनवादीको भाकाको खोइरो खन्ने
बक बक गर्दै हिँडने
बौलाहाजस्तो मान्छे
को हो त्यो ?
वास्तविक जनपक्षीय स्वर उराल्ने
सच्चा मानवताका लागि
हमेसा सक्रियताको गुञ्जन गर्ने
को हो त्यो ?

❑ लघुकथा



❖ **नारदप्रसाद आचार्य 'सुदामा'**

बोध

गाउँका मुखिया तीन दिनदेखि टोलाएर बसेका थिए। आँगनमा आज अनौठो सन्नाटा थियो। भित्रबाट मुखिनीको पीडाले भरिएको करुण आबाज आइरहेको थियो तर बाहिर कसैको पाइला अघि बढ्नसकेका थिएनन्।

गरिबगुरुवालाई त उनी मान्छेभन्दा पनि तल्लो दर्जाको ठान्थे । आज मुखियाले गाउँभरि हारगुहार गरे तर उनको पुकारले गाउँलेहरूको कान छोएन। जसले जीवनभर अरूको दुःखमा आँखा चिम्लिएको थियो आज उसको आफ्नै दुःखमा गाउँ पनि मौन थियो।

साँझ पर्नलाग्दा ठुलो पिपलको रुखमुनि मुखिया बा पुर्पुरोमा हात राखेर टोलाइरहेका थिए। उनको अनुहारमा पहिलेजस्तो घमण्ड थिएन, आँखामा आँसु थियो।

केही गाउँलेहरू नजिकिए। "बा ! किन यति सुस्ताउनुभएको ?"

मुखियाले केही बोल्नखोजे तर घाँटी अवरुद्ध भयो । आँखाबाट आँसुका थोपा खसे । केही बेरपछि भक्कानिँदै भने, "मैले तिमीहरूप्रति गरेको घृणित व्यवहारको आगोले आज मलाई नै जलायो । अरूको पीडा कहिल्यै आफ्नो ठानिनँ त्यसैले आज मेरो पीडामा पनि कोही आफ्नो बनेन।"

भिडको पछाडिबाट पर उभिएको रामेले बिस्तारै भन्यो, "बल्ल मान्छे सबै एकै रहेछन् भन्ने बोध भएछ बा !"

मुखियाले टाउको उठाए । रामेको शब्दले उनको मुटुमा यस्तो चोट दियो, जुन कुनै औषधिले निको पार्न सक्दैनथ्यो। त्यस दिन उनलाई पहिलोपटक थाहा भयो, 'धनले मान्छेको हैसियत ठुलो बनाउन सक्छ, तर मान्छे बनाउँदैन।'

संयुक्त राज्य अमेरिका।

❑ लघुनिबन्ध

श्रमशील जीवन : आदर्श जीवन



❖ भारद्वाज मित्र(डा.कृष्ण सुवेदी)

सालाई माया गर्ने र ठुला मान्छेलाई आदर गर्ने हाम्रो राम्रो चलन हो । यस्ता अरू धेरै राम्रा रीतिथिति र हाम्रा आफ्ना पहिलादेखि चलिआएका र व्यवहारबाट खारिँदै, माझिँदै आएका र जीवनपद्धतिका रूपमा स्थापित भएका र चल्दै आएका चालचलन नै हाम्रा संस्कृति हुन् । हाम्रो संस्कृतिलाई हामीले अझ उन्नत, उपयोगी र सबैलाई हित गर्ने बनाउँदै लानुपर्छ । हाम्रो समाजमा धेरैभन्दा धेरै मान्छे श्रम गरेर बाँच्दछन् । थोरै मात्र मान्छे अर्काको श्रममा छेलोखेलो गरेर रमाउँछन् । संसार श्रमिकहरूले बनाएका हुन् । यस धरतीलाई यति सुन्दर, सजिलो र सम्पन्न बनाउन असङ्ख्य श्रमिकहरूले आआफ्ना बुद्धि-विवेक, पसिना र रगत अर्थात् जीवन खर्च गरेका छन् ।

हाम्रो समाजमा काम गर्नेहरूको सङ्ख्या यति ठुलो हुँदाहुँदै पनि काम नगर्नेहरूको हालिमुहाली चलेको हुनाले कामचोरहरूले आफ्नो वर्गको बढाइचढाइ र काम गर्नेहरूलाई हेलाँहोचो गर्ने नराम्रो कुथिति बसालेका छन् । यसले गर्दा नै हाम्रो समाजको विकासमा ठुलो बाधा परेको छ र हाम्रो समाज अनि देशको विकास पनि ढिलो भएको छ । श्रमको र श्रमिकको सम्मान गर्ने समाज र मुलुकहरूले नै आज समुन्नतिको शिखर चुमेका छन् । हामीले हाम्रो समाजलाई योभन्दा उन्नत बनाउन र मुलुकको छिटोछिटो विकास गर्न श्रमको सम्मान, श्रमिकहरूको इज्जत र श्रमशील परम्पराको थालनी र विकास गर्नुपर्दछ ।

हामीले नानीदेखि नै सुनेका, जानेका र प्रयोग गर्दै आएका कुराहरू सहजै फेर्न हामीलाई गारो पर्दछ । हामीले समाजका ठुलामान्छे भनेर राजा-महाराजा, मन्त्री, ठुला हाकिमहरू, ज्ञानी, सन्त-महन्त र धनीमानीहरू नै हुन् भनेर हाम्रो दिमागमा यी र यस्ता विचारहरू टम्म ढाकिएका छन् । श्रम गर्नेहरू भरिया, गोठाला, किसान, खेताला, कारखानामा काम गर्ने श्रमिक मरी मरी काम गर्ने साना तहका कारिन्दाहरू, कवि-कलाकार, साना र मझौला प्रकारका ती मानिसहरू जसका अपार श्रमको खोलो र बुद्धि-विवेकको वर्षाले यो संसार हराभरा भएको छ । तिनीहरू भनेका साना मान्छे हुन् भन्ने नराम्रो विचार पनि टम्मै हाम्रा दिमागमा छ । यो नै कुसंस्कृति अर्थात् विकृति हो । यसलाई घटाउनु मात्र होइन हटाउनुपर्दछ र श्रम गर्नेहरू ठुला मान्छे हुन् र श्रमशील जीवन आदर्श जीवन हो भन्ने सुसंस्कृतिको आरम्भ गर्नुपर्दछ ।

सिर्जनाबस्ती,
बुढानीलकण्ठ १२, काठमाडौँ ।



❖ महेशराज खरेल

म


म निस्पृह
एकोहोरो हेरिरहेको छु
नागबेली आकारका
जीवनयात्राका बाटा मेरा
कहिले ओरालो घुम्तीपछिको
सम्म चौतारो
कहिले उकालो भञ्ज्याङपछिको
छड्के भिरालो
चौतारा र भञ्ज्याङहरूमा बिसाउँदै
लालुपाते र सुनाखरीको पाती चढाउँदै
घुम्ती र बेसीहरूमा सुस्ताउँदै
अनवरत चलिरहेको छ
यात्रा जिन्दगीको
अविश्रान्त एक पथिकझैं
अकण्टक आजसम्म ।

मेरा जीवनयात्रामा
कोही कर्ममा साथ दिने
कोही मर्ममा घात दिने
विविध पथिकहरूको साथ रह्यो
कसैले मलाई विकल्प माने
कसैले आफ्नै जीवनको सहारा ठाने
कसैले निष्ठाको मूल्य जाने
जसले जे भनेर माने पनि
जसले जे भनेर जाने पनि
कहीं न कहीं सबैले नै
केही न केही लिएर गए
कतिले अलिकति सद्भाव
अनि कतिले हुर्मत र सास्ती
मलाई पनि दिएर गए ।

म आज पर्गेलिरहेछु
मानिसहरूका पनहरूलाई
हिजो मेरो प्रशस्ति गाउनेहरूलाई
आफ्नो स्वार्थका निमित धाउनेहरूलाई
फेरिएर आज हैसियत तिनको
विगतका सबै
गुण र मूल्य चपाउनेहरूलाई ।
कुनै फरक छैन
सजिला हुन् वा अप्ठ्यारा
बाटाका मेरा हिँडाइमा
कुनै भिन्नता छैन मेरो
जीवनमार्गको बुझाइमा
मैले जुन ढुङ्गो टेकेर सिँढी उक्लिएँ
मनमा त्यो अविस्मरणीय स्थापित छ
मैले जुन मुहानको पानी पिएँ
मेरो गलामा आज पनि
अमृतमय रस सिञ्चित छ
मैले सास फेरेको हावालाई हेर्रै
आज पनि त्यही हावा
ममा श्वास-निश्वास गरिरहेछ ।

म अचम्मित छु
जीवनको बाटोमा पहिरो आउँदा
आँटको साथ खोज्नेहरू
अस्मेल भेलबाढी आएर बगाउन खोज्दा
भरोसायुक्त सहाराको हात माग्नेहरू
आँधीहुरीले उडाउन खोज्दा
जीवनरक्षाको याचना गर्नेहरू
यो सब हात लागेपछि
संझिन्छु म आज फेरि
जिन्दगीले छानो छाएपछि
आफ्नो मनोरथ पाएपछि
तर्की तर्की भाग्नेहरूलाई
अरूलाई सकस पर्दा
अनर्थ अर्थ दाग्नेहरूलाई ।
फर्केर आज फेरि म हेरिरहेछु
मान्यतामा सधैँ साथ जाग्नेहरूलाई
मेरो निष्ठा र सामर्थ्यको
इन्ची इन्ची उचाइ नाप्नेहरूलाई
अनि यो पनि नियालिरहेछु
मूल्यहीन काँचुली फेरेर
मान्यतामा साथ छोडी
ओरालोतिर भाग्नेहरूलाई !
हो ! म निस्पृह हेरिरहेछु...।

बजारमा कृति



कृति : भूगोलका सपनाहरू
विधा : निबन्धसङ्ग्रह
लेखक : नम्रता गुरागाईँ
प्रकाशक : भुँडीपुराण प्रकाशन, बागबजार, काठमाडौँ।
प्रकाशन वर्ष : २०८३
मूल्य : रु.४००।-



कृति : सपना र समय
विधा : यात्राख्यान
लेखक : डा.हरिप्रसाद भण्डारी
प्रकाशक : साझा प्रकाशन, ललितपुर।
प्रकाशन वर्ष : २०८२
मूल्य : रु.३७५।-



❖भलादमी भोला

ओल्ड इज गोल्ड

तपाईंलाई यो शीर्षक देख्दा अचम्म लाग्ला । नेपालीमा हुनुपर्ने शीर्षक अङ्ग्रेजीमा राखेर यसले भाषाको मानमर्दन गर्‌यो भन्ने तपाईंको मनमा पर्‌यो होला । मलाई पनि हत्तपत्त कहाँ यो शीर्षक राखेर निबन्ध लेख्ने जाँगर आउँथ्यो र । घरमा रहेको सिलबरे डेक्चीलाई मैले झट्याउन लाग्दा आमाले 'ओल्ड इज गोल्ड' भनेर प्रशंसा गरेपछि मैले यसको शिरोधार्य गरेको हुँ । आमाले नै फलाक्न थालेपछि मैले त्यसको अनुशरण गर्दा के नै फरक पर्ला र ! आमाकै लहैलहैमा लागेर मैले पनि लेखिदिएँ ओल्ड इज गोल्ड ।

कहिल्यै दाँत नमाझ्ने उकाला बेसीको खत्री कान्छो थुतुनामा बाँकी रहेका दुईवटा पहेँला दाँत देखाउँदै तेरा सुनका दाँत छन् भन्दै आफ्नै नातिसँग जिस्किरहेछ ! पित्तरोग लागेर चित्त दुखाई बसेको खाँदबारेको छोरो नयाँघरे कान्छोसँग दिनहुँ सुनकै सची गरिन्छु भनेर फुटानी गरिरहेछ । हाम्रै बारी कान्लामा फुल्ने सयपत्री फूल आफू मेरीगोल्ड भएपछि महङ्गीको मारमा परेर ओइलिएको महसुस गर्दो छ । सुनसँग जोडिने सुनार स्वर्णकार हुन् वा सुनौली सुन्ताखान सुनकोशी सुनारपानी आफूसँग एक लाल सुन नभए पनि सुनकै श्रीपेच लगाएसरि ओल्ड इज गोल्ड छन् ।

बार सालमा जन्मेकी आमाले नेपाली वर्णमालाका वर्ण बढार्नसके पनि अङ्ग्रेजीको तीन शब्दे ओल्ड इज गोल्डले मेरो मस्तिष्कको कसिङ्गर बढारेपछि मलाई लेख्न करै लाग्यो -छोरोभन्दा आमै ओल्ड इज गोल्ड । मलाई सोध्न मन थियो यसको अर्थ आमासँग । मेरो उमेरभन्दा दोब्बर उमेरले जेठी भएर धेरै चोला फटाएकी आमालाई यसको अर्थ सोधेर उनको वचनमा वाण हान्न मन लागेन मलाई । उनलाई सोध्न पाएको भए मैले के नै सोध्थेँ होला र ! आमा ओल्ड भनेको के ? गलामा गोल्डका गहना लगाउन नपाएकी मेरी आमाले ओल्डको अर्थ के सुनाउँथिन् त्यो पनि गर्भभित्र नै रह्यो ।

अङ्ग्रेजी भाषाबाट नेपाली भाषामा पदार्पण भएको यो शब्दले नेपालीहरूको मस्तिष्कमा काउकुती लगाइदियो त्यसैले नेपाली भाषालाई अँगालो हालेर मुस्कुराइरहेको छ, ओल्ड इज गोल्ड । कोही अङ्ग्रेजी वर्णमालामा कालो अक्षर भैँसी बराबर भए त्यसको जिब्रोले कम्तीमा दिनको तीन-चारपटक ओल्ड इज गोल्ड फट्कारेकै हुन्छ । ओल्ड इज गोल्डको नेपाली अनुवाद खोज्दै जाँदा पुरानो नै सुन भन्ने अर्थ लाग्दो रहेछ । नेपाली भाषाको उत्थाभन्दा त अङ्ग्रेजी भाषामा नै यसको आत्मीयता मौलाएको देखिन्छ दुबो मौलाएझैँ ।

बिसौँ शताब्दीदेखि पश्चिमी समाजमा जरा गाडेको यो शब्दले नेपाली आँगनमा पनि खुट्टो घुमाएर राम्रैसँग जरा गाडेको छ ।

यो शब्द रसिलो, झरिलो र अनुप्रास मिलेको छ । लय र बान्कीको खान्की पोटिलो छ, पुरानो बाजेको पेडाको पसलजस्तो । नाम सुन्दै मुख रसाउने । घरै बसाउने ।

आमाले ओल्ड इज गोल्ड भनेपछि मैले कोल्ड हुँदै सोचैं । गोल्ड त घरभित्र सुरक्षित हुन्छ, भएन भने संरक्षण गर्न बैङ्कको लकरमा राखिन्छ, पूजा गरिन्छ, धनधान्य वृद्धिका लागि देवी लक्ष्मीसँग प्रार्थना गरिन्छ । अग्रजलाई गोल्ड मान्नपाए वृद्धाश्रमतिर डोऱ्याउनै पर्दैन । निष्ठुरी बन्नै पर्दैन । सबै टल्कने वस्तु सुन होइन भनेर विापन पञ्चढेको जमानाको मान्छे म । आमाका लागि पुरानो त उनको बालापन थियो त्यो गोल्डसँग तुलना होला नहोला । गोल्डसँग तुलना हुने भए कहाँ होल्ड भयो, उनलाई त्यो पनि थाहा छैन । उनको वैंस, उमेर त्यसैगरी होल्ड भयो जसरी सरकारी फाँटमा सेवाग्राहीको फाइल होल्ड भएको पत्तो हुँदैन । उनले सम्हाल्न नभ्याउँदै उनको केसले रङ छोडेर बदलियो । अनुहारको पोटिलो छाला मुजा परेर ग्लोबमा अङ्कित नक्साजस्तै भए । उनका पिज्जा खाने दाँतलाई ओल्ड भन्ने कि गोल्ड भन्ने ! तिनले पनि गिजा छोडेर बिदा हुने तरखर गर्दै छन् । आँखामा मोती लागेर त्यसको ज्योति कता बतासियो उनले अहिलेसम्म केही भेउ पाउन सकेकी छैनन् तर पनि उनी बोल्दै छिन्, ' ओल्ड इज गोल्ड ।'

हामीले ओल्ड इज गोल्ड भनेको सिंहदरबारका पर्खालमा किन धुवाँको मुस्लो नाच्यो ? नारायणहिटीको श्रीपेच शिरबाट किन झर्नुपर्‌यो ! हामीले ओल्ड इज गोल्ड भनेका धर्मले एकअर्कालाई दोषारोपण गरेर किन रगतको होली खेल्नुपर्‌यो ? म जैरेले टाउकाको कैलो कपाल कन्याउँदै ध्यान गर्दा गुण भरिएको वस्तु मात्रै गोल्ड हुने रहेछ। ओल्ड त हाम्रा विगतहरू रहेछन्। हाम्रा संस्कृति, परम्परा, भेषभुषा रहेछन् । केसमा परदेशको लेप दलेर भेपको धुवाँ उडाउँदै हिँड्ने पुस्तालाई ओल्ड इज गोल्डको अर्थ के थाहा !

विचार गरी ल्याउने हो भने आगोलाई ओल्ड भन्ने कि खरानीलाई ? जन्मलाई भन्ने कि मृत्युलाई ? दिनलाई भन्ने कि रातलाई ? सपना ओल्ड हो कि बिपना ? यसको अर्थ खोतल्दै जाँदा कहिले नसुल्झिने प्रश्नमा पुगेर मथिङ्गल झन्झनाउने रहेछ । अन्डा पहिले कि चल्ला ? वर्षातको पानीलाई ओल्ड भन्ने कि नदीको पानीलाई ! यस्ता अनगिन्ती सबालको जबाफ नभेटेपछि मलाई लाग्यो ओल्ड इज गोल्डको किस्सा पृथ्वीलोकमा हामीलाई गज्याङ्गुजुङ पार्न आएको हुनुपर्छ।

मलाई लाग्यो हाम्रा मठ, मन्दिर, सङ्ग्रहालय, सार्वजनिक सम्पत्ति सबै ओल्ड इज गोल्ड हुन् । पुस्तकालयमा रहेका पुस्तकदेखि ऐतिहासिक दस्तावेजका साथै हाम्रो धोती, टोपी, लुङ्गी र चोली ओल्ड इज गोल्ड हुन् । घरभित्रका सुन, चाँदी तामाका खड्कुला, गाग्री, करुवा झर्काका थाल पनि ओल्ड इज गोल्ड नै हुन् । जसले सभ्यता बचाउँछ त्यही ओल्ड हो, त्यही गोल्ड हो । म बकमफुसेको फुस्रे तर्कमा आफ्नो समय लगानी गरी मलाई भेट्नखोज्ने तपाईंका लागि म पनि त ओल्ड इज गोल्ड त हुँला । पुर्वजका बचन, व्यवहार, अनुभव, इतिहास सबै ओल्ड इज गोल्ड हुन् । आमाले अंशमा पाएको सिलबरे डेक्चीभन्दा मैले अंशमा पाएकी आमा नै ओल्ड इज गोल्ड हुन् ।



❖ विष्णुप्रसाद आचार्य 'अतृप्त'

गङ्गामैयाकी जय !

बन्चरे डाँडा ल्यान्डफिल्ड साइट विवादले केही दिन अघिदेखि सहरमा फोहोर सङ्कलनको कार्य रोकिएको थियो त्यसैले प्रबोधको घरअघिल्तिरको खाली जग्गा टोलबासीको फोहोर थुपार्ने अखडा बनेको देखिन्थ्यो । निकै निधिखुदी गर्दा पनि त्यसरी फोहोर फाल्ने व्यक्ति पत्ता लागिरहेको थिएन । एक दिन दुई दिन, एकजना, दुईजना हुँदै घरअघिल्तिर फोहोरको सानोतिनो पहाड नै उभिँदै थियो !

फोहोरबाट उत्पादित लिचेड बगेर आडैको राजकुलोमा गएर मिसिन्थ्यो । बिहान पाँच बजेको झिसमिसे उज्यालोमा प्रबोधकी पत्नी झ्यालबाट चियाएर खुला जग्गातर्फ हेर्नथालिन् । मुखमा आएजति अपशब्द बोलेर फोहोर फाल्नसक्ने सम्भावित पात्रहरूमाथि गोश्वारा आरोप लगाउँदै थिइन् उनी ।

एक छिनपछि एकजना वृद्ध बा ठुलो जेब्राझोला बोकेर खाली जग्गातिर बढ्दै गरेको उनले झ्यालको चेपबाट देखिन् । प्रबोधकी पत्नी उतर्सिएर कराइन्, "ए पितृ बुढा ! यसरी लुकी लुकी अर्काको घरअगाडि फोहोर थुपार्न सरम लाग्दैन ? यो फोहोर र लिचेडको दुर्गन्धले घरै नर्कतुल्य बनिसक्यो भन्या !"


असारको महिना थियो । रातभरि झरी बिर्बिराएको थियो । खोल्सा खहरे आदि भेलको उफानले झुसिएर बग्दै थिए । त्यस मौकालाई 'प्रकृतिले पनि आफ्नो अनुकूलको अवस्था सिर्जना गरिदिएको' रूपमा वृद्धले लिए !

फेरि प्रबोधकी पत्नीले सत्तोसराप गरेको सुनेर वृद्धको कानसमेत पाकिसकेको थियो । उनले आफूलाई निरपराधी साबित गर्ने स्वर्णिम अवसरसमेत त्यही थियो । आवश्यक थियो त केवल प्रतिरक्षात्मक तर्कको । बुढाले कुटिल जबाफ फर्काए, "हेनुस् न नानी ! हिजो घरमा पूजा थियो । यी फूल, प्रसादीहरू बगाउन म गङ्गाजीमा जान लागेको ! आज गङ्गामैया स्वयम् प्रसन्न भएर दैलोमै आइपुग्नुभएको रहेछ !"

खिस्स हाँसेर उनले बग्दो राजकुलोमासामानसहितकोझोलाफ्यात्तफाले। 'गङ्गा मैयाकी जय !' भन्दै ढलमिश्रित लेदो पानी अञ्जुलीमा उठाएर सूर्यनारायणलाई नमस्कार पनि गरे । प्रबोधकी पत्नी बिहान दुध लिन डेरीतिर गइन् । बुढाले बिहान फालेको रागेपाटे जेब्राझोला पचास मिटर तल च्यातिएको अवस्थामा देखियो ! आँपको बोक्रा, तरकारीको छोक्रा, कुहिएको गुन्द्री, पुराना मोजा, स्याम्पुको बोतल आदिले च्यातिएको झोलाको आँखीझ्यालमा बसेर प्रबोधकी पत्नीलाई जिस्क्याइरहेका थिए ।

विदुर-५, नुवाकोट ।

गोविन्द भट्ट : प्रगतिवादी चिन्तन र समालोचनाका शिखर व्यक्तित्व



❖ प्रा. डा. हेमनाथ पोडेल

नेपाली साहित्य, समालोचना, दर्शन, संस्कृति र वैचारिक आन्दोलनको इतिहासमा गोविन्द भट्टको नाम अत्यन्त सम्मानका साथ लिइन्छ । उनी त्यस्ता दुर्लभ व्यक्तित्वमध्ये एक थिए जसले अध्ययन, चिन्तन, लेखन र समाजप्रतिको जिम्मेवारीलाई आफ्नो जीवनको मूल ध्येय बनाए । उनी कवि, निबन्धकार, समालोचक, दार्शनिक चिन्तक र अनुसन्धानकर्ता व्यक्तित्व थिए तर यी सबै परिचयभन्दा माथि उनी एक इमानदार, बौद्धिक कुटनीतिक व्यक्तित्व थिए, जसले नेपाली समाजमा विचारको संस्कृति निर्माण गर्न उल्लेखनीय योगदान दिए । गोविन्द भट्टको जीवनलाई हेर्दा एउटा साधारण गाउँको बालक कसरी निरन्तर अध्ययन, सङ्घर्ष, आत्मविश्वास र बौद्धिक निष्ठाका बलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको चिन्तक बन्नसक्छ भन्ने प्रेरणादायी उदाहरण भेटिन्छ । उनको जीवन व्यक्तिगत सफलताको कथा मात्र होइन, नेपाली समाजमा ज्ञान, विचार र प्रतिबद्धतायात्राको कथा पनि हो ।

गोविन्द भट्टको जन्म विसं १९९४ साल साउन ३ गते पिता रुद्रनाथ उपाध्याय र माता शैलपुत्री देवीका सुपुत्रका रूपमा रौतहट जिल्लाको पुरेनवामा भएको थियो । धार्मिक तथा परम्परागत ब्राह्मण परिवारमा जन्मिएका गोविन्द भट्टको बाल्यकाल पारिवारिक आर्थिक सम्पन्नता भएर पनि त्यति सहज हुनसकेन । १२ वर्षको उमेरमै उनकी आमाको असामयिक निधन भयो र यसले जीवनमा गहिरो पीडा उत्पन्न गऱ्यो । सानै उमेरमा मातृस्नेहबाट वञ्चित हुनुपर्दा उनको संवेदनशील व्यक्तित्व निर्माणमा प्रभाव पारेको देखिन्छ ।

उनका हजुरबुबा तारानाथ उपाध्याय परम्परावादी ब्राह्मण परिवारका कट्टर व्यक्ति थिए । उनको धारणा थियो- ब्राह्मणका छोराले संस्कृत पढ्नुपर्छ, धार्मिक ग्रन्थको अध्ययन गर्नुपर्छ र परम्परागत ज्ञानकै मार्गमा अघि बढ्नुपर्छ । त्यसैले बालक गोविन्दलाई प्रारम्भिक रूपमा चण्डी, रुद्री तथा अन्य संस्कृत ग्रन्थहरू पढाइयो तर परिस्थितिले उनलाई अर्को दिशातर्फ डोऱ्यायो । हजुरबुबा तीर्थयात्रामा गएका वेला उनका कान्छा बुबा जो अलि उदार र आधुनिक स्वभावका थिए उनले अङ्ग्रेजी विद्यालयमा भर्ना गरिदिए । यही घटनाले गोविन्द भट्टका जीवनको दिशा नै बदलिदियो । बाल्यकालदेखि नै उनी जिज्ञासु, अध्ययनशील र तर्कशील स्वभावका थिए । संयोग उनको न्वारनको नाम पनि 'तर्कनाथ' नै थियो । पछि गोविन्द भट्टका नामले परिचित भए तापनि उनको सम्पूर्ण बौद्धिक जीवन तर्क, विवेक र विश्लेषणमै आधारित रह्यो ।

रौतहटको श्री ३ जुद्ध विद्यालयमा अध्ययन प्रारम्भ गरेपछि उनको असाधारण प्रतिभा प्रकट हुनथाल्यो । अध्ययनमा तीव्र रुचि र मिहिनेती स्वभावका कारण उनी छिट्टै उत्कृष्ट विद्यार्थीका रूपमा परिचित भए । विद्यालयस्तरमै उनले आफूलाई सामान्य विद्यार्थीभन्दा फरक ढङ्गले स्थापित गरे । त्यस विद्यालयमा कक्षा ९ सम्म पढेपछि उनी बनारस पुगे र २०११ सालमा म्याट्रिक उत्तीर्ण गरे ।

गोविन्द भट्टका जीवनमा बनारस केवल अध्ययनको केन्द्र मात्र भएन, त्यो उनको वैचारिक बीजारोपणको स्थल पनि बन्यो । त्यस वेला बनारस हिन्दु विश्वविद्यालय दक्षिण एसियाकै एक महत्त्वपूर्ण बौद्धिक केन्द्र थियो । त्यहाँ साहित्य, दर्शन, राजनीति, इतिहास र समाजशास्त्रका विविध विषयमा बहसहरू चलिरहेका थिए । त्यहाँबाट उनले बी.ए. उत्तीर्ण गरे । ज्ञानको खोजीमा उनले गरेको सङ्घर्षले उनको व्यक्तित्वलाई परिपक्व बनाएको त छदै थियो, त्यहाँको बौद्धिक वातावरणले पनि उनको दृष्टिलाई व्यापक बनायो । बिहानदेखि बेलुकासम्मको कठोर अध्ययन, सीमित साधन, स्रोत र आर्थिक अभावका बिच पनि उनको ज्ञानपिपासा कहिल्यै कम भएन । अभावले उनलाई निराश बनाएन, बरु अझ दृढ बनायो । रौतहटको तत्कालीन राजनीतिक वातावरणका कारण सुरुमा नेपाली काङ्ग्रेसको प्रभावमा रहेका गोविन्द भट्ट २०१४ सालमा रौतहटको गौरमा भएको किसान विद्रोह देखेर वाम राजनीतितिर आकर्षित भएका थिए । भट्टको बनारसमा भरतमोहन अधिकारी, कमल कोइराला, गणेशराज शर्मालगायतका प्रगतिशील विचारकहरूसँग सम्पर्क भएपछि त उनको राजनीतिक तथा वैचारिक दृष्टिकोणमा परिवर्तन नै आयो र उनी मार्क्सवादको अध्ययन गर्नथाले । यस क्रममा उनले २०१६ सालमा प्रगतिशील लेखक सङ्घको सदस्यता पनि लिए । भट्टले आत्मसात् गरेको मार्क्सवाद भावनात्मक वा नारामुखी थिएन । उनले अध्ययन, अनुसन्धान र तर्कका आधारमा मार्क्सवादी दर्शनलाई ग्रहण गरेका थिए । बनारसको पुस्तकालयीय पठनसंस्कृति, बौद्धिक बहस र वैचारिक खुलापनले उनको दृष्टिलाई व्यापक बनायो । उनले दर्शन, साहित्य, राजनीति र इतिहासलाई छुट्टाछुट्टै विषयका रूपमा होइन, परस्पर सम्बद्ध मानवीय ज्ञानका क्षेत्रका रूपमा बुझे ।

गोविन्द भट्टले बनारस हिन्दु विश्वविद्यालयबाट बी.ए.सम्मको शिक्षा हासिल गरेपछि कोलम्बो प्लानअन्तर्गत छात्रवृत्ति प्राप्त गरी लखनउ विश्वविद्यालयमा पाश्चात्य दर्शनशास्त्रमा एम.ए. अध्ययन गरे । त्यहाँ उनको प्रतिभा अझै उजागर भयो र उनी विद्यार्थी सङ्घको अध्यक्षमा समेत निर्वाचित भए । यसबाट उनको बौद्धिक क्षमताको मात्र होइन, नेतृत्वक्षमताको पनि विकास भयो । एम.ए.पछि उनले विद्यावारिधिका लागि शोधकार्य सुरु गरे । त्यसका लागि लखनउ विश्वविद्यालयमा पुनः छात्रवृत्ति पनि प्राप्त भयो तर तीन वर्ष अध्ययन गरेपछि विभिन्न प्रशासनिक र समय थपसम्बन्धी जटिलताका कारण शोधकार्य पूरा हुनसकेन । औपचारिक रूपमा विद्यावारिधि पूरा नभए

पनि उनको अध्ययनको गहिराइ र बौद्धिक उचाइले धेरै पीएचडीधारीहरूलाई समेत उछिनेको पाइन्छ। वास्तवमा उनी उपाधिभन्दा ज्ञानलाई महत्त्व दिने विद्वान् थिए।

त्यस वेला उनलाई घरपरिवारको आर्थिक सहयोग नभएकाले ट्युसन पढाएर आफ्नो अध्ययन खर्च जुटाउनुपरेको थियो। त्यही क्रममा नै इलाहाबाद युनिभर्सिटीको परीक्षाका लागि आफूसँग ट्युसन पढ्न आएकी धरानको शारदा स्कुलकी शिक्षिका इन्दिरा पुरीसँग उनको लखनउमा भेट भयो र समयसँगै सम्बन्ध प्रगाढ हुँदै गई आत्मीय सम्बन्धमा परिणत भयो तर त्यस समयमा आफूखुसी वा अन्तरजातीय प्रेमविवाह सहज थिएन। त्यसकारण सामाजिक दबाब, पारिवारिक असहमति र परम्परागत सोचका बिच पनि उनीहरूले आफ्नो सम्बन्धलाई जोगाइराखे र लामो समयको प्रतीक्षापछि अन्ततः उनीहरू २०१८ साल जेठ १७ गते वैवाहिक जीवनमा बाँधिए। भट्टको कट्टर ब्राह्मण परिवारले अन्तर्जातीय विवाह स्वीकार नगरेकाले उनी एक्लै धरान गएर विवाह गरे। यस घटनाले गोविन्द भट्टको व्यक्तित्वको अर्को महत्त्वपूर्ण पक्षलाई उजागर गरेको छ- उनी विचारमा जति दृढ थिए, जीवनका निर्णयमा पनि त्यत्तिकै साहसी थिए र सामाजिक रुढिविरुद्ध उभिनसक्ने हिम्मत पनि उनमा थियो भन्ने देखिन्छ।

गोविन्द भट्ट बहुआयामिक प्रतिभाका धनी थिए। कविता, निबन्ध, समालोचना, दर्शन, अनुवाद र वैचारिक लेखनलगायतका क्षेत्रमा उनको योगदान छ। उनको साहित्यिक यात्राको सुरुवात २००८ सालमा कविता लेखनबाट भएको हो। प्रारम्भिक चरणमा उनी कविका रूपमा परिचित भए। त्यसपछि उनले निबन्ध पनि लेख्ने। २००९ सालमा उनको 'शोषित पुकार' कविता भारतबाट निस्कने 'युगवाणी' पत्रिकामा छापिएको थियो। त्यसपछि २००९ सालमै 'आमा नेपाल' निबन्ध पनि सोही पत्रिकामा प्रकाशित भयो। २०११ सालमा लेखनाथ पैड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी र माधव घिमिरेजस्ता मूर्धन्य साहित्यकारसँग सँगै बसेर उनले कविता लेख्ने, सुन्ने र सुनाउने अवसर पाएका थिए। उनले त्यस वेला हिन्दीमा पनि कविता लेखेको जानकारी पाइन्छ। उनको हिन्दी कवितासङ्ग्रहको भूमिका महाकवि देवकोटाले लेखेको पनि सूचना छ तर कृति भने अप्रकाशित अवस्थामै रहेको छ। यसपछि २०२२ सालमा नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा प्रथमपटक आयोजित राष्ट्रिय कविता महोत्सवमा उनको 'नैतिकता' शीर्षकको कविताले तृतीय स्थान प्राप्त गऱ्यो र उनी राष्ट्रिय स्तरमा पुरस्कृत पनि भए। भट्टका कविता र निबन्धले त्यस वेलाका प्रतिष्ठित साहित्यकारहरूको ध्यान खिचेका थिए तर समयसँगै उनको रुचि समालोचना र दार्शनिक चिन्तनतर्फ केन्द्रित हुनथाल्यो। सिर्जनाभन्दा सिर्जनाको अर्थ, प्रवृत्ति र सामाजिक सम्बन्धबारे चिन्तन गर्न उनी लागे। फलस्वरूप उनी एक दार्शनिक समालोचक र गम्भीर अध्येताका रूपमा स्थापित भए।

भट्टको पहिलो कृति चाहिँ 'शान्तिसन्देश' (२०२३) खण्डकाव्य हो। यसपछि उनका 'नेपाललाई बुझ्ने समस्या : एक लामो

र कठिन प्रक्रिया' (२०२४, पुस्तिका), 'आधुनिक युग, आधुनिक साहित्य र नयाँ साहित्य' (२०२९, नेपाल भाषा) 'चीनका चार अधुनिकीकरण' (२०४३, अङ्ग्रेजीमा), 'गोविन्द भट्टका समालोचना' (२०५४, सम्पादन- रविलाल अधिकारी), 'गोविन्द भट्टका दार्शनिक रचनाहरू' (२०७०, सम्पादन- विष्णु प्रभात र सुदर्शन श्रेष्ठ), 'गोविन्द भट्टका कविता' (२०७६, सम्पादन- सुकुम शर्मा), 'साहित्य मिमांसा' (२०७७, सम्पादन- विष्णु प्रभात र सुदर्शन श्रेष्ठ) आदि कृतिले उनको बहुआयामिक प्रतिभालाई उजागर गरेका छन् । यसका अतिरिक्त उनका थुप्रै फुट्कर लेखरचना विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् र उनले धेरै जनाका कृतिमा भूमिका पनि लेखेका छन् । उनका रचनाहरू अझै पनि सङ्कलन हुन बाँकी देखिन्छन् ।

उनको महाभारतको कथावस्तुलाई आधार बनाएर लेखिएको 'शान्तिसन्देश' खण्डकाव्य निकै महत्त्वपूर्ण छ। यस काव्यले युद्ध र शान्तिका बिचको शाश्वत् द्वन्द्वलाई विषयवस्तु बनाएको छ र युद्ध र आक्रमणको जबाफ युद्ध र आक्रमणबाटै मात्र दिनसकिन्छ भन्ने विचार प्रस्तुत गरेको छ। 'गुण्डा दर्पदलन' र 'गोविन्दप्रसाद'जस्ता लामा कविताहरू पनि छन् उनका । उनले महाकाव्य पनि लेखेको सूचना पाइन्छ तर उपलब्ध छैन । यी कविताकृतिले उनको कवित्व क्षमतालाई राम्रोसँग प्रकट गरेका छन् ।

भूराजनीतिलाई राम्रोसँग बुझेका भट्टले 'नेपाललाई बुझ्ने समस्या : एक लामो र कठिन प्रक्रिया' साहित्येतर लेखमा नेपाली समाज, राजनीति, कुटनीति, इतिहास र राष्ट्रियताको प्रश्नलाई गम्भीर रूपमा उठाएका छन् । यसैगरी उनका 'मेरो दाह्री', 'परसाद र आशीर्वाद', 'अवसरवाद जिन्दावाद'जस्ता व्यङ्ग्यात्मक वैचारिक निबन्धहरू र देवकोटाका बारेमा लेखिएको 'ढाक्न सक्दैन बादलले सूर्यलाई' र '७० वर्षको बुढोसुगा र एउटा सिकारु गाइने'जस्ता संस्मरण उल्लेखनीय छन् ।

उनको सबैभन्दा ठुलो योगदान समालोचनाका क्षेत्रमा रहेको छ । उनी मार्क्सवादी समालोचनाका प्रतिमानहरूलाई सही ढङ्गले उपयोग गर्ने पहिलो समालोचक हुन्। उनले आफ्ना समालोचनात्मक कृतिमार्फत नेपाली प्रगतिवादी समालोचनालाई सैद्धान्तिक आधार र बौद्धिक मर्यादा प्रदान गरेका छन् । उनका समालोचना वस्तुगत, तर्कसङ्गत र विवेकपूर्ण मूल्याङ्कनमा आधारित छन् । उनले आफ्ना वैचारिक सहयात्रीहरूको मात्र होइन, वैचारिक रूपमा फरक धारका स्रष्टाहरूको पनि निष्पक्ष र निर्भीक समीक्षा गरेका छन् । भानुभक्त, देवकोटा, लेखनाथ, हृदयचन्द्रसिंह प्रधान, पारिजात, विश्वेश्वरप्रसाद कोइराला आदिका बारेमा उनले लेखेका समालोचनाले हामीलाई उनीहरूका बारेमा सही दृष्टिकोण निर्माण गर्न सहयोग गर्छन् । उनका 'शिरीषको फूल कि कागजको फूल', 'तीन घुम्ती कि छाडावादलाई स्वीकृति ?', 'आशामायालाई केलाएर हेर्दा', 'बाढी आगो र युद्धको सौन्दर्यशास्त्र'जस्ता समालोचनात्मक लेखहरू उल्लेखनीय छन् । २०२२ सालमा मदन पुरस्कार पाएर चर्चामा रहेको 'शिरीषको फूल' उपन्यासभित्रको मानवविरोधी विसङ्गतिवादी, शून्यवादी र अस्तित्ववादी चिन्तनलाई केलाएर

उनले निर्भीकतापूर्वक सुगन्धहीन, प्राणहीन कागजको फूल भनेर घोषणा गरिदिए। यसले साहित्यजगत्मा एउटा तरङ्ग पनि उत्पन्न गऱ्यो र पछि पारिजात स्वयम्ले पनि त्यस उपन्यासलाई जीवनविरोधी नै भएको ठान्दै च्यातिदिए हुन्छसम्म भनिन् । यो गोविन्द भट्टको समालोचनाको सामर्थ्यको प्रभाव थियो।

भट्टले आफ्ना समालोचनामा आक्रोशपूर्ण, अशिष्ट वा आरोपमुखी भाषा प्रयोग गरेका छैनन्। उनका लेखनमा शिष्टता, संयम र वैचारिक परिपक्वता पाइन्छ । उनी प्रखर मार्क्सवादी समालोचक हुन् । त्यसैले उनका समालोचनाको मूल आधार अध्ययन, तर्क, वस्तुगत विश्लेषण र वैचारिकता रहेका छन् । उनी समालोचना गर्दा स्रष्टालाई हेरेर वा उसको विचारधाराका आधारमा मात्र होइन, कृतिको कलात्मक र मानवीय मूल्यका आधारमा मूल्याङ्कन गर्नुपर्छ भन्ने मान्यता राख्थे । उनमा आफ्ना पूर्वधारणालाई समेत पुनर्विचार गर्नसक्ने क्षमता थियो। नयाँ तथ्य र नयाँ तर्कका आधारमा आफ्ना पुराना निष्कर्षहरूलाई संशोधन गर्न पनि उनी तयार हुन्थे त्यसैले यही बौद्धिक इमानदारिताले उनलाई विशिष्ट बनाएको हो।

गोविन्द भट्टका व्यक्तित्वका केन्द्रमा दार्शनिक दृष्टि र चेतना रहेकाले उनका लागि दर्शन कुनै शुष्क विषय थिएन, त्यो जीवन बुझ्ने माध्यम थियो। समाज, राष्ट्र, इतिहास, संस्कृति, वर्ग, महिला, स्वतन्त्रता, लोकतन्त्र, मानवीय भविष्य र न्यायका प्रश्नहरू उनका चिन्तनका प्रमुख विषय रहेका छन् । उनले साना साना विषयलाई पनि गहिराइमा पुगेर विश्लेषण गरेका छन् । कुनै पनि समस्याका सतहमा मात्र नअडिएर त्यसका ऐतिहासिक, सामाजिक र वैचारिक कारणहरूको खोजी गर्नु उनको विशेषता रहेको छ।

गोविन्द भट्टको राजनीतिक सोच स्पष्ट रूपमा मार्क्सवादी थियो तर उनी दलगत राजनीतिमा सक्रिय भएनन्। चीनबाट फर्केपछि उनी नेकपा (एमाले)नजिक रहे पनि दलको औपचारिक सदस्य बनेनन्, बन्न मानेनन्। उनी देशविदेशको परिवेश र परिस्थिति बुझेका र विश्लेषण क्षमता भएका विद्वान् थिए। उनको सोच सधैँ वस्तुगत र व्यावहारिक थियो । मार्क्सवादको सिर्जनात्मक प्रयोग र नेपाली विशेषतासहितको मार्क्सवादका पक्षमा थिए उनी । उनी राष्ट्र, राष्ट्रियता र जनताका पक्षमा सधैँ उभिए । धेरै वामपन्थी नेता र चिन्तकहरूका गुरु, सल्लाहकार र आदर्श व्यक्ति थिए उनी । उनले जननेता मदन भण्डारीलाई जनताको बहुदलीय जनवादको प्रवर्तन र लेखनमा सहयोग गरेका थिए । उनको धारणा थियो- राजनीति भनेको केवल चुनाव, सत्ता र सङ्गठनको गतिविधि मात्र होइन, विचार निर्माण पनि हो त्यसैले उनले आफ्नो सम्पूर्ण जीवन वैचारिक क्षेत्रमा नै बिताए। विचारमा असहमति भए पनि संवाद र बहसलाई उनले सधैँ सम्मान गरे । फरक विचारधाराका मानिसहरूसँग पनि उनको घनिष्ठ सम्बन्ध रहन्थ्यो । यद्यपि उनी वस्तुपरक समालोचक रहेका र दुबै धाराका साहित्यकारका कृतिको निर्भीक समीक्षा गरेका कारण उनलाई गैरप्रगतिवादीहरूले प्रगतिवादी र प्रगतिवादीहरूले गैरप्रगतिवादी भन्नसम्म भ्याएका छन्।

भट्टका जीवनको अर्को महत्त्वपूर्ण पक्ष

चीनसँगको सम्बन्ध हो । उनको जीवनको अत्यन्त महत्त्वपूर्ण अध्याय चीनसँग जोडिएको छ । चीनमैत्री सङ्घसँगको सम्बन्धपछि सत्यमोहन जोसी नेपाल फर्केपछि उनी पहिलोपटक २०२९ सालमा सपरिवार चीन पुगे र २०३७ सम्म बेइजिङमा नेपाली भाषा विशेषज्ञ, प्रशिक्षक तथा रेडियो प्रसारकका रूपमा कार्यरत रहे । यो वेला चीनमा सांस्कृतिक क्रान्ति चरम उत्कर्षमा पुगेको थियो । त्यसलाई उनले आफ्नै आँखाले देख्ने र अनुभूत गर्ने मौका पाए र यही वेला उनले माओको 'अन्तर्विरोधबारे' भन्ने पुस्तिका नेपालीमा अनुवाद गरेर नेपाली पाठकलाई उपलब्ध गराए । केही समय नेपालमा रहेर काम गरेपछि फेरि दोस्रोपल्ट २०४२ देखि २०४४ सम्म चिनियाँ सामाजिक विज्ञान प्रतिष्ठानमा अतिथि प्राध्यापक भए उनी । यसरी चीनमा दुईपल्ट गरी एक दशक त्यहाँ रहँदा उनलाई अन्तर्राष्ट्रिय दृष्टि प्राप्त भयो । उनीहरूको चीन बसाइकै कारण उनीहरूका दुई छोरी लुना र शिरीषले पहिलोपल्ट प्रारम्भिक शिक्षा र दोस्रोपल्ट उच्च शिक्षा त्यहींबाट अध्ययन गर्ने अवसर प्राप्त गरे । उनले त्यहाँ रहँदा चीनको समाज, राजनीति, विकास र सांस्कृतिक रूपान्तरणलाई नजिकबाट बुझ्ने अवसर प्राप्त गरे । यही अनुभवका आधारमा उनले 'चीनका चार आधुनिकीकरण' कृति लेखे । चीन-नेपाल सम्बन्धमा योगदान पुऱ्याएबापत चीन सरकारले उनलाई 'सर्टिफिकेट अफ अनर'बाट सम्मान पनि गऱ्यो । नेपालमा चीनसम्बन्धी अध्ययन र विश्लेषण गर्ने व्यक्तिहरू कम थिए । उनलाई चिनियाहरू मन पराउँथे र सल्लाह पनि लिन्थे त्यसैले गोविन्द भट्टलाई नेपालका प्रमुख चीनविज्ञका रूपमा उनीहरूले सम्मान पनि गरे । २०२२ सालमा सम्मेलनमा भाग लिन चीन गएका वेला तत्कालीन शीर्ष नेतृत्व माओत्सेतुङ र चाउ एन लाइसँग प्रत्यक्ष भेट गर्ने अवसरसमेत उनले प्राप्त गरेका थिए ।

गोविन्द भट्टले चीनका साथै नेपालका पनि विभिन्न संस्थाहरूमा संलग्न भएर काम गरे । उनले २०२२ सालमा सात महिना राष्ट्रिय समाचार समितिमा काम गरे भने २०२२ चैत्रदेखि ११ महिना उनी र उनकी श्रीमती इन्दिरा भट्ट दुबैले माधव घिमिरेको सहयोगमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा सम्पादनको काम पाए तर घिमिरेसँग नै वैचारिक विमति भएपछि ११ महिनापछि त्यो जागिर छुट्यो । उनले २०२२ सालमा नै सिद्धिचरण श्रेष्ठको नेतृत्वमा भियतनामको समर्थनमा चीनमा भएको अफ्रो एसियाली लेखकहरूको सम्मेलनमा भाग लिए । यसैको परिणाम २०२४ देखि २०२६ सम्म नेपाल-चीन मैत्री सङ्घमा उनले काम पाए । पहिलोपल्ट चीनबाट फर्केपछि उनले २०३८ देखि २०४२ सम्म नेपाल र एसियाली अनुसन्धान केन्द्रमा अनुसन्धान अधिकृतका रूपमा र दोस्रोपल्ट चीनबाट फर्केपछि पुनः नेपाल र एसियाली अनुसन्धान केन्द्रमै मोडरेटरको काम गरे । उनले २०५१ सालमा गोरखापत्र संस्थानको अध्यक्ष, २०५३ सालमा सगरमाथा दैनिक र द एभरेस्ट हेराल्डको प्रधान सम्पादक तथा २०६१ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको प्राज्ञ परिषद् सदस्य र समालोचना तथा

अनुवाद विभागको प्रमुख भएर नेतृत्वदायी भूमिका खेले ।

त्यसैगरी नेपाल विश्व शान्ति परिषद्को सहसचिव, अफ्रो-एसियाली जनएकता सङ्गठन नेपालको महासचिव, नेपाल-चीन मैत्री सङ्घको केन्द्रीय सदस्य, पारिजात स्मृति केन्द्रको सदस्य, नेपाल बुद्धिजीवी परिषद्को सल्लाहकार, चीन सूचना केन्द्रको कार्यकारी सदस्य, युद्धप्रसाद मिश्र प्रतिष्ठानको सल्लाहकार, चीन अध्ययन केन्द्रको उपाध्यक्ष र सल्लाहकार, प्रगतिशील लेखक सङ्घको अध्यक्ष आदि जिम्मेवारीमा रहेर उनले योगदान गरे । यसबाट उनी केवल अध्ययनकक्षमा सीमित विद्वान् नभई समाज रूपान्तरणमा विश्वास गर्ने सार्वजनिक बौद्धिक व्यक्तित्व थिए भन्ने स्पष्ट हुन्छ । उनले जहाँ रहेर काम गर्दा पनि बौद्धिक नेतृत्व, अध्ययनशीलता र इमानदार भएर नै काम गरे । उनी निर्लोभी र अत्यन्त इमान्दार व्यक्तित्व थिए । उनमा कुनै किसिमको महत्त्वाकाङ्क्षा र पदीय लोभलालच थिएन त्यसैले उनलाई आनन्ददेव भट्ट र गङ्गाप्रसाद उप्रेतीहरू भोलेबाबा भन्ने गर्थे । उनले एमालेले राष्ट्रिय सभामा मनोनय गर्ने कुरा गर्दा स्वीकार गरेनन् । उनी कति इमान्दार र निर्लोभी थिए भन्ने कुरा गोरखापत्र संस्थानबाट फर्कँदा कार्यालयको एउटा सामान्य कलमसमेत फिर्ता गरेको घटनाले पुष्टि गर्दछ ।

ठुलो ज्यान, झ्याप्प दारी, मसिनो स्वर, सरल स्वभाव, साधारण पोसाक, काँधमा सधैँ घरबुनाको झोला बोकेर हिड्ने भट्ट झट्ट हेर्दा कार्लमार्क्सजस्तै देखिन्थे । बाहिरी रूपमा उनी जति सरल र नम्र थिए, भित्री रूपमा आफूले ठिक ठहऱ्याएको कुरामा त्यत्तिकै कठोर र दृढ पनि थिए । यद्यपि जतिसुकै ठुलो र महान् व्यक्तित्वका पनि केही न केही कमजोरी हुन्छन् नै । सर्वगुणसम्पन्न त कोही पनि हुनसक्दैन । उनका पनि केही कमजोरीहरू थिए । चुरोट बढी तान्ने, रक्सी पिउने, कसैले अनुरोध गरेका कुरालाई नाइ भन्ननसक्ने र कहिलेकाहीँ विवादमा आउने उनको स्वभाव थियो । नेपाल प्रज्ञा-प्रतिष्ठानमा कार्यरत रहँदा सञ्चार माध्यममा दिएको अन्तर्वार्ताका कारण उनी विवादमा पनि तानिएका थिए । उनले भारत र चीन दुबै मुलुकमा लामो समयसम्म रहेर ती मुलुकलाई नजिकबाट बुझ्ने मौका पाएका र भूराजनीतिक अवस्थालाई राम्ररी बुझेकाले नेपालमा सर्वमान्य नेतृत्वको आवश्यकता महसुस गर्थे र त्यसबाट मात्र मुलुकको सार्वभौमिकताको रक्षा हुनसक्छ भन्ने विचार राख्थे । यही कुरालाई कतिपय व्यक्तिहरूले विवादको विषय बनाए र उनको आलोचना गरे । भट्ट इमान्दार थिए त्यसैले उनले कुनै बहाना नगरी आलोचनालाई स्वीकार पनि गरे । अन्तिम अवस्थामा उनी लेखन र चिन्तनमा निष्क्रिय नै रहे तर पनि जुन वेलासम्म उनी सक्रिय थिए, उनको लेखन र सैद्धान्तिक निष्ठतामा कुनै अन्तर आएन ।

भट्टले जनस्तरबाट स्थापित कृष्णमणि साहित्य पुरस्कार, गोकुल जोशी पुरस्कार, सर्वश्रेष्ठ पाण्डु पुस्कार, साहित्य सन्ध्या स्रष्टा सम्मान र चीन सरकारका तर्फबाट सर्टिफिकेट अफ अनरलगायतका सम्मान, पुरस्कार प्राप्त गरेका छन् तर पनि राज्यका तर्फबाट उनलाई सम्झने कुनै कार्य नभएका


सन्दर्भमा उनका नाममा वरिष्ठ साहित्यकार गङ्गाप्रसाद उप्रेतीद्वारा स्थापित र साहित्य सन्ध्याद्वारा सञ्चालित 'साहित्य सन्ध्या-गोविन्द भट्ट स्मृति पुरस्कार तथा सम्मान'ले उनका योगदानलाई चिरस्मरणीय बनाउने कार्य भएको छ।

यसरी गोविन्द भट्टको जीवन र उनको योगदानलाई समग्रतामा हेर्दा उनी नेपालका दुर्लभ बौद्धिक व्यक्तित्वमध्ये एक थिए। उनमा विद्वताको गहिराइ थियो, समालोचनाको विवेक थियो, दार्शनिक चेतनाको दृष्टि थियो, शिक्षणको सिप थियो र मानवतावादको संवेदना थियो । उनले जीवनभर विचारलाई कर्मसँग, अध्ययनलाई समाजसँग र ज्ञानलाई मानवीय मुक्तिसँग जोडेर हेरे । आज विचारभन्दा प्रचार, अध्ययनभन्दा हल्ला र संवादभन्दा ध्रुवीकरण बढिरहेका वेला गोविन्द भट्टको जीवन सान्दर्भिक देखिन्छ। सच्चा बौद्धिक व्यक्ति स्वाभिमानी हुन्छ, कसैको दास हुँदैन, ऊ सत्यको अन्वेषी हुन्छ भन्ने कुरा उनले सिकाएको सबैभन्दा ठुलो पाठ हो। यस्ता विद्वान् व्यक्तित्व गोविन्द भट्टको २०६८ साल असोज २५ गते ७४ वर्षका उमेरमा निधन भयो । आज उनको पार्थिव शरीर हामीबिच छैन तर ज्ञान, विवेक, सहिष्णुता र मानवीय प्रतिबद्धताको उनले छोरेको उज्यालो हामीबिच छ । यही कारण गोविन्द भट्ट नेपाली बौद्धिक वैचारिक इतिहास र सौन्दर्य चिन्तनका क्षेत्रमा सधैं सम्मानपूर्वक स्मरणीय रहिरहने छन् र उनी आफ्ना विचार कर्म र लेखनका कारण हामीबिच सदा सदाका लागि बाँचिरहने छन्।

अन्त्यमा यस अवसरमा आदरणीय गोविन्द भट्टप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै उहाँका नाममा स्थापित यो गरिमामय पुरस्कार र सम्मानबाट पुरस्कृत हुनुभएकामा आदरणीय गुरु प्रा.डा. माधवप्रसाद पोखरेललाई हार्दिक बधाइ दिन्छु।

(प्रस्तुत लेख २०८३ असोज २४ गते साहित्य सन्ध्याले आयोजना गरेको 'साहित्य सन्ध्या-गोविन्द भट्ट पुरस्कार तथा सम्मान' अर्पण विशेष समारोहमा पौडेलले गर्नुभएको प्रवचनमा आधारित छ)

❑ गीत



❖ **गोविन्दबहादुर कुँवर**

म त तिमीलाई माया गर्न नजानेको मान्छे
तिम्रो दुःखपीडा बुझ्न पनि नसकेको मान्छे
सहकार्य भयो साथमा यहाँसम्म आइयो
कसो कसो जिन्दगानी सँगसँगै बिताइयो
म त तिमीलाई खुसी पार्नसकेको मान्छे
म त पीरतिको सामान्य ज्ञान नभएको मान्छे
मायामा ठुलो त्याग हुन्छ अहिले थाहा पाइयो
दिनहरू त त्यसै बिते खै कस्तो माया लाइयो
म त तिम्रो भावनालाई चिन्न नसकेको मान्छे
मायाको नाउँमा सिन्को भाँच्न नसकेको मान्छे।

रगतको मूल्य : मानवीय चेतनाको ऐना



❖ बाबुराम लम्साल

१. साहित्य : समाजको ऐना मात्र होइन, चेतनाको उज्यालो पनि


साहित्यलाई समाजको रूपान्तरण र चेतनाको संवाहक मानिन्छ । समाजका आँखाले देखेर पनि नदेखेजस्ता बनाइएका पीडा, दबाइएका आबाज, उपेक्षित जीवन र अँध्यारो कुनामा थन्किएका यथार्थलाई साहित्यले आफ्नै उज्यालोमा ल्याउँछ त्यसैले साहित्य केवल मनोरञ्जनको साधन होइन; यो मानिसको मनभित्र प्रश्न जगाउने शक्ति हो । यसले कहिले आँसुको अर्थ बुझाउँछ, कहिले विद्रोहको आगो सल्काउँछ र कहिले मानिसलाई मानिसकै सामु उभ्याएर सोध्छ, "हामी साँच्चै कति मानवीय छौं ?"

साहित्यका विविध आयाममध्ये कथासाहित्य जीवनसँग सबैभन्दा नजिक उभिएको विधा हो । समय, परिस्थिति र समाजअनुसार कथानक, पात्र र परिवेश फेरिन सक्छन् तर साहित्यको मूल उद्देश्य भने मानिसलाई केवल रमाउनु मात्र होइन, अन्तर्मनदेखि जगाउनु पनि हो । प्रस्तुत 'रगतको मूल्य' कथासङ्ग्रहभित्रका कथाहरूलाई सूक्ष्म रूपमा नियाल्दा समाजका अनेकौं कुरूप अनुहार ऐनामा झैं स्पष्ट देखिन्छन् । कतै पाठक पात्रसँगै हिँड्छ, कतै उसको पीडासँगै रुन्छ र कतै समाजको अन्याय देखेर मनभित्रै विद्रोहको ज्वाला महसुस गर्छ ।

यस सङ्ग्रहका कथामा प्रयोग भएको भाषिक अभिव्यक्तिले मानिसको मनमा आक्रोश, घृणा, क्षोभ र विद्रोहका तरङ्गहरू जगाउनुका साथै कथावस्तुले संवेदनाको गहिराइमा पुऱ्याउने क्षमता राखेको छ । समसामयिक यथार्थलाई केन्द्रमा राखेर युगचेतनाको स्तर नियाल्ने प्रयत्न यस सङ्ग्रहको महत्त्वपूर्ण पक्ष हो । समाजका कुरूपता, विसङ्गति र विभेदलाई केवल देखाएर छोडिएको छैन; तिनका विरुद्ध चेतनाको ढोका खोल्ने प्रयास पनि गरिएको छ । यही कारण होमशङ्कर बाँस्तोलालाई सामाजिक यथार्थवादी कथाकारका रूपमा स्थापित गर्न 'रगतको मूल्य' कथासङ्ग्रहले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

२. सिर्जनाकर्मीको परिचय र कथासङ्ग्रहको संसार

पूर्वी नेपालको ओखलढुङ्गामा जन्मिएका होमशङ्कर बाँस्तोला पेसाले सरकारी जागिरे भए पनि साहित्यको खेतमा निरन्तर पसिना बगाउने जुझारु स्रष्टा हुन् । प्रशासनिक



जिम्मेवारी र साहित्यको साधनालाई सँगसँगै अघि बढाउँदै उनले नेपाली साहित्यमा आफ्नो छुट्टै परिचय निर्माण गरेका छन्। उनका आधा दर्जनभन्दा बढी कृतिहरू प्रकाशित भइसकेका छन् । 'रगतको मूल्य' साझा प्रकाशनबाट प्रकाशित कथासङ्ग्रह हो, जसमा उन्नाइसवटा कथाहरू सङ्गृहीत छन् । यी कथाहरू कुनै काल्पनिक स्वर्गका रङ्गीन फूल होइनन्; यिनमा गाउँघरका धुलाम्मे बाटा छन्, अभावका चिरा छन्, पीडाका आँसु छन् र विभेदले घाइते बनेका जीवनका धड्कनहरू छन्। कथाकारले समाजका तिनै वास्तविक पात्रलाई आफ्नो कथाको केन्द्रमा ल्याएका छन्, जो प्रायः इतिहासका पानामा नाम नपाए पनि जीवनको वास्तविक इतिहास बाँचिरहेका हुन्छन् ।

३. विभेदको पुरानो घाउ

सिप, कर्म र वर्गीय संरचनालाई समाज व्यवस्थाले निरन्तरता दिँदै आएको लामो इतिहास छ । कानुनी रूपमा जातीय विभेद अन्त्य भएको घोषणा गरिए पनि समाजको मनबाट विभेदको विष पूर्ण रूपमा मेटिएको छैन। संविधानले समानताको आबाज उठाउँछ तर व्यवहारमा मानिस अझै मानिसको जात सोधेर उसको सम्मान नाप्छ। यही विडम्बना हाम्रो सामाजिक यथार्थको सबैभन्दा पीडादायी पक्ष हो। गाउँघरको परिवेश, पुराना सांस्कृतिक मान्यता र जरा गाडेर बसेका अन्धविश्वासका कारण विभेदले अझै पनि आफ्नो अस्तित्व जोगाइरहेको छ । नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र बनेको धेरै समय बितिसक्दा पनि समानताको अनुभूति समाजका सबै तहसम्म समान रूपमा पुग्नसकेको छैन । कानुन हुनेखानेका लागि हतियारजस्तो र हुँदा खानेका लागि आकाशको फलजस्तो बन्नु न्यायप्रतिको गम्भीर व्यङ्ग्य हो। कानुनका किताबमा समानता लेखिनु र जीवनमा समानता बाँच्न पाउनु एउटै कुरा होइन। यही फरकले आज पनि हजारौँ मानिसको जीवनलाई पीडाको अँध्यारोमा धकेलिरहेको छ।

४. परिवर्तनको नाममा पुरानै पीडा

पश्चिमी संस्कृतिको प्रभाव नेपाली समाजमा विस्तार हुँदै गएको छ। परिवर्तन समयको स्वाभाविक नियम हो तर परिवर्तनका नाममा मानवीय मूल्य र संवेदनाको ह्रास हुनु दुःखद पक्ष हो। परम्परागत मूल्य-मान्यताहरू क्रमशः कमजोर हुँदै जाँदा समाजमा उपेक्षा, उत्पीडन र असमानताका नयाँ-पुराना रूपहरू देखिन थालेका छन् । महिला हिंसा दिनप्रतिदिन बढ्दो चिन्ताको विषय बनेको छ । गरिब, दलित र सीमान्तकृत समुदाय अनेकौँ प्रकारका शोषण र उपेक्षाबाट

आहत छन् । व्यवस्था फेरिएको छ, शासक फेरिएका छन्, नाराहरू फेरिएका छन् तर धेरै नागरिकको जीवनको वास्तविकता भने उस्तै छ । सरकारी निकायबाट समेत उपेक्षित मानिसले उचित न्यायको खोजीमा भौंतारि नुपरेको अवस्था अझै समाप्त भएको छैन । उत्तरआधुनिकताको युगमा पनि थिचिएका, दबाइएका र किनारामा पुऱ्याइएका मानिसले आफ्नो टाउको उठाएर स्वतन्त्र रूपमा बाँच्न नसक्नु हाम्रो सभ्यतामाथिकै प्रश्न हो । मानिसको शरीरमा कर्म, श्रम, यौवन र रगत चल्छ तर उसको छुवाइलाई अशुद्ध ठान्ने प्रवृत्ति जीवित रहनु कति ठुलो अमानवीयता हो !

५. रगतको रङ एउटै हुन्छ

रगतको मूल्य' कथासङ्ग्रहको सबैभन्दा मार्मिक चेतना यहीं प्रकट हुन्छ–मानिसको रगतको कुनै जात हुँदैन । कसैको शरीरबाट बगेको रगत ब्राह्मणको भनेर सेतो हुँदैन, दलितको भनेर कालो हुँदैन । पीडामा सबैको आँखा रसाउँछन्, मृत्युको भय सबैलाई हुन्छ र जीवनको मूल्य सबैका लागि समान हुन्छ । कथामा दलित समुदायको मानवीय संवेदनालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । पानी छोएको नचल्ने मानिसको रगत भने जीवन बचाउन आवश्यक पर्दा निसङ्कोच चल्छ । यही विडम्बनामाथि कथाले चोटिलो प्रश्न उठाएको छ । मानिसको छुवाइलाई घृणा गर्ने समाजले जीवन बचाउने उसको रगतलाई भने सहजै स्वीकार गर्छ । आखिर पानीभन्दा रगत पवित्र हुने र मानिसभन्दा जात ठुलो हुने यो कस्तो समाज हो ?

कथामा व्यक्त भावले पाठकको मनमा गहिरो चोट पुऱ्याउँछ–आज रगत नपाएको भए जीवन नै समाप्त हुने थियो भन्ने यथार्थले विभेदको सम्पूर्ण संरचनामाथि प्रश्नचिह्न खडा गर्छ । दलितले छोएको पानी नचल्ने तर त्यही दलितको रगत शरीरभित्र बग्दा जीवन बच्ने यो विरोधाभास केवल कथाको विषय होइन; हाम्रो सामाजिक चेतनामाथि परेको कालो दाग हो ।

६. म बाहिरै बस्छु' : एउटा वाक्यभित्रको संसार

"म बाहिरै बस्छु..."जस्तो सामान्य देखिने वाक्यभित्र पनि शताब्दीयौंको पीडा लुकेको हुन्छ । कसैलाई घरभित्र पस्न नदिइनु केवल एउटा ढोका बन्द हुनु होइन; त्यो मानिसको आत्मसम्मानमाथि लगाइएको ताला हो । समाजले सीमान्तकृत समुदायलाई भौतिक रूपमा मात्र होइन, मानसिक र सामाजिक रूपमा पनि किनारामा धकेलेको छ । आज केही दलित समुदायका व्यक्तिहरू शिक्षा, प्रविधि र सिपका माध्यमबाट उल्लेखनीय सफलता हासिल गर्दै उदाहरणीय बनेका छन् तर अर्कोतर्फ कतिपय ठाउँमा विभेदको पुरानो जरा अझै जीवित छ ! कोही मानिस आफ्नो प्रतिभा र परिश्रमले आकाश छुन खोजिरहेको छ तर समाजले उसको नामभन्दा पहिले जात खोजिरहेको छ ! यही विरोधाभासले परिवर्तनको यात्रालाई अधुरो बनाइरहेको छ ।

७. श्रम चल्ने, मानिस नचल्ने विडम्बना

हाम्रो समाजको अर्को विचित्र यथार्थ छ–सियो चल्छ, धागो चल्छ, हँसिया र हथौडा चल्छ, श्रम चल्छ, मानिसले बनाएका घरका सामान चल्छन् तर त्यही सामान बनाउने मानिसको छुवाइ चाहिँ चल्दैन ! संसारका सबै वस्तु स्वीकार्य छन् तर एउटा मानिसको मानवता अस्वीकार्य बन्नुजस्तो विडम्बना अरू के हुन सक्छ ? जातको आधारमा मानिसलाई माथि र तल छुट्याउने प्रवृत्तिले समाजलाई कहिल्यै सभ्य बनाउन सक्दैन । आर्थिक रूपमा कमजोर, सामाजिक रूपमा पछाडि परेका र जातीय रूपमा हेपिएका मानिसलाई थप पीडा दिनु शक्ति होइन; त्यो हाम्रो चेतनाको कमजोरी हो त्यसैले राज्यले पनि समाजका सबै वर्गलाई समान अवसर र आवश्यक सहयोग उपलब्ध गराउँदै जीवनयात्रालाई सहज बनाउनुपर्छ। मानिसको हैसियत उसको जातले होइन, उसको मानवीयता, कर्म र योगदानले निर्धारण गर्नुपर्छ।

८. सामन्ती मानसिकताको छाया

नेपालका कतिपय ठाउँमा आज पनि मुखियाको इसारामा समाज चल्ने मानसिकता पूर्ण रूपमा समाप्त भएको छैन। कानुनलाई पन्छाएर आफूलाई नै कानुन ठान्ने चरित्रले कमजोर र उत्पीडित वर्गलाई निरन्तर दबाइरहेको छ । आर्थिक रूपमा कमजोर, सामाजिक रूपमा पछाडि परेका र जातीय रूपमा हेपिएका मानिसमाथि सीमित व्यक्तिहरूले आफ्नो शक्ति र हैसियतको दुरुपयोग गर्नु गम्भीर सामाजिक अपराध हो।

अल्पसङ्ख्यक शक्ति र पहुँच भएका मानिसले बहुसङ्ख्यक श्रमिक र कमजोर वर्गलाई पीडित बनाइरहनु विडम्बनापूर्ण यथार्थ हो । स्वतन्त्रताको नाममा स्वेच्छाचारिता, विकासको नाममा शोषण र संस्कृतिको नाममा विभेदलाई संरक्षण गर्ने प्रवृत्ति समाजका लागि घातक छ । पुस्तौँसम्म ऋणको बोझ बोकाएर मानिसलाई दाससरह बनाउने मानसिकता सभ्य समाजको परिचय हुनसक्दैन। कथामा पुर्खौंदेखि एउटै समुदायलाई सेवा र श्रममा बाँधेर राख्ने परम्पराप्रति पनि तीव्र असहमति व्यक्त गरिएको छ । मानिसलाई उसको जन्मकै आधारमा कुनै कामको कैदी बनाउनु मानवताको अपमान हो । मानिस जन्मँदा स्वतन्त्र हुन्छ, समाजले उसलाई विभेदको साङ्लोमा बाँध्नुहुँदैन।

९. दबाइएका आबाज र न्यायको आवश्यकता

समाजमा आबाज उठाउननसक्ने मानिसहरूको पीडा अझ गहिरो हुन्छ । डर, धम्की, सामाजिक दबाब र आर्थिक कमजोरीका कारण कतिपय पीडित आफ्नो पीडा भन्नसमेत सक्दैनन्। विशेष गरी कमजोर वर्ग र महिलामाथि हुने अन्यायलाई कथाले गम्भीर मानवीय प्रश्नका रूपमा उठाएको छ । कुनै पनि व्यक्तिमाथि हिंसा, अपमान वा जबर्जस्ती गर्नु केवल एउटा व्यक्तिविरुद्धको अपराध होइन; त्यो सम्पूर्ण समाजको नैतिकतामाथिको आक्रमण हो । पीडितलाई न्याय, संरक्षण र सम्मान दिलाउनु

राज्यको दायित्व हो भने अपराधीलाई कानुनी दायरामा ल्याउनु सभ्य समाजको कर्तव्य हो । चेतना र शिक्षाको अभावमा दबिएका आबाजलाई अझ दबाउने होइन, उनीहरूलाई बोल्नसक्ने वातावरण सिर्जना गर्नुपर्छ ।

१०. कथासङ्ग्रहको शक्ति र सीमा

'रगतको मूल्य' कथासङ्ग्रहका अधिकांश कथाहरू सामाजिक यथार्थसँग गहिरो रूपमा जोडिएका छन् । विज्ञान र प्रविधिले संसारलाई धेरै अगाडि पुऱ्याइसकेको युगमा पनि कथाका कतिपय पात्रहरू चेतनाको दृष्टिले पुरानै सोच र अन्धविश्वासमा बाँधिएका देखिन्छन् । गाउँले परिवेश, सामाजिक संरचना र जीवनका कठोर यथार्थ कथाको प्रमुख आधार बनेका छन् । कथाका विषयवस्तुले पाठकलाई उकालो-ओरालो, देउराली-भञ्ज्याङ र गाउँघरका चौतारीसँगै जीवनको यात्रामा हिँडाउँछन् । गरिबी, अभाव, अशिक्षा, पीडा, अज्ञानता, अन्धविश्वास र विभेदजस्ता विषयलाई उपयुक्त पात्रमार्फत अभिव्यक्त गर्नसक्नु कथाकारको सबल पक्ष हो । पात्रहरू बनावटी लाग्दैनन्; उनीहरू हाम्रै समाजका वरिपरि बाँचिरहेका मानिसजस्ता प्रतीत हुन्छन् । कतिपय कथाहरू पुरानो समयको परिवेशमा लेखिएकाले बदलिँदो समयलाई पूर्ण रूपमा समेट्न नसकेजस्तो अनुभूति हुनसक्छ । केही ठाउँमा भाषिक अभिव्यक्ति र पात्रको संवादलाई अझ स्वाभाविक तथा सशक्त बनाउन सकिने सम्भावना पनि देखिन्छ तर यस्ता सीमाहरूका बाबजुद कथासङ्ग्रहको मूल शक्ति यसको मानवीय संवेदना र सामाजिक चेतना हो ।

११. निष्कर्ष

समग्रमा 'रगतको मूल्य' कथासङ्ग्रह समाजको सतहमुनि लुकेका पीडा, विभेद र असमानताका घाउहरू देखाउने महत्त्वपूर्ण कृति हो । यसमा गरिबी छ, अभाव छ, अशिक्षा छ, अन्धविश्वास छ, शोषण छ तर ती सबैभन्दा माथि एउटा बलियो प्रश्न छ–मानिस कहिले साँच्चै मानिसका रूपमा स्वीकार हुने छ ? कथाकारले कुनै उपदेशको भारी बोकाएर पाठकलाई थकाएका छैनन् बरु जीवनका घटनालाई यसरी प्रस्तुत गरेका छन् कि पाठक स्वयम् प्रश्न गर्न बाध्य हुन्छ । यही साहित्यको शक्ति हो । साहित्यले जब मानिसलाई आफ्नै व्यवहारमाथि सोच्न बाध्य बनाउँछ तब मात्र त्यसले आफ्नो सामाजिक दायित्व पूरा गरेको मान्नसकिन्छ । 'रगतको मूल्य'ले हामीलाई सम्झाउँछ–जात फरक हुनसक्छ, भाषा फरक हुनसक्छ, रहनसहन फरक हुनसक्छ तर पीडाको भाषा एउटै हुन्छ र जीवनको मूल्य सबैको समान हुन्छ । मानिसको शरीरमा बग्ने रगतले जात सोध्दैन त्यसैले समाजले पनि मानिसको मानवता नाप्नुअघि उसको जात सोध्न छोड्नुपर्छ ।

अन्ततः रगतको वास्तविक मूल्य बजारले होइन, मानवताले निर्धारण गर्छ । जब समाजले यो सत्यलाई हृदयदेखि स्वीकार गर्ने छ तब मात्र विभेदका पर्खालहरू भत्कने छन् र मानिसले मानिसलाई साँच्चै मानिसकै रूपमा देख्नसिक्ने छ ।



❖ सिजन श्रेष्ठ

समयलाई सम्बोधन

पातका झ्यालहरूबाट
बिस्तारै हेर समयलाई
पहेँलिएर भुइँमा छरपस्ट
पत्तैपत्ताको माझमा
कुम्भकर्णझैँ
मस्त निदाइरहेको भेट्ने छौ ।

पानीका मसिना झ्यालहरूबाट
चिहाएर हेर समयलाई
कर्कलो, उनिउँ, जलकुम्भी र माछाहरूको
नरम नरम
कोमल कोमल
र
न्याना न्याना
स्पर्शहरूलाई
भुलेर/छाडेर/आफ्नै लयमा/गतिमा
बहिरहेको देख्ने छौ समयलाई ।

इन्द्रजाली रुखका झ्यालहरूबाट
नियालेर हेर समयलाई
समय रुखझैँ
अग्लिँदै अग्लिँदै
थकित मुद्रामा
सगरसम्म पुग्ने बाटो
पहिल्याउँदै हिँडिरहेको देख्ने छौ ।

हावाका झ्यालहरूबाट
सुस्तरी हेर समयलाई
कतै मग्मगाउँदै
कतै दुर्गन्ध फैलाउँदै
कतै वेगमा दौडिहिँडेको त
कतै रुखका हाँगाहरूझैँ
भाँचिए !

लड्खडाउँदै
मलम लगाइरहेको
पीडामा बाँचिरहेको भेट्ने छौ
समयलाई ।
अरूभन्दा बिल्कुलै फरक
औँलाका झ्यालहरूबाट
गम्भीरतापूर्वक हेर
समयलाई
र कैद गर मुट्ठीमा एक क्षण
अरूहरूको मात्रै होजस्तो लागेको
यो सारा संसार
यो पृथ्वी
तिमीलाई
तिम्रो आफ्नैजस्तो लाग्ने छ ।

वाना, सङ्खुवासभा ।

जन्मदिनको कविता

कविताको सामर्थ्य अर्थको उडान भर्नु हो, भूगोलको सीमा नाघ्नु हो ।

विगत एक दशकयता मैले आफ्नो जन्मदिनमा सानो आयामको कविता लेखी विद्वान् मित्रहरूका सहयोगमा अन्य भाषा-भाषिकामा अनुवाद गरी सामाजिक सञ्जालमा पोस्ट गर्दै आएको छु । यस वर्ष अर्थात् २०८३ कार्तिकमा पनि मैले सोही परम्परालाई कायम गरेँ । हितैषी विद्वत्जनले अनुवाद गर्नुभएको सो कविता नेपाली, संस्कृत, तामाङ, भोजपुरी, नेपाल भाषा, गुरुङ, मगर, अङ्ग्रेजी, हिन्दी, उर्दू, रसियन, चेपाङ, खसानी, डोट्याली, बैतडेली, मैथिली, बाजुरेली, बज्जिका, मुसहरिया, राजबंशी, कुमाल, बंगला, रानाथारु, सिम्ताली आदि विभिन्न भाषा तथा भाषिकामा उपलब्ध भयो । ती कविता यथासमय सामाजिक सञ्जालमा पोस्ट पनि भए । त्यसको इन्द्रेणीपन विलुप्त हुननदिन यस स्तम्भमा जन्मदिनमा लेखिएको मूल कविता तथा त्यसको विभिन्न भाषा तथा भाषिकामा गरिएका अनुवाद प्रेषित गरेको छु । कविताको अनुवाद तथा सोको सहजीकरणमा सहयोग गर्ने सबै विद्वत्जनप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु ।

म आएको छु

❖ वासुदेव अधिकारी

खस्नै लागेको चट्टान
पग्लिनै लागेको हिउँ
मुख बाउँदा बाउँदै खसेको गाँस
लेख्छु भन्दाभन्दै नलेखिएको कविता
देखेका छौ तिमीले ?

म त्यही गाँस हुँ
त्यही कविता
त्यही हिउँ
सपना नै सपनाको ध्वजा
घाउ नै घाउको कथा
सङ्कल्पै सङ्कल्पको यात्रा
थाहा छ तिमीलाई ?
म त्यही सपना हुँ
त्यही सङ्कल्प
त्यही घाउ !
एकाकार छन्
खरानी र सन्त्रास
ल्हेन्दे र बित्यास
भाकल र न्याय
रहस्य र लोकतन्त्र
समयले सुरुङभित्रको
सासलाई बेवास्ता गरेको वेला
क्स्तो लाग्छ बन्दुक गान ?
एल्गोरिदमको शान ?
तथापि म आएको छु
केही उज्यालो गाउन
भ्रमको जगल्टा समाउन
डार्क पिआरको तेजिलो हावासँग
कुस्ती खेल्न ।

८ कार्तिक २०८३

अहम् आगतोऽस्मि

संस्कृत अनुवाद संयोजन : डा. हरि तिमिल्सिना

प्रस्तरः पतितुमुद्यतः,
हिमं द्रवितुमुद्यतम्,
मुखे विवृत एव पतितः कवलः,
लिखामीति चिन्तयता न लिखितं काव्यम्-
दृष्टवानसि त्वम् ?
अहमेव स कवलः,
तदेव काव्यम्,
तदेव हिमम् ।
स्वप्नानामेव स्वप्नध्वजः,
व्रणानामेव व्रणकथा,
सङ्कल्पानामेव सङ्कल्पयात्रा–
जानासि किम् त्वम् ?
अहमेव तत् स्वप्नम्,
स एव सङ्कल्पः,
स एव व्रणः ।

एकात्मतां गता इमे–
भस्म च सन्त्रासश्च,
ल्हेन्दे च विपत्तिश्च,
व्रतप्रतिज्ञा च न्यायश्च,
रहस्यं च लोकतन्त्रम् ।
यदा कालः सुरुङ्गान्तःस्थितस्य
श्वासस्यापि उपेक्षां करोति,
तदा कीदृशं भाति बन्दूकस्य गानम् ?
एल्गोरिदमस्य वैभवम् ?
तथापि अहम् आगतोऽस्मि–
किञ्चित् प्रकाशं गातुम्,
भ्रमस्य जटाजूटं ग्रहीतुम्,
अन्धकारमयस्य जनसम्पर्कप्रचारस्य
तीक्ष्णवातेन सह मल्लयुद्धं कर्तुम् ।

ङा खाबा मुला

तामाङ अनुवादः ईश्वर थोकर

ताइगे लाबा युङबा
ङ्युइ लाबा ग्लिङ
सुङ आ लाना लानान ताइबा कानछ्याम्बा
ब्रिगे बिना बिनान ब्रिबारि आखाम्बा ह्वाइखा
ग्राङबा मुला एसे ?
ङा थेनोन कानछ्याम्बा हिन्ना
थेनोन ह्वाइखा
थेनोन ग्लिङ ।

म्हाङ नोन म्हाङला लुङदर
पोर नोन पोरला राप
तिलाइ लासिन ख्लाबाला ल्हाम
था मुला एदा ?
ङा थेनोन म्हाङ हिन्ना
थेनोन तिलाइ लासिन ख्लाबाला

थेनोन पोर ।
छ्योल्बा मुला
मेफ्रा थेन लोङबा
ल्हेन्दे थेन म्हान्नोन आम्हान्बा स्हे
भाकल थेन न्याय
लासि टिबा ताम थेन लोकतन्त्र
दुइसे सुरुङन्हाङला
सादा लेबाफेबा लाबा दुइरि
खाराङबा म्हान्ला तुम्बाकला ह्वाइ ?
एल्गोरिदमला फुइ ?
ओजातासिन ङा खाबा मुला
तिलाइ ह्यालाइ कोबारि
लुच्छा तामला ह्वाल्बाक्रा चुङबारि
डार्क पिआरला दापलुङबा
म्युङबा लुङसुरतेन प्रे छेबा क्लाङबारि ।

हम आइल बानी

भोजपुरी अनुवादः डा. गोपाल ठाकुर

ढहही लागल चट्टान
पघिलही लागल बरफ
मुँह बावते-बावते गिरल कौर
लिखेम कहते-कहते ना लिखाइल कविता
देखले बाड़ऽ तू ?
हम उहे कौर हईं
उहे कविता
उहे बरफ।

सपने-सपना के धाजा
घावे-घाव के कथा
संकल्पे-संकल्प के जातरा
थाह बा तोहरा ?
हम उहे सपना हईं
उहे संकल्प
उहे घाव।
एकाकार बाड़न स
राख आ संत्रास
लेंदे आ प्रलय
भखउती आ न्याय
रहस्य आ लोकतंत्र
समय के सुरुङ भीतर के
साँस के अनदेखा कइल बेरा
कइसन लागेला बंदुक गान ?
एल्गोरिदम के शान ?
तइओ हम आइल बानी
कुछ अँजोत गावे
भ्रम के झोंटिआवे
अनार पिआर के
तेज बेआर सङे कुस्ती खेले।

जि वयागु दु

भाय् हिउम्ह : रमेशकाजी स्थापित
(नेपाल भाषा)

कुतुं हे वयेत्यंगु तग्वःल्वहं
नाये हे त्यंगु च्वापु
आँ याना च्वंकंच्वंकं कुतुं वंगु जाप्ययू
च्वये धाधां हे मच्वःगु चिनाखँ
खनागु दु ला छं ?
जि व हे जाप्ययू खः
व हे चिनाखँ
व हे च्वापु।

म्हगसै म्हगसया ध्वाँय्
घाःया घाःयागु बाखं
संकल्पै संकल्पया यात्रा
सिउ ला छं ?
जि व हे म्हगस खः
जि व हे संकल्प
व हे घाः।
छता हे थे जूगु दु
नौ व ग्याःसू
ल्हेन्दे व मखुथे जुइगु
भाकल व न्याय
रहस्य व लोकतन्त्र
इलं सुरुङ दुनेया
सासःयात इग्नोर याःगु इलय्
गथे ताः तुपःया म्यैं
एल्गोरिदमया फुइँ ?
न्ह्यागुसां जि वयागु दु
छुं छुं जः हालेत
भ्रमया सँप्वाँय् ज्वनेत
डार्क पिआरया
तच्वःगु फय्लिसे कुस्ति ल्वायेत

ङ खईमु

गुरुङ अनुवाद : रोशनी गुरुङ, पोखरा
संयोजन : चन्द्र गुरुङ

पदिएल म्हैबा चट्टान
पगल्दियल म्हैबा क्लिई
चल म्हैना म्हैना तियाब गाँस
प्ह्रिम भिना भिना अप्ह्रिबा कविता
क्हिई म्रोइमुवा ?
ङ् च गाँसन या
च कविता
च क्लिई ।

म्होडा नै म्होडरबै धजा
घाउए घाउबै कथा
संकल्पैए संकल्परबै यात्रा
था मु क्हिलाई ?
ङ् च म्होडा या
च संकल्प
च घाउ ।
एकाकार मु
म्याउरो ने संत्रास
ल्हेन्दे ने बित्यास
भाकल ने न्याय
रहस्य ने लोकतन्त्र
समयई सुरुङन्होरबै
सोलाई आखोबै बेला
खईतब ङह्मु बन्दुकै कुई ?
एल्गोरिदमए शान ?
छतलैपनि ङ खईमु
तोई उज्यालो प्रिबर
भ्रमए जगल्टा क्हाबर
डार्क पिआरए तेजिलो खैईनिप्रे कुस्ती क्ल्योबर ।

ङाँ हुद ङाले

खाम मगर अनुवाद : कर्णबहादुर बुढामगर, रुकुम पूर्व
संयोजन : डा. प्रतिभा पुन

तेवा तेवा ताव लुं
बिलैवा बिलैवा ताव पोम
यूहा गा जैक जैक तेव गास
ङासर हैलेक लेक मासर्सिव तुका
र्हंद ननैए रो ?
ङाँ हो गास ज
नों तुका
नों पोम ।
मंए मंरए धजा
म्हांए म्हांरए गर्तिअ्
बाचाए बाचारए बै
था लेज्या नं लाए ?
ङाँ हो मं ज
हो बाचा
हो म्हां ।
तक्यां लेज्या र
धुली सोनो छ्यास
ल्हेन्दे सोनो भत्याबाङ्ग

भोक सोनो न्याय
मर्म सोनो लोकतन्त्र
समय ए कुर जें लाव
सः लाए इग्नोर दोसिव बेला
कित्याव लेज्या बन्दुक रे ?
एल्गोरिदमए ओधाचा ?

तैदि ब डाँ हुद डाले
जां पलां गैन्याए जुंनी
भ्रमए ज्यान्तान क्यूहोन्यए जुंनी
डार्क पिआरए
जगैव बतास स मर्कलैसिन्यए जुंनी ।

I have come

English Translation: Ashmita Manadhar

The rock that was about to fall,
The snow that was about to melt,
The moment I opened my mouth,
The poem I intended to write, but couldn't write,
Have you ever seen?
I am that poem,
That incomplete poem,
That melting snow.
Ash and fear,
Pain and misfortune,
Hope and justice,
Secrets and democracy,
All are connected.
When time has ignored the tunnel,
How can the songs of the gun sound?
How does the glory of algorithm feel?
Despite this, I have come,
To sing some songs of light,
To hold the tangled threads of illusions,
And with the sharp winds of the Dark PR campaign.
Nazm-e-Salgirah Main Aa Gaya Hoon
Basudev Adhikari

The rock that was about to fall,
The snow that was about to melt,
The moment I opened my mouth,
The poem that was about to be sung, but couldn't be sung,
Have you seen?
I am that poem,
That glory of algorithm,
That story of melting.
What is the dream of dreams, the story of melting?
Do you know the journey of dreams?
I am that dream,
That journey of dreams.
What is the pain of pain, the pain of pain,
The pain of hope and justice, the pain of secrets and democracy?
When time has ignored the tunnel,
How does the song of light feel?
The glory of algorithm?
Yet I have come,
To sing some songs of light,
To hold the tangled threads of illusions,
And to wrestle with the sharp winds of the Dark PR campaign.

मैं आया हूँ

हिन्दी अनुवाद : सुमी लोहनी

गिरने ही वाला चट्टान
पिघलने ही वाला बर्फ
मुँह खुलते खुलते गिरी ग्रास
लिखता हूँ कहते कहते अनलिखी कविता
देखा है तुमने ?
मैं वही ग्रास हूँ
वही कविता
वही बर्फ !

सपनों ही सपनों के ध्वज
घाव ही घाव की कहानी
संकल्प ही संकल्प की यात्रा
पता है तुमको ?
मैं वही स्वप्न हूँ
वही संकल्प
वही घाव !

एकाकार हैं
राख और संत्रास
ल्हेन्दे और बरबादी
मन्नत और न्याय
रहस्य और लोकतंत्र
वक्त ने गुफा अंदर की
सासों को इग्नोर किया हुआ पल
कैसी लगती है बंदूक की गान ?
एल्गोरिदम की शान ?
तथापि मैं आया हूँ
कुछ उजाला गाने
भ्रम के बालों को पकड्ने
डार्क पिआर की
तेज हवासँग कुश्ती खेलने ।

Я пришёл

Стихотворение ко дню рождения
(поэтический перевод Тамары Потёмкиной)
(Russian Translation Arrangements: Milan Tuladhar)

Камень у края пропасти,
Снег, что растает вскорости,
Капля дождя в глухой тишине,
Слышите стих, что зреет во мне?

В нём я - тот камень, та капля, тот снег,
Мысли, которыми жив человек:

Как нам мечту в жизнь претворить?
Раны души чем излечить?
Кто даёт право нам на любовь?
Ищем ответы мы вновь и вновь.

Я же веду свой поиск в стихах -
Там и мечты, и раны, и страх...

В жизни пред нами много задач,
Часто соседствуют радость и плач,
Рядом жестокость и милость,
Коварство и справедливость.
Тираны и демократы,
Мир бедных и ложь богатых,
Пепел разлук, горечь потерь,
К счастью закрыта наглухо дверь.

Я к вам пришёл свой стих подарить,
Чёрный пиар добром заменить,
Все ваши беды предотвратить,

میں آیا ہوں

واسودیو ادھیکاری :شاعر

منت اور انصاف،
راز اور جمہوریت،
سب ایک دوسرے میں پیوست ہیں۔
جب وقت نے سرنگ کے اندر
سانسوں کو نظر انداز کر دیا ہو،
تو بندوق کے گیت کیسے لگتے ہیں؟
الگورتھم کی شان کیسی محسوس ہوتی ہے؟
اس کے باوجود میں آیا ہوں،
کچھ روشنی کے گیت گانے،
خوش فہمیوں کے الجھے ہوئے گچھے تھامنے،
کی تیز و تند ہواؤں سے (Dark PR) اور تاریک تشہیری مہم

چٹان جو ابھی گرنے ہی والی تھی،
برف جو ابھی پگھلنے ہی والی تھی،
منہ کھلتے ہی جو نوالہ گر گیا،
وہ نظم جو لکھنے کا ارادہ تھا مگر لکھی نہ جا سکی،
کیا تم نے کبھی دیکھا ہے؟
میں وہی نوالہ ہوں،
وہی ادھوری نظم،
وہی پگھلتی ہوئی برف ہوں۔

راکھ اور خوف،
لہندے اور مصیبت،

اردو

डा वाङो मुनाङ

चेपाङ अनुवादः उद्धव चेपाङ

क्लासा लै लागो बाङ
पग्लस लागे ह्युङ
जेसा लागो बेला क्लाओ गाँस
लेखनाङ तोदा तोदै लेखमालो कविता
चेओ मुना नाङी ?
डा ओलै गाँस
ओलै कविता
औल ह्युङ
मङ्ग्याउ लै मङ्ग्याउको ध्वजा
चा लै चा को कथा
संकल्पै संकल्पको यात्रा
थाहा मुना नाङ्काई
डा ओ लै मङ्ग्याउ
ओल संकल्प
ओल चा

याजेल मुना
म्हे कु र सन्त्रास
ल्हेन्दे अङ्सै बित्यास
भाकल अङ्सै न्याय
रहस्य अङ्सै लोकतन्ज्ञत्र
समय यी सुरुङभित्रको
सासकाई वास्ता जाङ्मालो बेला
गथाङ्तो लागाना बन्दुक गान ?
एल्गोरिदमको शान ?
तै मा डा वाङो मुनाङ
गाउ उज्यालो मेसा
भ्रमको म्याङ चुम्सा
डार्क पिआरको
तेजिलो मारु कुसी कुस्ती गेस्सा।

म आयाको छौं

खसानी अनुवादः जगत वाशिष्ठ

पड्नै लाग्याको ढोल
पग्लनैं लाग्याको हिउँ
मुख बाउँदा बाउँदाई पड्याको गाँस
लेख्नै आट्याको अदै नलेखियाको शिलोक
धेक्याका छौ तमीले ?
म त्यइ गाँस हौं
त्यइ शिलोक
त्यइ हिउँ हौं ।
स्हुःइनाई स्हुःइनाको धजापरगाला
घाऔं घाको कथा
बाचाइ बाचाको धगुडाई
क्या था छ तमीकन ?
म त्यइ स्हुःइना हौं
त्यइ बाचा
त्यइ धगुडाइ हौं ।
एकलौट्या छन्
स्हाःजी र भै
लेन्द्या र बित्यास
कबल र नियाँ
पेट कपटि र लोकतन्त्र
ट्यामले ओडारभित्तको
पहन नफेर्याका बेला
कैथो लागला बन्दुकको गान ?
आजौडाको एल्गोरिदम भन्न्याँको शान ?
भयापिन म आयाको छौं
नापा उज्यालो गाउँन
होला होला भन्न्याँ कुडाको जगट्टा स्हःमाउन
डार्क पिआरभन्न्याँको
बदिलो बयालाकन बाण भै छेल्न ।

म आया' छु

डोट्याली अनुवाद : गिरिराज जोशी

झड्डइ लागेको पखान
पगल्लइ लागेको हिउँ
मुख बाउना-बाउनाइ झडेको गास
लेखन्छु भन्ना-भन्नाइ नलेखिखयेको कविता
धेक्या' छउ तमुले ?
म त्यइ गास हुँ
त्यइ कविता
त्यइ हिउँ ।
सुइनाइ सुइनाकी नेजा
घाःइ घाःकी बाःत
मनसुबाइ मनसुबाकी चलाइ
चेत छन् तमु ?
म त्यइ सुइनो हुँ
त्यइ मनसुबा
त्यइ घाः ।
येक्किनाइ छन्

छारी रे तरास
ल्हेन्देइ रे बित्यास
भाकलइ रे न्याःइ
भितरी कुरडी रे लोकको राज
बखतले सुरुङभितरका सासको वास्ता नअरेकी बखत'
कसो लागन्छ बन्धुकको गीत
अल्गोरिदमको मगज
तसो भये लइ म आइरइछु
केइ उजालो गाउनाखिलाइ
भरमको झाँकरो समाउनाखिलाइ
गड्ड पिआरका बतासस‌ङ
लट्टाउँज अद्दाखिलाइ ।

मुई आयाको छौं

बैतडेली अनुवाद : वासुदेव पाण्डेय

झड्डै पस्यो पखान
पगल्लै पस्यो हिउँ
खाप आँ गरन्ज्या झण्यो गास
लेख्खौ भण्णा भण्णाइ नलेखियाको कविता
धेक्या छ तमले ?
मुई उस गास हौं
तोई कविता
तोई हिउँ ।

सुइनाइ सुइनाइ नेजा
घाइ घाकी कथा
सङ्कल्पै सङ्कल्पको यात्रा
था छ तमलाई ?
मुई तोई सुइना हौं
तोइ सङ्कल्प
तोइ घा ।
एकै भयाका छन्
छार रे तरास
ल्हेन्दे रे बित्यास
भक्कल रे निसाप
रहस्य रे लोकतन्त्र
समयले सुरुङभितरको
सोसालाई वास्ता नगरेकी बेला
कसो लागन्छ बन्दुको गीत
एल्गोरिदमको शान ?
तबलै मुई आयाको छौं
थोक्कोइ उजालो गौन
भरमका झकरा समौन
डार्क पिआरको
जोरका बतासिसत कुस्ती खेल्ल ।

हम आएल छी

मैथिली अनुवादः रमेश रञ्जन

खसबाक हेतु उद्यत चट्टान
पिघलबाक लेल उद्यत वर्फ
बाओल मुँह नइँ पहुँच सकल कौर
नेयारे नियारमे नइँ लिखल गेल कविता
देखने छियै अहाँ ?
हम ओएह कौर छी
ओएह कविता
ओएह वर्फ ।

सपने सपनाक ध्वजा
घाउअे घाउक कथा
संकल्पहि संकल्पक यात्रा
बूझल अछि अहाँके ?
हम ओएह सपना छी
ओएह संकल्प
ओएह घाओ
एकाकार अछि
राख आ सन्त्रास
ल्हेन्दे आ विनाश
मनता आ न्याय
रहस्य आ लोकतन्त्र
समय सुरङ भितरक
साँस इग्नोर करबाक अवस्थामे
केहन लगैछ बन्दुक गान ?
एल्गोरिदमक शान ?
तैयो हम आएल छी
किछु इजोत गएबाक लेल
भ्रमक जट्टा पकड़बाक लेल
डार्क पिआरक तिव्र हवासंग कुस्ती खे
लबाक लेल

(नोट :हिमताल फुटलाक ल्हेन्दे नदीमे आएल बाढ़िसँ नेपालमे महाविनाश आएल छल ।)

म आयाको छौं

बाजुरेली अनुवादः डा नारायण रेग्मी

झड्न लाग्याको पख्खान
पग्लन लाग्या हिउकक
मुख हकका हकका गद्दै झड्याको गास
लेख्थो भन्दाभन्दै नेलेख्याको कविता
धेक्याको छौ तमिले ?
मु त्यइ गास हौं
त्यइ कविता
त्यइ हिउकक ।
सुइनै सुइनाको धजा
चोटै चोटको कथा
कबोलै कबोलको यात्रा
था छ तमिकन ?
म त्यइ सुइना हौं
त्यइ कबोल
त्यइ चोट ।
एकाउककदै भयाका छन्
खरानी र भ्याइ
ल्हेन्दे र बरबाद
भाकल र निसाफ
अचम्म र लोकतन्त्र
कालबख्तले सुरूंगभित्तको
सासकन वास्ता नगर्याको बेला
कइतो लाग्दोछ बन्दुकको गाना ?
एल्गोरिदमको फुई ?
ज्या भयापन म आयाको छौं
नापा उज्यालो गाउन
शंकाको जिगिट्टा समात्न
डार्क पिआरको
हुइंकिन्या बतासिसत कुस्ति खेल्न ।

हम आयल छि

बज्जिका अनुवाद : शीतल गिरी

गिरे-गिरे भेल चट्टान
पिघले-पिघले भेल हिउँ
मुहमे आएला प भी गिरर कौर
लेखम कहलेरही तब भी नखिएल कविता
दिखाइदेले हँ तोरा के ?
हम उही कौर छि
उहे कविता छि
उहे हिउँ छि।

सपना हि सपनाको पताका
घाव हि घावके कथा
संकल्प हि संकल्पके यात्रा
मालुक हँ तोरा के ?
हम उहे सहना छि
उहे संकल्प
उहे घाव।

एकाकार हय
राख आँ डर
ल्हेन्दे आ बरवाद
भाकल आ न्याय
दुर्बोध तत्त्व आ लोकतन्त्र
समय सुरङभितरके
सासके इग्नोर करल समयमे
कइसन लागलई बन्दुकके गान ?
एल्गोरिदमके शान ?
तबभी हम आयल छि
कुछ इजोत गाएके लेल
भरमके उखाडेके लेल
डार्क पिआरके गरम हावाके साथ
पहलमानी करेके लेल।

हम एलिए छै

मुसहरिया अनुवादः गोपाल नेपाल

खसल लगल पत्थल
पिगल लालल हिउँ
मुहुस गिरल गाँस
परयतनरत, नै लिखल कविता
तुमसब देखने छै ?
हम वोहा साँस छै
वोहे कविता
वोहे हिउँ।

सबटा सपनाके ध्वजा
घाउके कथा
संकल्पके यात्रा
तोरा मालुम छै ?
हम वोहे सपना छै
त्याहा संकल्प

त्याहा घाउ।
एकाकार छै
खरानी आर सन्तरास
लेहेन्दे आर वित्यास
कबुला आर न्याय
रहस्य आर लोकतंतर
समयेने गुफा भितरके
श्वासके बेमतलबी बनैके बखत
केहेन लागै छै बन्दुकके गाना
एल्गोरिदम के शान
तथापि हम एनेछिए
कनिटा उज्योत गाऔले
भरमके कपाड उखाडैले
डार्क पियारके
बहाइरसंगे कुस्ती मारैले।

मुइ आसिसु

राजबंशी अनुवाद : भीमराज राजबंसी

गिरबाय लागिसिले चट्टान
पिघलिते छिले बरफ
मुख मेलते मेलते परिल गाँस
लिखिम लिखिम कहते निलिखाल कविता
तुइ कि देखिछिस ?
मुइ अइड गाँस छुंकु
अइखान कविता
अइला बरफ ।
सपनाय सपनायरे धुजा (झन्डा)
घाउरे घाउर काथा (कहिनि)
संकलपे संकलपेर जातरा
मालुम छे तोक ?
मुइ अइला सपना छुंकु
अइला संकलप
अहिला घाअ ।
एकिठिना मिलाल छे छाउर (मुसि) आर्ह डर
ल्हेन्दे लदिर दुख (संकट)
भाकल आर्ह न्याय
रहस्य आर्ह लोकतन्त्र
बेला ड सुरुङ्गेर भितरेर
सांसडक बेबास्ता करबार खुनी
किरंग लागेछे बन्दुकेर गान
एल्गोरिदमेर सान ?
तेइहोक ते मुइ आसिसु
कुछु जन्हाँक गिदाबा
भरमेर खप्पा पकरिबा
डार्क (काल) पि आरेर जोरसे बहबार
हाबा खान से कुस्ति खेलबा ।

मइ आइलक बाटौं

कुमाल अनुवाद : तिलक कुमाल

खसइके लागलक चट्टान
पग्लइके लागलक हिउँ
मुख बाइतइ बाइतइ खसलक गास
लेखइनु कहतै कहतै निलेखिएलक कबिता
भाल्लक बाट तोरुले ?
मइ तेइ गास होकौ
तेइ कबिता
तेइ हिउँ ।

सपना ज सपनाक पताका
घाउ ज घाउक काहानी
कसमै कसमक यात्रा
थाहा बाटै तरुके ?
मइ तेइ सपना होक
तेइ कसम
तेइ घाउ ।
एक डीक्का बाटन्
खरानि र संतरास
ल्हेन्दे र बित्यास
भाकल र न्याई
रहस्य र लोकतन्तर
बखतले सुरुङभितरक
सासके बेवास्ता करलक बखत
कसन लाग्ला बन्दुक गान ?
एल्गोरिदमक सान ?
तेइ पिनि मइ आइलक बाटु
केई उजेलो गाएके
हाउवक जगल्टा समाएके
डार्क पिआरक
तेजिलो बायुसिन् कुस्ती खेलइके ।

मएँ आओ हओँ

रानाथारु अनुवाद : कमलसिंह राना

गिरनए लगो चट्टान
किमलहन लागो बरफिलो पहाड
मुहए मे पुगतए पुगत गिरगओ खानु
लिखङ्गो कहतए कहत नालिखो कबिता
देखे हओ तुम ?
मए बहे खानु हओँ
बहे कबिता
बहे बरफिलो पहाड ।

सपना और सपनएसे भरो खप्पड
घावअए घावसे भरो कथा
संकल्पए संकल्पको यात्रा
पता हए तुमके ?
मए बहे सपना हओँ
मए बहे संकल्प हओँ
बहे घावँ त्यही घाउ ।
एकाकार हएँ
भुवा और डर
ल्हेन्दे और बिगार
सौरन और न्याय
रहस्य और लोकतन्त्र
समय सुरुङ भितरको
सासके मतलबए ना करो दिन
कइसो लगत हए बन्दुकको गान ?
एल्गोरिदमको शान ?
पर मए आओ हओँ
कुछ उजियारो गान
भरमको गुठलि पकडन
कारो धुधियानो पिआरको
तेज हवा सँग लडाइ करन ।

म आयाउ छु

सिम्ताली अनुवाद : डा.जीवेन्द्र देव गिरी

खस्नै लाग्याउ ढुङ्डाउ पअरो
पग्लिनै लाग्याउ हिउँ
मुख ब्वाउँदा ब्वाउँदै खस्याउ गास
लेख्छु भन्नाभन्नै नलेक्ख्याउ कविता
देख्या छो तमीले ?
म त्यै गास हुँ
त्यै कविता
त्यै हिउँ ।

स्विनैस्विनाउ धजा
घावैघावउ कथा
वाचैवाचाउ भर्मन
था. छ तमीन
म त्यै स्विना हुँ
त्यै वाचा
त्यै घाउ ।
एउटै भया छन्
खरानी र ठुलो तरास
ल्हेन्द्या र बिपत्
भाकल र न्या
रअस्य र लोकतन्त्र
समले सुरुङभिर्तउ
सासन निस्किन नदिया बेला
कस्तो लाग्छ बन्नुक गान ?
एल्गोरिदमउ सान ?
तबरि म आयाउ छु ।
क्यै उज्यालो गाउन
भरमको जगल्टा समाउन
डार्क पिआरको
जोरदार हवासित कुस्ती खेल्न ।

(बंगाली तथा देवनागरी लिपि)

আমি এসেছি

পতনোন্মুখ এক শিলা
গলতে চলা বরফ
মুখ খোলার মুহূর্তে ঝরে পড়া এক গ্রাস
আমি লিখছি বোলতে বোলতে নালেখা
কবিতা,
তা কি তুমি দেখেছো?
আমিই সেই গ্রাস
সেই কবিতা
সেই বরফ।

একটি স্বপ্ন হলো স্বপ্নের পতাকা
একটি ক্ষত হলো ক্ষতের গল্প
সংকল্প এই সংকল্পের যাত্রা
তুমি কি জানো?
আমিই সেই স্বপ্ন
সেই সংকল্প
সেই ক্ষত।

এক হয়েছে
ছাই আর আতঙ্ক
লহেন্দে আর বরবাদী
মানত আর ন্যায়বিচার
রহস্য আর গণতন্ত্র
যখন সময় সুড়ঙ্গের ভেতরের
শ্বাসকে উপেক্ষা করে
বন্দুকের গান শুনতে কেমন লাগে?
অ্যালগরিদমের মহিমা?

তবুও, আমি এসেছি
কিছু আলো গাইতে
বিভ্রমের আলো ধরতে
ডার্কপিয়ার এর তেজ বাতাসের সাথে
কুস্তি করতে।

অনুবাদক:
ডাঃ সত্য প্রকাশ তিওয়ারি , কোলকাতা, ভারত

আমি এসেচী

পতনোন্মুখ এক শিলা
গলতে চলা বরফ
মুখ খোলার মুহূর্তে ঝরে পোড়া এক গ্রাস
আমী লিখচী বোলতে বোলতে না লেখা
কবিতা ,
তা কি তুমি দেখেচো ?
আমিই সেই গ্রাস
সেই কবিতা
সেই বরফ!

একটি স্বপ্ন হোলো স্পনের পতাকা
একটী ক্ষত হোলো ক্ষতের গল্প
সংকল্পই সংকল্পের যাত্রা
তুমি কি জানো ?
আমিই সেই স্বপ্ন
সেই সংকল্প
সেই ক্ষত ।

এক হোএচে ছাই আর আতংক
ল্হেন্দে আর বরবাদী
মানত আর ন্যাযবিচার
রহস্য আর গনতংত্র
জখন সময সুংড়ন্গের ভেতরের
শ্বাস কে উপেক্ষা কোরে
বংদূকের গান সুনতে কেমন লাগে ?
এল্গোরিদমের মহিমা ?

তোবুও আমি এসেচী
কিছু ভালো গাইতে
বিভ্রমের আলো ধরতে
ডার্কপিআর রের
তেজ বাতাসের সাথে কুশ্তী কোরতে।

অনুবাদক : डा. सत्य प्रकाश तिवारी

प्रा. डा. माधवप्रसाद पोखरेललाई 'साहित्य सन्ध्या-गोविन्द भट्ट स्मृति पुरस्कार तथा सम्मान' अर्पण

विगत चवालिस वर्षदेखि अविच्छिन्नरूपमा मासिक साहित्यिक गोष्ठी गरिरहेको, समसामयिक विषयमा बहस तथा छलफल गरिरहेको र विभिन्न स्रष्टालाई 'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान' अर्पण गरिरहेको साहित्य सन्ध्याको ४८१ औँ शृङ्खला असोज २४ गते अपराह्न १ बजे नेपाल प्रज्ञाप्रतिष्ठान, कमलादीको लेखनाथ कक्षमा विशेष समारोहका रूपमा आयोजना गरी विख्यात भाषावैज्ञानिक, प्रखर समालोचक एवम् सशक्त निबन्धकार प्रा.डा.माधवप्रसाद पोखरेललाई २०८२ सालको 'साहित्य सन्ध्या-गोविन्द भट्ट स्मृति पुरस्कार तथा सम्मान' अर्पण गरियो।

सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथिका रूपमा अङ्ग्रेजी तथा नेपाली साहित्यका विद्वान प्रा.डा.अभि सुवेदी उपस्थित हुनुहुन्थ्यो भने विशिष्ट अतिथिका रूपमा शान्ता मानवी र गङ्गाप्रसाद उप्रेतीको उपस्थिति रहेको थियो। अतिथिहरूमा प्रा.डा.जीवेन्द्रदेव गिरी, प्रा.डा.जगत्प्रसाद उपाध्याय 'प्रेक्षित', वासुदेव अधिकारी, प्रा.डा.देवी नेपाल, प्रा.डा.हेमनाथ पौडेल, प्रा.डा.माधवप्रसाद पोखरेल, विष्णु प्रभात, डा.हरिप्रसाद भण्डारी, प्रा.कोशराज न्यौपाने, प्रा.डा.लेखप्रसाद निरौला, प्रह्लाद पोखरेल, डा.राजेन्द्रप्रसाद अधिकारी, सामाजिक रूपान्तरण अभियानका अभियन्ता केशव बडाल, महेशराज खरेल, डा.कृष्ण सुवेदी, गोपाल बराल, डा.फणीन्द्रराज निरौला, प्रकाश सिलवाल, नन्दु उप्रेती, प्रा.मोहनप्रसाद तिमल्सिना, डा.सुमन ढकाल, डा.नवराज रिजाल, तेजविलास अधिकारी, खेमराज निरौलालगायत उपस्थित हुनुहुन्थ्यो।

उक्त समारोहको समुद्घाटन प्रमुख अतिथिले बिजुली बत्ती बालेर गर्नुभएको थियो भने उपस्थित सम्पूर्ण व्यक्तित्वलाई सन्ध्याकी सचिव जयन्ती स्पन्दनले स्वागत गर्नुभएको थियो । प्रा.डा.हेमनाथ पौडेलले विख्यात समालोचक, चिन्तक, निबन्धकार तथा कवि गोविन्द भट्टको जीवनी, व्यक्तित्व तथा कृतित्वका बारेमा विशद चर्चा गर्नुभएको थियो। त्यसैगरी २०८२ सालको साहित्य सन्ध्या-गोविन्द भट्ट पुरस्कार तथा सम्मान अर्पण गर्ने प्रयोजनका लागि सल्लाहकार प्रा.डा.जीवेन्द्र देव गिरीज्यूको संयोजकत्वमा जयन्ती स्पन्दन र गोपालकुमार मैनाली सदस्य रहेको 'स्रष्टा चयन समिति' गठन गरिएकोमा उक्त समितिले सम्मान तथा पुरस्कारका लागि व्यक्तित्व चयन गरी सिफारिस गरेको हुँदा स्रष्टा चयनको औचित्य तथा आधारका बारेमा संयोजकज्यूले पुरस्कृत हुनुहुने प्रा.डा.माधवप्रसाद पोखरेलको व्यक्तित्व तथा कृतित्वका बारेमा विशद प्रकाश पार्नुहुँदै नेपालको भाषाविज्ञानका क्षेत्रमा अनुसन्धान गर्नुभएका, विद्यालयदेखि विश्वविद्यालयसम्म र अन्तर्राष्ट्रिय विश्वविद्यालयसम्म अध्यापन गर्नुभएका माधव सर वास्तवमै नेपाल र नेपालीका गौरव हुनुभएको धारणा राख्नुभएको थियो।

वि.सं.२००५ मङ्सिर ७ गते सुनसरी जिल्लाको धरान, विजयपुरमा पिता गङ्गाधर पोखरेल तथा माता कृष्णादेवी पोखरेलको सुपुत्रका रूपमा जन्मिनुभएका प्रा.डा.माधवप्रसाद पोखरेल नेपाली वाङ्मयमा वरिष्ठ भाषाविद्, प्रखर समालोचक र आत्मपरक निबन्धकारका रूपमा सम्मानित र सुप्रतिष्ठित विशिष्ट व्यक्तित्व हुनुहुन्छ। 'नेपाली ध्वनिव्यवस्थाको प्रयोगात्मक विश्लेषण' विषयमा पुणे विद्यापीठ महाराष्ट्र,

भारतबाट प्रा.भास्कर रावको गुरुकुलमा विद्यावाचस्पति उपाधि प्राप्त गर्नुभएका उहाँले कोशविज्ञानलगायतका विषयमा भारतका प्रतिष्ठित संस्थाबाट विज्ञताको तालिमसमेत प्राप्त गर्नुभएको छ । सुप्रसिद्ध भाषावैज्ञानिक नोम चोम्स्कीसँग 'मिनिमलिस्ट प्रोग्राम'सम्बन्धी अध्ययन र जापानका विश्वप्रसिद्ध भाषावैज्ञानिक शिवातानीसँग वाक्यविज्ञान र अर्थविज्ञान तथा माचुमोतोसँग संज्ञानात्मक अर्थविज्ञानसम्बन्धी अध्ययन गर्नुभएका उहाँले जापानको कोबे विश्वविद्यालयबाट 'नेपाली तथा जापानी वाक्य व्याकरणको तुलनात्मक अध्ययन' एवम् 'नेपाली र जापानी कोटिकारको अवधारणामा समानता' विषयमा थप अनुसन्धानसमेत गर्नुभएको छ । चाइना इन्टरनेसनल बेइजिङमा र सेन्ट्रल इन्स्टिच्युट अफ इन्डियन ल्याङ्ग्वेजेज, मैसुर, इन्डियामा नेपाली भाषाविशेषज्ञका रूपमा समेत कार्य गरेर नेपाली भाषाको अध्ययन र अनुसन्धानलाई विश्वव्यापी तुल्याउन उहाँले निर्वाह गर्नुभएको प्राज्ञिक भूमिका महत्त्वपूर्ण र विशिष्ट छ। नेपाली, अङ्ग्रेजी, हिन्दी, संस्कृत, जापानी, प्राकृत, पाली, चिनियाँ, कुसुन्डा, मराठी, सिंहाली आदि भाषाका जानकारसमेत रहनुभएका उहाँले झापाको लाफाती र खोटाङको किराती भाषाको अन्वेषणसमेत गर्दै नेपालका ४० भन्दा बढी भाषाको स्थलगत अनुसन्धान पनि गर्नुभएको छ अनि अलिखित रूपमा रहेका नेपालका ६९ भाषाका लेख्य रूप पनि तयार पारिदिनुभएको छ । उहाँले तीन दर्जनभन्दा बढी विद्यावारिधि अनुसन्धानको निर्देशन गरेर, भाषाविज्ञान तथा समालोचनाका दर्जनौँ गहनतम अनुसन्धानमूलक लेख प्रकाशन गरेर, नेपाली भाषामा द्विरुक्ति प्रक्रिया, सङ्ख्या र सार्वनामिक शब्दका आधारमा नेपाली भाषिकाको निर्धारण, क्रियाको रूप र तत्त्वका आधारमा नेपाली भाषिकाको निर्धारण, वाक्यतत्त्वका आधारमा नेपालीका भाषिकाको सर्वेक्षण, उच्चारणका आधारमा नेपालीका भाषिकाको निर्धारण, नेपाली र मैथिलीका पदसङ्गतिको तुलना, नेपालका भाषामा आत्मनेपद र परस्मैपदका व्यतिरेकको अध्ययन, नेपाली शब्दको आवृत्तिगणना, नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षण, गोरखा भाषा व्याकरण चन्द्रिकाको भाषावैज्ञानिक अध्ययन, नेपाली भाषाका पारिभाषिक शब्दावली, नेपाली राष्ट्रिय दैनिक अखबारमा संस्कृत शब्दको आवृत्तिगणनालगायत दर्जनौँ गहनतम अनुसन्धान गरेरसमेत भाषिक क्षेत्रमा अतुलनीय कार्य गर्नुभएको छ।

नेपाल, भारत, जापान, चीन, स्विजरल्यान्ड, जर्मनी, अमेरिका र स्विडेनको भ्रमण गर्नुभएका उहाँका भाषाविज्ञान, निबन्ध र समालोचना विधाका दर्जनौँ कृति प्रकाशित छन् । जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास (पाँचओटा ठेली)लगायत दर्जनौँ कृतिको उहाँले उच्च बौद्धिकतापूर्ण सम्पादनसमेत गर्नुभएको छ । 'मेरो मान्छे' (२०५४), 'नागदहको थिति' (२०५९), 'गार्गीको गाँठो' (२०६२) नामक उच्च बौद्धिक विचार बोकेका कलापूर्ण आत्मपरक निबन्धसङ्ग्रहका माध्यमबाट उहाँले नेपाली निबन्धपरम्परालाई ओजपूर्ण र समृद्ध तुल्याउन महत्त्वपूर्ण योगदान गर्नुभएको छ । यसरी भाषाविज्ञानका साथै नेपाली निबन्ध र समालोचनाका क्षेत्रमा पुऱ्याउनुभएको अनुकरणीय, महत्त्वपूर्ण र विशिष्ट योगदानको उच्च सम्मान गर्दै प्रा.डा.पोखरेललाई वरिष्ठ साहित्यकार एवम् नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति गङ्गाप्रसाद उप्रेतीद्वारा स्थापित पचास हजार द्रव्यराशिको साहित्य सन्ध्या-गोविन्द भट्ट स्मृति पुरस्कार तथा सम्मान (२०८२) अर्पण गरिएको थियो । पुरस्कृत व्यक्तित्वलाई समारोहका अध्यक्ष राम विनयले माल्यार्पण, विशिष्ट अतिथि गङ्गाप्रसाद उप्रेतीले दोसल्ला ओडाएर सम्मानित गर्नुभएको थियो भने प्रमुख

अतिथि प्रा.डा.अभि सुवेदीलेले पुरस्कार राशि तथा सम्मानपत्र अर्पण गर्नुभएको थियो ।

गङ्गाप्रसाद उप्रेतीले साहित्य सन्ध्यासँगको सहकार्यमा गोविन्द भट्टका नाममा स्थापित यो पुरस्कार तथा सम्मान आज दोस्रोपटक अर्पण गरिरहिएको छ । गोविन्द भट्ट आफैंमा वैचारिक स्कुल हो भने साहित्य सन्ध्या विकट निरङ्कुश समयमा सप्तरीको राजविराजमा भाषा बचाऊ अभियानको रूपमा थालनी गरिएको र समयक्रममा त्यहाँ अध्यापन गर्ने तथा अध्ययन गर्ने काठमाडौंमा आएपछि साहित्यका माध्यमबाट रूपान्तरण अभियान सञ्चालन गरिरहेको र अविच्छिन्न रूपमा मासिक कार्यशाला सञ्चालन गरिरहेको विशिष्ट साहित्यिक संस्था हो । यसले प्रकाशन पनि गरिरहेको छ, विभिन्न व्यक्तित्वहरूसँगको सहकार्यमा र आफू एक्लैले सम्मानका कार्यक्रम पनि सञ्चालन गरिरहेको छ । गतवर्षदेखि गोविन्द भट्टको स्मृति दिवसकै दिन पारेर रु.पचास हजार राशिको 'साहित्य सन्ध्या-गोविन्द भट्ट स्मृति पुरस्कार तथा सम्मान' अर्पण गर्ने परम्परा बसालिएको हो । साहित्य सन्ध्याले आफ्नो गुणस्तर कायम राखेर, नेपाली साहित्यका क्षेत्रमा आआफ्ना क्षेत्रबाट विशिष्ट योगदान गरेका स्रष्टाको मूल्याङ्कनसमेत गरेर पुरस्कार तथा सम्मान अर्पण गरेकोमा मलाई अत्यन्त गौरवबोध भएको छ ।

आजको सम्मान तथा पुरस्कार भाषाविज्ञानका क्षेत्रमा, निबन्धका क्षेत्रमा र समालोचनाका क्षेत्रमा अत्यन्तै विशिष्ट योगदान गरिरहनुभएका प्रा.डा.माधवप्रसाद पोखरेललाई समर्पण हुनु भनै गौरवको कुरा हो । आजको यो विशेष समारोहले २०२५ सालमा झापाको धुलाबारीमा विशेष प्रकारको वैचारिक गोष्ठी भएको र सो समारोहमा गोविन्द भट्टको पनि उपस्थिति रहेको थियो अनि माधव पोखरेलज्यूको पनि उपस्थिति रहेको थियो । त्यो कार्यक्रम वैचारिक मानकीकरणको समारोह थियो, त्यसमा सहभागी भएका एकजनाको नाममा स्थापित पुरस्कार तथा सम्मान अर्का सहभागी व्यक्तित्वले प्राप्त गर्नु भनै गौरवको विषय हो भन्नुभयो र माधव सरको योगदान थप चुलिएर जाओस् भन्ने कामना पनि गर्नुभयो ।

सम्मानित व्यक्तित्व प्रा. डा. माधवप्रसाद पोखरेलले एकोहोरो काम मात्र गरिरहने मान्छेलाई साहित्य सन्ध्याले सम्झेकोमा हार्दिक धन्यवाद छ । राजविराजको समेत जोड्दा आधा शताब्दी बिताएको साहित्य सन्ध्यालाई यति लामो तर निरन्तर, अविच्छिन्न यात्राका निम्ति हार्दिक बधाइ छ । यो संस्थाले थुप्रै साहित्यकार जन्माएको छ, लेख्ने प्रेरणा प्रदान गरेको छ । यता गङ्गाप्रसाद उप्रेतीज्यूको संस्था स्थापनाकालदेखि आजपर्यन्त योगदान रहेको छ । साइनाले गोविन्द भट्ट मेरा भिनाजु पर्नुहुन्थ्यो । विश्वविद्यालयमा गोविन्द भट्ट र सरस्वतीप्रसाद घिमिरेको संस्कृत, नेपाली र अङ्ग्रेजी भाषासम्म शास्त्रास्त्र चलेको सुनेपछि यी मान्छे सारै विद्वान् रहेछन् भन्ने मलाई लागेको थियो । भट्टजीले दुईपटक गरेर लामो समय चीन बस्दा अत्यन्त गहन अध्ययन गर्नुभएको हो । उहाँहरू चीनबाट फर्केर धरान आएपछि छोरीहरू लुना र शिरीषलाई तीन महिना नेपाली पढाएर धरान बोर्डिङ स्कुलमा कक्षा ९ र ८ मा आफूले भर्ना गरिदिएको र पछि काठमाडौंको ल्याब्रोटरी स्कुलबाट लुनाले एसएलसीमा बोर्डफस्ट र शिरीषले बोर्डसेकेन्ड गरेका हुन् । लुनाले त तीन महिना मात्र पढेर धरानमा कक्षाप्रथम भएर उतकृष्टता नै प्रदर्शन गरेकी हुन् । यस्ता विद्वान् व्यक्तित्वको नामको पुरस्कारले आधा शताब्दी लामो अविचल यात्रा गरेको संस्थाले सम्मानित गरेकोमा म हार्दिक धन्यवाद दिन्छु भन्नुभयो ।

प्रा.डा.अभि सुवेदीले साहित्य सन्ध्याको चार दशकभन्दा लामो निरन्तरको सक्रियता अनुकरणीय छ । आज सम्मानित व्यक्ति

प्रा.डा.माधव्रसाद पोखरेल नेपालका अत्यन्त दुर्लभ, अथकित अनुसन्धानमा लागेका विद्वान् हुनुहुन्छ । उहाँ वैदिककालदेखि वर्तमानसम्म जोडेर आफ्ना अभिव्यक्ति र सन्दर्भलाई सार्थक पार्ने सामर्थ्यवान् विद्वान पनि हुनुहुन्छ। नेपालका जम्मा बोलिने भाषामध्ये आधाभन्दा बढीको नालीबेली जान्नु सामान्य र चानचुने कुरा हुँदै होइन । उता गोविन्द भट्टको लेखनक्षमता भने आफ्नो चेतनामा पाठकलाई प्रवेश गराउने मात्र होइन उहाँ सबैका रत्न व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ मार्क्सवादी चिन्तक हो, मार्क्सवाद भनेको दर्शन हो । पार्टीमा वैचारिक प्रयोगका आयाम हुन्छन् तर भट्टजी मार्क्सवादी सौन्दर्यशास्त्री हुन् र अहिले त्यस्ता मान्छेको खाँचो छ। धनवादी नभएर पनि एउटा यो देशकै गुणग्राही व्यक्तिका नाममा अक्षयकोष स्थापना गर्नेजस्तो सत्कार्यका लागि गङ्गाप्रसाद उप्रेती पनि विशेष धन्यवादका पात्र हुनुहुन्छ । यति महत्त्वपूर्ण समारोहमा उपस्थित भएर भूमिका निर्वाह गर्ने तथा आफ्ना धारणा राख्ने अवसर प्राप्त भयो त्यसका लागि पनि धन्यवाद दिन्छु।

साहित्य सन्ध्याले यो वर्षदेखि विद्वान् व्यक्तित्वले समय र मिहिनेत लगाएर कुनै विद्वान्को व्यक्तित्व तथा कृतित्वका बारेमा लेख्नुपर्ने तर यथोचित पारिश्रमिक दिननसकिने अवस्थालाई केही हदसम्म अन्त्य गरी न्यूनतम पारितोषिक प्रदान गर्ने, विद्वान् व्यक्तित्वसँग लिखितमा मागेर साहित्य सन्ध्याको मासिक प्रकाशन शब्द संयोजनमा प्रकाशित गर्ने र सङ्ख्या पुगेपछि कृतिका रूपमा प्रकाशित गर्ने लक्ष्य राखेर यसपटक प्रा.डा.हेमनाथ पौडेलज्यूलाई रु.५,०००।- पारितोषिक अर्पण गर्ने निर्णयानुसार प्रमुख अतिथिज्यूले उहाँलाई समर्पण गर्नुभयो।

समारोहका अध्यक्ष राम विनयले २०३३ सालमा राजबिराजमा गङ्गाप्रसाद उप्रेतीलगायतले साहित्यका माध्यमबाट नेपाली भाषा जोगाउने अभियानका रूपमा परिकल्पना गर्नुभएको र उहाँहरू तथा त्यहाँ अध्ययन गर्ने विद्यार्थी काठमाडौँ आएसँगै २०३९ पुस २ गते बुधवार नेपाल ल क्याम्पसको अनेरास्ववियु प्रारम्भिक कमिटीले साहित्यका माध्यमबाट सामाजिक रूपान्तरणको सोद्देश्यमूलक वैचारिक अभियानका रूपमा थालनी गरेको र एक वर्षपछि देखि नै वासुदेव अधिकारीलगायतले हाँकेको आन्दोलनका चार दशकभन्दा बढी समय व्यतीत भएका छन्।

यस संस्थाले अहिलेसम्म ७८ जना साहित्यकार तथा विशिष्ट व्यक्तित्वलाई साहित्य सन्ध्या पुरस्कार तथा सम्मानद्वारा सम्मानित गरेको छ भने 'साहित्य सन्ध्या-गोविन्द भट्ट स्मृति पुरस्कार तथा सम्मान' आज हामीले विशिष्ट विद्वान्लाई समर्पण गरेका छौँ। संस्थाको यति लामो इतिहास निर्माणमा योगदान गर्ने सबै सबैमा हामी हार्दिक धन्यवाद अर्पण गर्दछौँ र सबैको प्रेरणाले यो अभियानलाई निरन्तर अगाडि बढाइरहन्छौँ। आजको समारोहमा हाम्रो निमन्त्रणा स्वीकार गरी उपस्थित भइदिनुहुने सबैमा हार्दिक धन्यवाद अर्पण गर्दछौँ। २०२५ सालमा झापाको धुलाबारीमा सम्पन्न भएको पहिलो वैचारिक भेलामा तिनै गोविन्द भट्टको प्रेरणाले म पनि सहभागी हुने अवसर पाएको थिएँ र त्यहीँ मेरो गङ्गाप्रसाद उप्रेतीज्यूसँग भेट भएको थियो । आज मलाई ती इतिहासका दिनको पनि सम्झना भइरहेको छ । आज हामीले सम्मानित गरेका व्यक्तित्व प्रा.डा.माधवप्रसाद पोखरेल अर्थात् नेपालकै विशिष्ट विद्वान्ले हाम्रो निर्णय स्वीकार गरेर पुरस्कार तथा सम्मान ग्रहण गरिदिनुभयो, म आभार पनि प्रकट गर्दछु भन्नुहुँदै समारोहको समापन गर्नुभएको थियो।

क्यानभासमा पारिजात

काठमाडौं । 'क्यानभासमा पारिजात' एकहप्ते चित्रकला प्रदर्शनी म्हैपीस्थित पारिजात स्मृति केन्द्रमा हालै सम्पन्न भएको छ । नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका पूर्वकुलपति नारदमणि हार्तम्छालीले प्रदर्शनीको उद्घाटन गर्दै पारिजातका कृतिमाथि कलाकारले कलाकृति रचेर नयाँ कामको थालनी गरेको बताए । उनले एक स्रष्टाले अर्को स्रष्टाले रचना गरेको कृतिमा कलाकृति बनाउने कार्यले स्रष्टाबिच बुझाइको अन्तर छुट्याउन सकिने धारणा व्यक्त गरे ।

प्रदर्शनीमा सहभागी कलाकार सौरगङ्गा दर्शनधारीले एक स्रष्टाको रचनामाथि अर्को स्रष्टाले कला रचना गर्नु चुनौतीपूर्ण रहे पनि बुझाइ र भावनाको गहिराइलाई बोध गर्न भने सक्ने धारणा व्यक्त गरिन् । उनले भनिन्, 'रङ र रेखामार्फत पारिजातका कृतिलाई कलाकारले न्याय गरेको अनुभव गरैं ।'

चित्रकला प्रदर्शनी र कलाकारका बारेमा जानकारी दिँदै नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका पूर्वसदस्य सचिव देवेन्द्र थुम्केलीले स्रष्टाका कृति र रचनामाथि गरिएको चित्र सिर्जनाले नयाँ आयाम थपेको बताउँदै सामाजिक रूपान्तरण र जागरणमा यो कार्य फलदायी हुने विश्वास व्यक्त गरे । उनले भने, ' शब्दलाई रङ र रेखाका माध्यमबाट कलाकारले अर्को सिर्जनात्मक अभिव्यक्तिमार्फत प्रस्तुत गरेर स्रष्टा-स्रष्टाबिचको सिर्जनात्मक बुझाइको अन्तरलाई केलाएका छन् ।'

पारिजात स्मृति केन्द्र, पारिजातको कृतित्व र चित्रकलाका बारेमा प्रकाश पार्दै डा. महेश मास्केले पारिजातको कृतित्व र व्यक्तित्वलाई चिरस्थायी बनाउने कार्य कलाकारले चित्र रचनामार्फत गरेको बताए । उनले पारिजातको साहित्यिक योगदान, उनका




कृतित्व तथा साहित्य र चित्रकलाबिचको सम्बन्धबारे चर्चा गरे ।

पारिजात स्मृति केन्द्रका संरक्षक तथा संस्थापक अध्यक्ष सुकन्या वाइबाले पारिजातका कृतिमाथि कलाकृति रचना गरेर कलाकारले उनीप्रति न्याय गरेको बताइन् । पारिजात स्मृति केन्द्रकी अध्यक्ष इन्दिरा दलीले कलामार्फत पारिजातको व्यक्तित्व र कृतित्वलाई उचाइ दिने काम कलाकारले गरेको बताइन् । डा.अमृता शर्माले सहजीकरण गर्दै समता, न्याय र प्रगतिवादका बारेमा पारिजातले दिएको योगदानको चर्चा गरिन् ।

नेपाली साहित्यमा विशिष्ट योगदान दिएकी स्रष्टा पारिजातका कविता, कथा, उपन्यास, आत्मसंस्मरणलगायतको लेखनमाथि केन्द्रित रहेर १६ जना कलाकारले चित्र रचना गरेका थिए । प्रदर्शनीमा नारदमणि हार्तम्छाली, देवेन्द्र थुम्केली, एससी सुमन, पाल्साङ्मो लामा, प्रदिप अधिकारी, सौरगङ्गा दर्शनधारी, दिनेश्वर महतो, वासु क्षितिज,

केशवराज खनाल, डिबी भण्डारी, लिलाधर केसी, मोहन शिवाकोटी, किशोर रानाभाट, रसिकराज, मनरा प्रजापति र शोभा ढकालका कलाकृति राखिएका थिए । प्रदर्शनीमा आधुनिक समसामयिक, मिथिला, पर्वते तथा थाङ्का कला शैलीमा चित्रहरू रचना गरिएको थियो ।

नेपालको गम्भीर भूराजनीतिक अवस्थालाई शासकले बुझ्नु आवश्यक छ



❖ हिरण्यलाल श्रेष्ठ

लामो इतिहास बनाएको साहित्य सन्ध्याले आजको यो विशेष शृङ्खलामा अहिलेको अत्यन्त समसामयिक 'नेपालको भूराजनीतिक विशेषता र ध्यानदिनुपर्ने विषय'जस्तो गम्भीर विषयमा विशद चर्चा गर्ने कार्यक्रम राखेको र त्यसका लागि मलाई अवसर दिएकोमा हार्दिक धन्यवाद दिन्छु। वास्तवमै यो संसारमा कोही कुनै मुलुकले पनि भूगोल र छिमेकी परिवर्तन गर्नसक्तैन। हाम्रो मुलुक दुई ठुला मुलुकका बिचमा रहेको छ र स्वाधीन मुलुक भएकाले डाइनामिक ब्रिजको काम गरेको छ तर अहिले बफर स्टेट भनेर भ्रम छर्ने प्रयत्न गरिएको पाइए पनि हाम्रो मुलुक बफर स्टेट हुँदै होइन। एमसिसी आएपछि तीन ठुला मुलुकबिचको तरुलको अवस्था हुने भने देखिँदै छ । अहिलेको हाम्रो संसद्मा प्रोअमेरिकन सांसदहरू पुगेका छन्। नेपाल नरम छ तर यो कोमल तरुलको अस्तित्व भने ठुला मुलुकले स्वीकार गर्नु आवश्यक छ । हाम्रो मुलुकलाई सोध्दा पनि नसोधी हाम्रो भूमि प्रयोग गरेर भारत र चीनले कैलाश मानरोवरसम्म जाने बाटो निर्माण गर्नु बद्नियत हो। अहिले संसारमा वातावरणीय प्रदूषण ठुला मुलुकका कारणले भएको छ तर हाम्रो हिमाल नाङ्गियो भने भने वा हिउँरहित भयो भने कथित ठुला भनाउँदा मुलुकलाई पनि ठुलो असर पर्छ। हिमालको अन्तगर्भमा रहेका प्लेटहरूको घर्षणले भूकम्पीय जोखिम बढिरहेको तथ्य विज्ञानले नै पुष्टि गरिरहेको छ र यो भनेको पातालको द्वन्द्व हो।

सन १९५१ मा भारतले चिनियाँ सीमामा आक्रमण गर्‌यो र १८ ठाउँमा सेनाको टुकडी राख्यो तर सन १९६२ मा तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले आपत्ति जनाएपछि १७ ठाउँका सेना फिर्ता भए तर कालापानीका सेना फिर्ता भएनन्। लेपुलेकमै चीनविरोधी खम्पा विद्रोहीलाई नेपाली सेनाले समाप्त पारिदिएको र चिनियाँ सेनाले खम्पा ठानी नेपाली सेनामाथि आक्रमण गरी एकजना सैनिकको मृत्यु हुँदा नेपालले आपत्ति जनाएपछि चिनियाँ पक्षले नेपालको इतिहासमै लिखित क्षमायाचना गरेको छ । यति गम्भीर भूराजनीतिक

अवस्था नबुझेको वर्तमानको हाम्रो नेतृत्व नागरिककै तहमा सन्त्रास फैलाउन उद्दत रहेको देखिन्छ ! अहिले देखिएको शपथग्रहणकै दिनको धर्मसापेक्ष गतिविधि संविधानको मर्मविपरीत देखिन्छ। शासकको मैमत्त, भुइँफुट्टा र सर्वज्ञ शैली नेपालको भूराजनीतिसँग मेल नखाने खालको देखिएको छ। विधिको शासन भएन भने लोकतन्त्रको मर्ममा प्रहार हुन्छ। युक्रेनका जेलिन्स्कीको जस्तो छिमेकी चिढ्याउने काम उपयुक्त हुन्न । नेपालको भूमिमा विदेशी सेना परेड खेल्न दिइनु हुन्न, हुँदैन। वास्तवमा नेपाल शान्तिको क्षेत्र हुनुपर्छ। शान्तिको क्षेत्र बनाउनु भनेको सन १९५० को असमान सन्धिको विरोध पनि हो । राजदूत भनेका राष्ट्रका दूत हुन् र तिनीहरूको नियक्ति गर्दा विषयविज्ञको चयन गरिनुपर्छ। देशलाई आपत पर्दा देशका निम्ति लड्न तयार हुनेगरी युवालाई सैनिक तालिम दिइनु आवश्यक छ। 'आफ्नो देशको रक्षा आफ्नै जनताबाट' भन्ने नारा नै तय गरिनु उपयुक्त हुन्छ । हाम्रै देशमा पत्ता लागेको ग्यास उत्खनन गरी आयात प्रतिस्थापन गर्ने र कुनै मुलुकविशेषसँगको परनिर्भरता हटाउने काम गरिनु आवश्यक छ । युवालाई मुलुकको समृद्धिको पुल मान्नुपर्दछ र द्वन्द्वग्रस्त मुलुकमा नेपाली युवा पठाउने परम्परा बन्द गरिनुपर्दछ। साथै जलेको मुलुकको पुनर्निर्माणमा युवालाई लगाएर स्वदेशमै रोजगारी सिर्जना गरिनुपर्दछ । आइटीको क्षेत्रले पनि युवालाई रोजगारी सिर्जना हुनसक्तछ । त्यसैले राज्यका शासकहरू हाम्रो मुलुकको सम्वेदनशीलतालाई विचार गरेर अत्यन्त गम्भीर हुनु आवश्यक छ।

-रमेश पोखरेल (पूर्व राजदूत एवम् राजनीतिक विश्लेषक हिरण्यलाल श्रेष्ठले साहित्य सन्ध्याको ४७६ औँ शृङ्खलामा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)

सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ। यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

– शब्द-संयोजन परिवार

बाल अधिकारको रक्षा गरौं

- उचित वातावरण, पोषण, शिक्षा, खेल, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,



- शोषण, दुर्व्यवहार र बालश्रमबाट बालबालिकालाई बचाऔं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं ।


नेपाल सरकार

विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

जि.प्र.का.का. द.नं. ९४/२०६०/०६१ म.क्षे.हु.नि. द.नं. २०/०६९/७०





‘अविच्छिन्न प्रकाशन भइरहेको साहित्यिक पत्रिका शब्द-संयोजन मासिक’

खोजी खोजी पढ्नुहोस्’ ।